


जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक ५३ • २०८० साल असार २७ गते बुधबार (12 July, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-


## दुई लेखा अधिकृत पक्राउ

**टुडे समाचारदाता**

लहान । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुई लेखा अधिकृतलाई घुस रकमसहित मंगलबार नियन्त्रणमा लिएको छ ।

सिरहा र मोरङबाट दुई जना लेखा अधिकृतलाई घुस रकम सहित अख्तियारले पक्राउ गरेको छ ।



सडक डिभिजन कार्यालय,लहानका लेखा अधिकृत पदम विनोद पोखरेललाई १ लाख घुस रकमसहित पक्राउ गरिएको अख्तियारले जनाएको छ । सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानी दिने वापत उनले सेवाग्राहीसँग घुस रकम माग गरेका थिए ।

सेवाग्राहीले दिएको उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिएको टोलीले अधिकृत पोखरेललाई १ लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो । उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

यस्तै,मोरङ, सुन्दरहरैचा नगरपालिकाका लेखा अधिकृत शेखर ढकाललाई पनि अख्तियारले पक्राउ गरेको छ । नगरपालिका तथा वडा कार्यालयहरुमा भएको मर्मत सम्भार कार्यको भुक्तानी दिने प्रयोजनको लागि उनले सेवाग्राहीसँग २ लाख घुस रकम माग गरेका थिए ।

अख्तियारको इटहरी कार्यालयबाट गएको टोलीले अधिकृत ढकाललाई २ लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा नगरपालिकाको कार्यालयबाट पक्राउ गरेको छ । उनीमाथि पनि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

चालु आर्थिक वर्षको अन्तिम भुक्तानीको चेक काट्ने समय असार २४ गते मध्यरातिसम्म रहेको थियो ।भुक्तानीका लागि चेक बनाएर ठेकेदार र उपभोक्ता समितिबाट कमिशन लिएर मात्र चेक दिने गरिएको गुनासो बढेको छ ।

भुक्तानीका लागि कमिशन दिन नचाहने उपभोक्ता र ठेकेदारहरुले अख्तियारमा उजुरी दिएर कर्मचारीलाई पक्राउ गराउन थालेका छन् ।

उच्चस्रोतहरुका अनुसार उजुरी परेका निकायहरुमा अख्तियारको टोलीले निगरानी बढाएको छ । लेनदेनमा लेखा प्रमुख र प्राविधिक कर्मचारी बढी पर्न सक्ने बताइएको छ ।

उपभोक्ता र ठेकेदारबाट लेनदेनको काम लेखा र प्राविधिकहरुसित हुने गरेकाले उनीहरुमाथि नै बढी उजुरी परेको स्रोतले जनाएका छन् ।

असार महिनामा धमाधम लेखा प्रमुखहरु पक्राउ पर्न थालेका छन् । यसअघि महोत्तरीको सम्सी गाउँपालिका र सिम्रौनगढ नगरपालिकाका लेखा प्रमुख पक्राउ परेका थिए ।

### खर्च कटौतीमाथि छलफल

## योजना हटाइएको विरोधमा सांसदहरु आक्रोशित

**कमलेश ठाकुर**

जनकपुरधाम । मधेश प्रदेशसभामा खर्च कटौतीको प्रस्तावमाथि मंगलबार छलफल भएको छ ।

छलफलमा भाग लिएका अधिकांश सांसदले योजना कटौतीप्रति असन्तुष्टि जनाएका छन् । सांसदहरुले आफूहरुको योजना कटौती गरिएको भन्दै संसदमै तुस पोखेका थिए । बजेट मन्त्रीमुखी र निर्वाचन क्षेत्र केन्द्रित रहेको उनीहरुले आरोप लगाए ।

प्रमुख प्रतिपक्ष नेकपा एमालेका सांसद राजकुमार लेखीले वन तथा वातावरण मन्त्रालयको विभिन्न शीर्षकमाथि खर्च कटौती प्रस्ताव गरेका थिए ।

उनले खर्च कटौतीको प्रस्तावमाथि बोल्दै हरित पार्क निर्माणको लागि छुट्याइएको रकम अपुग हुने बताए ।

हचुवाको भरमा बजेट विनियोजन गरिएको उनले आरोप लगाए । हरित पार्क निर्माणमा उनले एक रुपैयाँ राखे । 'हरित पार्क निर्माणको नाममा मजाक भइरहको छ,'उनले भने,'वडाले गर्ने काम प्रदेश सरकारको बजेटमा राखिएको छ ।' पाँच लाखदेखि ३० लाख यस शीर्षकमा बजेट राखिए पनि योजना अधुरै रहने र सरकारको लक्ष्य पूरा नहुने उनको कथन छ ।



नीति तथा कार्यक्रमसँग बजेट मेल नखाएको उनले बताए । बजेट सन्तुलित पनि नदेखिएको उनले गुनासो गरे । एउटा निर्वाचन क्षेत्रमा मात्रै केन्द्रित भएर बजेट बनाइएको उनले बताए । विकास निर्माणको काम गर्दा भौतिक संरचनाले मात्रै प्रदेश समृद्ध नहुने उनले जिकिर गरे ।

सरकारले मानव विकासको क्षेत्रमा पर्याप्त बजेट नदिएको र लक्षित वर्गमा पनि सरकारको लगानी कम रहेको उनले बताए । शिक्षा क्षेत्रमा प्रदेशको कुल बजेटको ४० प्रतिशत छुट्याउन उनले माग गरे ।

भौतिक पूर्वाधार मन्त्रालयको विविध शीर्षकमाथि खर्च कटौतीको प्रस्तावमा बोल्दै एमालेकै सांसद दीपेन्द्र ठाकुरले सांसदकै योजना काटिएको भन्दै आपत्ति जनाए । सांसदको योजना काटिएको र बिचौलियालाई करोडौंको योजना दिइएको उनले आरोप लगाए । गोष्ठी, सभाको नाममा राखिएको बजेट कटौती गर्न उनले माग गरे । आर्थिक वर्षको अन्तिममा सवारी खरिद गरिने जस्ता काम रोक्नुपर्ने उनले बताए । यसले सरकारको पैसा दुरुपयोग भएको उनको तर्क छ ।

जनमत पार्टीका सांसद अनिता कुमारी साहले पनि योजना कटौती भएको भन्दै आपत्ति जनाइन् । शिक्षा स्वास्थ्यमा महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ मा कुनै योजना नदिएको उनले गुनासो गरिन् ।

मन्त्रीमुखी बजेट भएको उनले आरोप लगाउँदै सरकारले सांसदलाई उपेक्षा गरेको बताइन् । प्रदेशको राजधानी सबैभन्दा फोहोर भएको भन्दै उनले लज्जाबोध हुन थालेको बताइन् । फोहोर र लामखुट्टे समस्या समाधान गर्ने बजेट समावेश गर्न उनले माग गरिन् ।

यस्तै,जनता समाजवादी पार्टीकी सांसद किरण कुमारी यादवले सरकारको लोकप्रियतामाथि प्रश्न उठिरहेको बताइन् । मिटरब्याजी विषयमा प्रदेश सरकारले कुनै योजना र नीति नल्याएकोमा असन्तुष्टि जनाइन् ।

बैंक र सहकारीले जनतालाई सहज सेवा दिने विषयमा केही योजना आउनुपर्ने उनको अपेक्षा थियो । पोखरी सौन्दर्यकरण र सफाइ अभियानमा फितलो देखिएको उनले बताइन् । सौन्दर्यकरण योजनाको जिम्मेवारी महिलालाई दिन उनले माग गरिन् ।

नेकपा माओवादी केन्द्रकी सांसद माला कर्णले उद्योग स्थापना गरिने योजना नराखिएको गुनासो गरिन् । वन मन्त्रालयमा सबैभन्दा कम बजेट सप्तरीमा छुट्याएको बताइन् । आफ्नो योजना कटौती बारे उनले पनि आपत्ति जनाइन् । कृषि मन्त्रालयमा बढी अवण्डा रकम देखिएको र, त्यो रकम कसरी कुन आधारमा खर्च गरिने भनेर उनले जिज्ञासा राखिन् ।

संसदीय विकास कोष रकम बढाउन उनले माग गरिन् । मन्त्रालयको बजेट कटौती गरिएको र मन्त्रीमुखी देखिएको हुनाले यी रकम बढाउनुपर्ने उनको तर्क छ । सञ्चार क्षेत्रमा दिइएको बजेट थप्न उनले अनुरोध गरिन् । सञ्चार क्षेत्रको बजेट कटौतीले मर्यादित पत्रकारिता हुन नसक्ने उनले बताइन ।

### प्रदेश सभामा छानबिन समिति गठन

## चालु आर्थिक वर्षको रकमान्तर र सशर्त अनुदान तारो

**टुडे समाचारदाता**

जनकपुरधाम । अर्थमन्त्री संजय कुमार यादवले बजेट प्रस्तुत भइसकेपछि रकमान्तर गरेको विषयलाई छानबिन गर्न मधेश प्रदेशसभामा समिति गठन भएको छ ।

मंगलबार प्रदेशसभामा सबै दलको प्रतिनिधित्व हुने गरी दश सदस्यीय विशेष छानबिन समिति गठन भएको छ ।



आगामी आर्थिक वर्षको बजेट प्रस्तुत भइसकेपछि असार २० गते अर्थमन्त्री यादवले जथाभावी रकमान्तर गरेको आरोप लगाउँदै छानबिन समिति गठन गर्न प्रदेशसभामा एमालेका सांसदहरुले माग गरेका थिए ।

अर्थमन्त्री यादवले कमिशन लिएर व्यापक योजना रकमान्तर गरेको उनीहरुले आरोप लगाएका छन् । संसदीय समितिले ०७९/०८० को कार्यक्रमहरु छानबिन गर्नेछन् ।

समितिमा स्वतन्त्र सांसदलाई सहभागी गराइएको छैन् । समिति साउन १ गतेदेखि काम थालेर दुई महिना भित्र प्रदेश सभामा प्रतिवेदन बुझाउनुपर्ने समयावधि दिइएको छ ।

उक्त समयभित्र समितिले प्रदेशसभामा प्रतिवेदन पेश गर्नेछन् । सो प्रतिवेदनको आधारमा दोषीलाई सरकारले कारबाही गर्नेछन् । सभामुखको निर्देशनमा समिति आफैले कार्यविधि बनाउने छन् । समितिको सदस्यबाट एक जनालाई सभापति बनाइने सभामुख रामचन्द्र मण्डलले घोषणा गरे ।

समितिलाई आवश्यक परे कागजात माग गर्ने, स्थलगत निरीक्षण गर्न र विज्ञको राय सुझाव पनि लिने व्यवस्था गरिएको छ । समितिमा नेकपा एमालेका सांसद दीपेन्द्र कुमार ठाकुर,नेपाली काँग्रेसका नागेन्द्र प्रसाद साह, जनता समाजवादी पार्टी (जसपा)का राजकुमार गुप्ता, जनमत पार्टीका शम्भुकुमार साह, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का उपेन्द्र महतो, नेकपा माओवादी केन्द्रका जवाहर प्रसाद कुशवाहा, एकीकृत साजवादीका कनिश पटेल, राप्रपाका कञ्चन विच्छा, नेपाल संघीय समाजवादीकी विमला अन्सारी र नागरिक उन्मुक्तिकी उर्मिला देवी सिंह छन् ।

मंगलबारको प्रदेशसभा बैठकमा सुरुमै मुख्यमन्त्री सरोज कुमार यादवले विशेष समय लिएर सरकारमाथि उठेको प्रश्नहरुको जवाफ दिएका थिए । सरकारको पक्षबाट भ्रष्टाचार नहुने र कसैलाई भ्रष्टाचार गर्न छुट नदिइने मुख्यमन्त्री यादवले प्रतिबद्धता जनाए ।

रकमान्तर र सशर्त अनुदानको विषयमा विशेष छानबिन समिति गठन गरी सत्य बाहिर ल्याउने र दोषीलाई कारबाही गरिने उनले बताए । योजना भुक्तानीमा कर्मचारीले कमिशन मागेको भए प्रमाणसहित दिन समेत उनले सभासदहरुलाई आग्रह गरे ।

सरकारले पछिल्लो समय छानबिन समिति गठन गरे पनि प्रभावकारी देखिएको छैन् । यसअघि बक्यौता भुक्तानी विवाद र सशर्त अनुदानको विषयमा पनि सरकारले छानबिन समिति गठन गरेको थियो । तर समितिको काम प्रभावकारी देखिएको छैन् । आवाज दबाउनको लागि सरकारले छानबिन समिति गठन गर्ने गरेको नागरिकको गुनासो छ ।

अनियमितता हुने अधिकांश योजनाहरु सभासदको रहने र सभासदहरुले नै छानबिन गर्ने भएपछि 'दुधको चौकीदार बिरालो' भएजस्तै रहेको प्राध्यापक परमेश्वर कापडीले बताए ।

'स्वतन्त्र छानबिनका लागि स्वतन्त्र समिति गठन हुनुपर्छ' उनले भने, मधेश प्रदेशमा छानबिनको नौटंकी पुरानै हो ।

मधेश प्रदेशको स्थापनाकालमा संरचना मर्मत संभार लगायतका खरिदमा व्यापक आर्थिक अनियमितता भएको आवाज उठेपछि बनेको छानबिन समितिले दिएको प्रतिवेदनमा अनियमितता भएको उल्लेख गरी कारबाहीका लागि प्रदेश सरकारलाई सिफारिस गरिएको थियो ।

तर तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले कारबाहीको सिफारिसलाई अलपत्र पारेका थिए ।

सात प्रदेश मध्ये सबै भन्दा बढी छानबिन समिति मधेश प्रदेशमा बनेका छन् ।बनेका समितिहरु मध्ये सभासदहरुको बक्यौता रकम भुक्तानीको प्रतिवेदन बनाउने संसदीय समितिको प्रतिवेदन बाहेक हाल सम्म कार्यान्वयन भएको छैन् ।

आर्थिक अनियमितताको आवाज उठ्न थालेपछि प्रदेश सभाले छानबिन समिति गठन गरी त्यसलाई ढाकछोप गर्दै आएको छ ।

पछिल्लो पटक बनेको समितिले पनि त्यस बाहेकको काम गर्नेमा विश्वस्त हुने आधार नरहेको कापडीले बताए ।प्रदेशको प्रज्ञा प्रतिष्ठान नै बजेट सिध्याउन असार २३ गते कार्यक्रम गर्ने मधेशमा सुशासनको कल्पना गर्न कठिन छ ।

## विदेह नपालाई अन्तरिम आदेशको निरन्तरता

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विदेह नगरपालिकाको सम्पन्न नगरसभा सन्दर्भमा उच्च अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिएको छ ।

असार १० गते सम्पन्न नगरसभाको बारेमा ऐन अनुसार जानकारी नगराइएको भन्दै नगरपालिकाका उपमेयर आशा देवी झाले उच्च अदालत जनकपुरमा रिट दायर गरेपछि अदालतले मंगलबार अन्तरिम आदेश जारी गरेको छ ।

उच्च अदालत जनकपुरले जारी गरेको परमादेशमा भनिएको छ-'स्थानीय सरकार सञ्चालन ऐन ०७४ को दफा १९ को देहाय ११ ले प्रदेश कानुनले सभाको बैठक सम्बन्धमा अन्यथा व्यवस्था नगरेसम्म मात्र लागु हुनेछ भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ ।'

प्रदेश सभाबाट बनेको गाउँ सभा/नगर सभा/ जिल्ला सभा कार्य संचालन कार्यविधि ऐन ०७७ को दफा ३ को उपदफा (१) र त्यसको प्रतिवन्धात्मक वाक्याश अन्तर सम्वन्धित रहेको ले यसै ऐनको उपदफा ६ बमोजिमको समय सीमा ७ दिन भित्र अगावै बैठक बस्ने सूचना दिनुपर्नेमा उक्त अवधि भित्रको सूचनासहितको कार्यसूची दिएको नदेखिएको र विदेह नगरपालिकाको प्रशासकीय अधिकृतवाट असार १० गते नगर सभाको बैठक बस्ने भनि असार ८ गते जानकारी दिएको भन्दै अन्तरिम आदेशलाई निरन्तरता दिइएको भनिएको छ ।

अन्तरिम आदेशको निरन्तरतासँगै विदेह नगरपालिकाको आगामी आर्थिक वर्षका लागि बनाइएको योजना, बजेट विनियोजन लगायतका कामहरु ठप्प भएका छन् ।

नेकपा एमालेबाट दोस्रो कार्यकालका लागि निर्वाचित भएका मेयर बेचन दासले नगरसभाका लागि आवश्यक प्रक्रियाहरु पूरा नगरेको अदालतको आदेशमा उल्लेख छ ।मेयर दासका भाइ लखन दास मधेश प्रदेशमा सभासद छन् ।




# प्रेस काउन्सिलले बनायो विज्ञ समूह, आचारसंहिता उल्लङ्घनमा विशेष निगरानी



काठमाण्डु । प्रेस काउन्सिल नेपालले सञ्चार माध्यममा आचारसंहिता उल्लङ्घनका घटनाको प्रवृत्तिगत समस्या केलाउन विज्ञ समूह गठन गरी काम सुरु गरेको छ।

वरिष्ठ पत्रकारहरू तारानाथ दाहाल, डा महेन्द्र विष्ट र बबिता बस्नेत संलग्न समूहले कार्य प्रारम्भ गरिसकेको काउन्सिलले जनाएको छ । दाहाल र विष्ट नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष हुनुहुन्छ । बस्नेत सञ्चारीका समूहका पूर्वअध्यक्ष हुनुहुन्छ।

छापा र प्रसारणसँगै डिजिटल सञ्चारमाध्यमबाट सार्वजनिक समाचारका विषयवस्तु, त्यसबारे जनगुनासो, उजुरी, आचारसंहिताको वर्तमान प्रावधान, काउन्सिलको नियमन, आगामी दिनमा चाल्नुपर्ने कदम समेतबारे विज्ञ समूहले अध्ययन गर्नेछ।

काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चारजगत्लाई मर्यादित, जिम्मेवार र विश्वसनीय बनाउन विज्ञ समूहबाट आउने सुझाव महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । "सञ्चार माध्यमका आकार, प्रवृत्ति र प्रस्तुतिमा आएका फरकपन, प्रविधिको विकासले अवसरसँगै चुनौती पनि थपेको छ । जनमानसमा गुनासा पनि बढेका छन् । यसलाई सही ढङ्गले सम्बोधन गर्न र काउन्सिलको कामलाई थप व्यवस्थित गर्न यो नौलो अभ्यास थालनी गरिएको हो र यो एक शृ‌ला मात्र हो", विज्ञ समूहको मङ्गलबारको बैठकमा अध्यक्ष बस्नेतले भन्नुभयो।

एक साताअघि बसेको काउन्सिलको आचारसंहिता अनुगमन उपसमितिको बैठकले १० दिनमा कार्य सम्पादन गर्ने गरी विज्ञ समूह गठन गर्ने निर्णय गरेको थियो।

अध्यक्ष बस्नेतको संयोजकत्वमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष एवं काउन्सिलका बोर्ड सदस्य विपुल पोखरेल, नेपाल बार एशोसिएसनका महासचिव अन्जिता खनाल, उपसमितिमा सदस्य रहनुभएका काउन्सिलका बोर्ड सदस्यद्वय दीपक पाण्डे र ठाकुरप्रसाद बेलबासे सहभागी बैठकले विज्ञ समूह गठन गरी जिम्मेवारी दिने निर्णय गरेको हो। रासस

# हेलिकप्टर दुर्घटनाबारे छानबिन गर्ने समिति गठन

काठमाण्डु। सरकारले मनाङ एयरको हेलिकप्टर दुर्घटनाबारे छानबिन गर्ने समिति गठन गरेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज बसेको मन्त्रिपरिषद्को बैठकले घटनाप्रति दुःख व्यक्त गर्दै छानबिन समिति गठन गरेको हो ।

मन्त्रिपरिषद्ले संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको नेतृत्वमा छानबिन समिति गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । सरकारका प्रवक्ता शर्माले भन्नुभयो, "मेक्सिकोका नागरिकहरू बोकेको मनाङ एयरको हेलिकप्टर दुर्घटना भएको छ, मन्त्रिपरिषद्ले सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ, पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको नेतृत्वमा एउटा छानबिन समिति गठन गरिएको छ।"

आज बिहान सोलुखुम्बुबाट काठमाडौँका लागि उडेको मनाङ एयरको एयरको ९-एन-एमभी कलसाइन हेलिकप्टर सोलुखुम्बुको लिखुपिकेमा दुर्घटना हुँदा मेक्सिकोका पाँच जना यात्रुर एक नेपाली पाइलटको मृत्यु भएको थियो ।रासस

# पानी नपरेपछि खडेरीको चिन्तामा किसान

महोत्तरी। असारे पानीमा रुझ्दै धान रोप्नुपर्ने बेलामा पानी नपरेकाले यहाँका किसान धान लगाउन नपाएपछि चिन्तित छन् । मध्य असारअघि धानको शाही (बीउ) रोपाइँ सकेर अहिले रोपो गोड्ने बेला धानको गाबो नै लाउन नपाएका यहाँका किसान खडेरीको चिन्ताले पिरोलिएका हुन् ।

"अई बेर मुँहमे माड लगवाक कोनो उपाय नई सुधैय" (यसपाली मुखमा माड लाग्ने केही उपाय देखिन्न) लामो सास फेर्दै महोत्तरीको भङ्गाहा-४ रामनगरका ६५ वर्षीय किसान गोविन्दलाल खाँ थारुले भन्नुभयो, "धानके गबो नई रोपायल, परिवारक प्रतिपाल केना होतै ?" (धानको गबो नै लगाउन पाइएन, जहान परिवारको गुजारा केले होला ?) । असार मास (महिना) मा चैत/वैशाखको जस्तो हुरहुरे बतासले धुलो उडाउनु खडेरी (अनिकाल) को कूलक्षण भएको थारुको चिन्ता छ। उहाँजस्तै यहाँका आम किसान अहिले मुख्यबाली भनिने धान लगाउन नपाएपछि चिन्तामा छन् ।

"अखाढ अन्तिम भगेल, ऐखनधैर रोप हरियाके चाही, मुदा अईबेर पाइनक अभावमे रोपनीए नई भसकल" (असार सकिनै लाग्यो, यतिखेर धानको रोपो हरियो भएर लहलहाउनु पर्ने हो, तर यसपालि पानी नभएर रोपाइँनै गर्न सकिएन) स्थानीय ७० वर्षीय रघुवर महराले पीडा पोख्नुभयो। झमझम असारे झरिमा रुझ्दै धान रोप्नु, गोड्नुपर्ने बेला प्रचण्ड घामले घरबाट निस्कन नसकिने भएको उहाँको भनाइ थियो ।

"अहिले त पहिलो रोपो लहलहाएर हरियो देखिनुपर्थ्यो । यतिबेलासम्म हामीले त धानको गब नै हाल्न पाएका छैनौँ", भङ्गाहा-४ रामनगरका ६५ वर्षीय किसान हरिदेव साहले भन्नुभयो, "मुख्यबाली धान नै लाउन नपाएपछि घरपरिवार/लालाबालाको प्रतिपाल खै कसरी गर्नेहोला ?" गत मङ्लबार रातिदेखि परेको पानीले अब झरी पर्ला भन्ने आशा जगाए पनि पानी पर्न नसकेर चिन्ता थपिएको उहाँको भनाइ थियो। "ढिलै भए पनि झरी लाग्लाजस्तो लागेको थियो, मङ्गलबारदेखि परेको पानी बुधबार मध्यान्हपूर्व हटेर टन्टलापुर घाम लाग्यो", मटिहानी-३ का किसान इलियास राइनले भन्नुभयो, "अब धान रोप्न पाइने आश छाडे हुनेभयो ।" असार सकिनै लाग्दासम्म बीउ रोप लाउन नसकिएको धानबाट उत्पाद पनि राम्रो नहुने उहाँले बताउनुभयो ।

यता हिउँदे धानखेतीमा जेठ मध्यअघि ब्याड राख्ने, असार मध्यअघि शाही (बीउ) रोप सक्ने र साउन मध्यअघि खरुअन (कलम,बीउ रोपको धान गाँजिएपछि उखेलेर रोपिने) तालिका छ। यसपाली पानीको अभावका कारण किसानले राम्ररी ब्याड राख्न नपाएको बताउँछन् । धानको हिले ब्याड राम्रो मानिए पनि पानी नभएपछि घर नजिक घुर्यानमा थोरथार राखिएको धुले बीउ पनि पानी बेगर पहेंलिएर धेरैजसो सुकेको किसानको दुःखेसो छ।

"अब त पानी परेपनि त्यो बीउ रोप्ने/नरोप्ने विचार गर्नपर्ने भएको छ । बीउमा हाँगा फाटिसकेकाले त्यति छिप्पिएको बीउ रोपेर के फल आउँला ?" बलवा नगरपालिका-११ भलनीका जगत यादवले भन्नुभयो ।

"वर्षाकाल (याम) भनिने असारमा दिनभरि प्रचण्ड घाम र रातभरि आकासमा झलमल्ल तारा देखिन्छन्", जलेश्वर नगरपालिका-६ का ८५ वर्षीय महेश्वर रायले भन्नुभयो, "अहिलेको दिन लक्षणले त असारको भनक नै दिदैन ।" महाकवि कालिदासले आफ्नो कालजयी कृति मेघदूतम्मा असार सङ्क्रान्तिका दिन नै आकाशमा पानी ल्याउने मेघ (बादल) देखिने चर्चा गर्नुभएको साहित्यमा रुचि राख्ने रायले स्मरण गर्नुभयो ।

"महाकवि कालिदासले ऋतु लक्षणका आधारमा असार लाग्नासाथै मेघ मडारिने र वर्षा सुरु हुने सन्दर्भ आफ्नो कृति मेघदूतम्मा जोड्नु भएको छ", रायले भन्नुभयो, "अब ती ऋतु विचार सान्दर्भिक देखिन, बुझिन छाडे ।" नेपाल सरकारको सहसचिवबाट अवकास लिनुभएका रायले अवकास पछिको जीवनलाई खेतीसँग जोड्ने योजना बनाए पनि मौसमले साथ नदिएको बताउनुभयो । प्राकृतिक सम्पदा, वनजङ्गल, पाखापहरा, नदी, खोल्साखोल्सी र नदी उकास क्षेत्रमाथि अनियन्त्रित खेलवाडले पुराना ऋतु लक्षणका मान्यता खण्डित हुँदै गएका उहाँको भनाइ थियो ।

यसपाली गत हिउँददेखि नै खडेरीको लक्षण देखिएको पाका किसान बताउँछन्। हिउँदभरि पानी नपरेर बितेपछि पानीका स्रोतका मूहान (नदी, खोल्साखोल्सी, इनार, बोरिङ, चापाकल, जरुवा) चैतदेखि सुक्दै गएका स्थानीय बताउँछन् । पानी अभावका कारण खेतीमा मात्र नभई पिउन पनि धेरै ठाउँमा खानेपानीको हाहाकार परेको थियो ।

सिँचाइको प्रबन्ध नहुनु, समयमा बीउ, मल नपाउनु र खेतीपातीका लागि सुलभ ऋण नपाउनुलगायत समस्या किसानले झेल्दै आएका बर्दिबास-९ पशुपतिनगर टोकीटोलका किसान रामचन्द्र थापा मगरले बताउनुभयो । "तीन तहका सरकार भए पनि किसानका हितमा उल्लेखनीय कुनै काम हुन सकेको छैन । सरकारले बर्सेनि बजेटमार्फत किसानका सहुलियतका लागि घोषणा गरेका कार्यान्वयको पक्ष फितलो छ", उहाँले भन्नुभयो ।

जिल्लामा करिब ७१ हजार हेक्टर खेतीयोग्य जग्गा रहेमध्ये ५० हजार हेक्टरको सेरोफेरो धान खेतीका लागि उपयुक्त मानिएको कृषि ज्ञान केन्द्र महोत्तरी, जलेश्वरले जनाएको छ। जिल्लाका कूल खेतीयोग्य जग्गामध्ये मुस्किलले १० प्रतिशत मात्र सिञ्चित (कुलो, नहरको पानी लाग्ने) छ । यसबाहेक सबै जग्गा आकासे पानीको भरमा खेती गर्नुपर्ने हुँदा किसानले जुनसुकै बालीको उपयुक्त बेलामा खेती लगाउन पाएका छैनन् ।

"उ..ल हेर्नुहोस्, हाम्रो ठाउँ त सिञ्चित भनिएको छ नि !", बर्दिबास नगरपालिकाका ७० वर्षिय किसान नरबहादुर पुलामीले भन्नुभयो, "प्रचण्ड घामले मुखको थुक त सुकाउने भयो, पानीको मुहान के टिक्थ्यो ?" पानीको मूहान सुकेर कुलो चल्न छाडेपछि कमिलाका ताँती हिँडेका उहाँले देखाउनुभयो ।

असार सकिनै लाग्दासम्म धान रोपाइँ पाँच/छ हजार हेक्टरमात्र रोपाइँ भएको केन्द्रले जनाएको छ । रोपिएको धानको रोपो पनि पछि पानी नपुग्दा पहेँलिँदै गएको कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत डा रामचन्द्र यादवले बताउनुभयो । उहाँले सिञ्चित जग्गामा पनि घामका कारण पानीका स्रोत सुकेकाले धान रोपाइँ पछि परेको बताउनुभयो ।

चुरे पर्वत् श्रेणीबाट झर्ने रातु, बडहरी, भब्सी, जङ्घा, मरहा, गणन्ता, ओक्सी, बिग्ही, खयरमारा, टुटेश्वर र बाँकेलगायत नदी जिल्ला भएर बग्दै एकअर्कोमा मिसिएर भारतको सीतामढी जिल्ला पुग्दछन् । जिल्लाको पूर्व-पश्चिम चौडाइभित्र प्रत्येक दुई किलोमीटरभित्र नदी परे पनि किसानको खेतमा पानी पुर्याउन नसकिएकामा यहाँका किसान कटाक्ष गर्छन् ।

जिल्लाभित्रका नदीबाट खेतबारीमा पानी पुर्याउने सपना कुनै तहका सरकारले आफूहरूलाई देखाउन नसकेका भङ्गाहा नगरपालिका-४ का किसान चन्देश्वर राय दनुवारको गुनासो छ । जिल्लाको मुख्यबाली धान प्रतिकूल मौसमले लगाउन नपाएपछि यसपाली अन्नको सङ्कट बढ्ने उहाँले बताउनुभयो ।

कृषि ज्ञान केन्द्र महोत्तरीका कृषि विज्ञले अझै पनि पानी परे नयाँ बीउ राखेर १५ दिनभित्र रोपाइँ गर्न सकिने बताएका छन् । पानी नपरे कम पानीमा गर्न सकिने धान बाली लगाउने तयारी गर्नुपर्ने विज्ञको सुझाव छ। हिँउदे लहरे तरकारी, कात्तिक लाग्दै गहुँ लगाउने तयारी गर्नुपर्ने भन्दै अन्य हिउँदे तरकारी बाली लगाए जाडो मौसम लागेपछि सिँचाइको अभावका कारण बाली डढ्ने स्थिति नरहने वरिष्ठ कृषि विकास अधिकृत डा यादवले बताउनुभयो ।

सर्वसाधारण किसानले भने आफ्ना जनप्रतिनिधिलाई सिँचाइका लागी पानीको व्यवस्थाका लागि विकल्पको खोजी गर्न आग्रह गरेका छन् । "सबै कुराको मुख्य जरो हाम्रा लागि खेती नै हो भन्ने कुरा हाम्रा जनप्रतिनिधिले बुझी दिन पर्यो", गौशाला नगरपालिकाको बटौवाका किसान लक्ष्मी महतोले भन्नुभयो, "खेतीका लागि सिँचाइ पहिलो प्राथमिकतामा पर्छ, यसको विभिन्न विकल्पबारे तीनै तहका सरकारले खोजी गर्नुपर्यो ।"

"पछिल्ला छ वर्षयता स्थानीय तहमा जनताका प्रतिनिधि आएका छन् । जनताका मर्का र समस्या तत्कालै बुझ्न, हेर्न सक्ने स्थानीय तहले पहलकदमी लिई दिनुपर्यो", बर्दिबास-९ पशुपतिनगरका किसान नथुनी महतोले बताउनुभयो । जिल्लाका १५ स्थानीय तहले कृषि लक्षित विभिन्न योजना घोषणा गरे पनि सिँचाइको उचित प्रबन्ध हुन नसक्दासम्म सबै योजनाहरू प्रभावकारी बन्न नसक्ने उहाँको भनाइ छ।

स्थानीय तहले फलफूलका बिरुवा बाँड्ने, नमुना बीउबिजन दिने र पशुपालक किसानलाई घाँसका बीउ/बिरुवा दिने गरे पनि दीर्घकालिन समस्या समाधानका लागि पहल नभएको भङगाहा-४ का किसान सत्यनारायण यादवले बताउनुभयो। उहाँले स्थानीय तहले किसानलाई आत्मनिर्भर बनाउन कृषि अभियान सञ्चालन गरी किसानलाई पनि उक्त अभियानमा सहभागी गराउनुपर्नेमा जोड दिनुभयो।

यसपाली असार सकिनै लाग्दासम्म राम्ररी पानी नपरेर धान बाली लगाउन नपाएपछि किसानले आफ्नो ठाउँलाई 'सुख्खा खडेरीग्रस्त क्षेत्र' घोषणा गरेर कृषिका अन्य अनुकूल योजना अघि बढाउन स्थानीय सरकार तथा जनप्रतिनिधिसँग माग गरेका छन् ।

"खडेरीग्रस्त क्षेत्र घोषणा गरेपछि यहाँका किसानलाई तत्काल राहत प्याकेज दिनुपर्यो । किसानका ब्याज मिनाहा गर्न, अब गर्नसकिने खेतीबारे प्राविधिक परामर्श र अनुदानमा रकम दिई कृषिमा लाग्न प्रेरित गर्नुपर्छ", अखिल नेपाल किसान महासङ्घ महोत्तरीका संयोजक पर्शुराम ठाकुरले भन्नुभयो । उहाँले केन्द्रीय सरकारसम्म किसानका माग पुर्याउन स्थानीय तह तथा जनप्रतिनिधिलाई आग्रह गर्नुभयो। रासस



# 'ऽ० प्रतिशत महिलाको सहभागिता गराउन निर्वाचनमा हुने विकृति रोक्नुपर्छ'

काठमाण्डु । प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिको बैठकमा ५० प्रतिशत महिलाको सहभागिता गराउन निर्वाचनमा हुने विकृति रोक्नुपर्नेमा जोड दिइएको छ। आज बसेको समितिको बैठकमा आमन्त्रित संविधानसभा सदस्य विन्दा पाण्डेसहित समितिका सदस्यले सो विषयमा साझा मत राख्नुभएको हो ।

'प्रस्तावित निर्वाचन व्यवस्थापन विधेयक' माथिको छलफलमा उहाँले निर्वाचनमा महिलाले अनावश्यक खर्च कम गर्न खोज्ने तर पैसाको बलमा चुनाव चलाउने विकृतिले महिलाको सहभागितालाई कमजोर बनाएको बताउनुभयो। बैठकमा संविधानसभा सदस्य पाण्डेले निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदामा थप गरिएका र स्पष्ट पारिएका प्रावधानमा लैङ्गिक दृष्टिकोणबाट एक कार्यपत्र प्रस्तुत गर्दै ५० प्रतिशत महिलाको सहभागिता सुनिश्चितका लागि बहस गर्न जरुरी रहेको बताउनुभयो ।

मस्यौदामा भएका सकारात्मक प्रावधान, संविधानको दृष्टिकोणबाट सुधार गर्नुपर्ने पक्ष, लैङ्गिक सहभागिता र मौलिक हक, मौलिक हक कार्यान्वयन र संवैधानिक व्यवस्था, मौलिक हकसम्मत बनाउनुपर्ने प्रावधान, संविधानसम्मत बनाउनुपर्ने प्रावधान, तिनै तहको भूमिका र सम्बन्धित निकायको भूमिका विषय कार्यपत्रमा प्रस्तुत गर्नुभएको थियो । समितिका ज्येष्ठ सदस्य सभापति रोशन कार्कीले बन्दै गरेको निर्वाचन विधेयकमा महिला र पुरुषको अवस्थाबारे जानकारी लिनु बैठकको ध्येय रहेकाले विधेयक आउनुपूर्व समितिको सुझाव संसद्मा दिन सान्दर्भिक रहने बताउनुभयो ।

समिति सदस्य तथा सांसद शोभा ज्ञवालीले चुनावमा जनस‌्याको आधारमा ५० प्रतिशत टिकट महिलालाई प्रदान गरी महिलाबीच प्रतिस्पर्धा गराएमा सहभागिता अभिवृद्धि गर्न सकिने बताउनुभयो। "चुनवमा एउटा दलबाट महिला सदस्य उठाएमा अर्को दलले पनि महिला नै उठाई उनीहरूबीच प्रतिस्पर्धा गराएमा महिलाको सहभागिता वृद्धि गर्न सकिन्छ", उहाँले भन्नुभयो ।रासस

# ललिता निवास प्रकरणमा दुई पूर्वकर्मचारी पक्राउ

काठमाण्डु । ललिता निवास जग्गा हिनामिना प्रकरणमा प्रहरीले मंगलबार थप दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा डिल्लीबजार मापलोत कार्यालयका तत्कालीन नायब सुब्बा योगराज पौडेल र खरिदार नारायणदास मिश्र रहेका सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जाकारी दिनुभयो। उनीहरूमाथि मन्त्रिपरिषदको निर्णयलाई अपव्याख्या गरेर सरकारी जग्गा व्यक्तिको नाममा बनाउन नक्कली फाइल बनाएको आरोप छ। त्यो फाइल तत्कालीन प्रमुख मालपोत अधिकृत कलाधर देउजा समक्ष पेस भएको पाइएको प्रहरीले जनाएको छ।

यसअघि आइतबार सिआइवीले सञ्चार मन्त्रालयका सचिव कृष्णबहादुर राउत, समरजङ कम्पनीका तत्कालीन प्रमुख लोकहरि घिमिरे र नापी अधिकृत ध्रुव अर्याललाई पक्राउ गरेको थियो। कीर्ते तथा सङ्गठीतरूपमा सरकारी जग्गा हिनामिना गरेको आरोपमा यसअघि पूर्वनिर्वाचन आयुक्त सुधीर कुमार शाह, भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ, पूर्व कर्मचारी धर्मप्रसाद गौतम र गोपाल कार्कीलगायतलाई पक्राउ परिसकेका छन् ।

प्रहरीले अहिलेसम्म १४ जनालाई पक्राउ गरिसकेको छ । विसं २०४९ देखि २०६९ सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेको थियो ।रासस


## आकर्षक जग्गा बिक्रीमा

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १६ स्थित कपिलेश्वर प्रहरी चौकी, पेट्रोल पम्पदेखि ५० मिटर उत्तर तर्फ रहेको आकर्षक घडेरीहरु बिक्रीमा राखिएको छ।

**सम्पर्क नम्बर**

९८४४३१०८३, ९८१२११४९५२


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथुन | : सुख समृद्धि हुने। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : अवसर प्राप्त। |
| बृश्चिक | : धन बृद्धि सञ्चय। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# लागूऔषध बरामद

टुडे समाचारदाता

कलैया । बाराको अम्लेखगंजमा पल्टिएको ट्रकमा १ सय ५ किलो गाँजा फेला परेको छ।



पल्टिएको ट्रकको फ्लस डब्बा भित्र प्लास्टिकको ५ वटा बोरामा लुकाइ छिपाइ राखेको अवस्थामा लागूऔषध गाँजा १ सय ५ किलो बरामद गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रबक्ता प्रहरी नायव उपरीक्षक पुरुषोत्तम पाण्डेले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय अमलेखगंज बाराबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले पूर्व पश्चिम लोक राजमार्ग सडक खण्डको चुरिया माइ मन्दिर नजिक सडकको पूर्व साइडको नालामा ना.१.क.३२०५ न.को ट्रक पल्टिएको फेला पारेको थियो। ट्रकका चालक तथा सह-चालक पल्टिएको ट्रक छाडि फरार भएका छन्।

ट्रक नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय सिमरामा ल्याइ राखिएको र ट्रक चालक लगायत उक्त घटनामा संलग्न रहेका व्यक्तिहरुको खोत तलास भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# नेपाल एसबिआई बैंकको ३० औं वार्षिकोत्सव



टुडे समाचारदाता

काठमाण्डु। नेपाल एसबिआई बैंक लि.ले ७ जुलाईमा बैंकको ३० औं वार्षिकोत्सव मनाएको छ। यस अवसरमा बैंकले शपथ ग्रहण समारोहको आयोजना गरेको थियो जहा बैंकका सबै कर्मचारीहरुले बैंकको विकासको लागि आफ्नो प्रतिबद्धता व्यक्त गरेका छन्।

कार्यक्रममा प्रवन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार देले बैंकको उपलब्धिको बारेमा प्रकाश पारेका थिए। उनले बैंकको दिगो प्रगती कायम राख्न व्यक्तिगत जिम्मेवारी लिनुपर्नेमा पनि जोर दिए।

त्यसैगरी, बैंकका नायव प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत मोहम्मद रिजवान आलमले बैंकको उपलब्धिमा योगदान पुऱ्याएकोमा सबै कर्मचारीलाई धन्यवाद दिँदै यसरी नै निरन्तरता दिन आग्रह गरे। प्रमुख संचालन अधिकृत यादवेंद्र कांतले सबै सहभागीहरुलाई धन्यवाद ज्ञापन व्यक्त गरेका थिए।

# शिक्षकसंग स्पष्टीकरण

टुडे समाचारदाता

वीरगञ्ज। वीरगंजको सुरजी देवी माध्यमिक विद्यालयका ४ शिक्षक कारबाहीमा परेका छन्। अनुगमनका क्रममा जानकारी बिना नै अनुपस्थित भेटिएका ४ जना शिक्षकलाई कारबाही स्वरुप स्पष्टीकरण माग गरिएको छ।




सामुदायिक (सरकारी) विद्यालयहरुको पठन पाठन चुस्त पार्न महानगरले अनुगमनलाई तीव्र पारेको छ। विद्यालयका प्रधानाध्यापक रामनारायण मिश्रलाई अनुपस्थित भएका शिक्षकहरुसँग स्पष्टीकरण लिएर २४ घण्टा भित्र महाशाखामा पेश गर्न निर्देशन दिइएको शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले जानकारी दिए। विद्यालयको पठन पाठन अवलोकन गर्न महानगर प्रमुख राजेशमान सिंह आफै विद्यालय पुगेका थिए।

उनले विना जानकारी अनुपस्थित हुने शिक्षकलाई पहिलो पटक स्पष्टीकरण माग गर्ने र पटक पटक अनुपस्थित भए सुविधा कट्टाका साथै निलम्बन गर्नेसम्मको कारबाही गर्न महाशाखा प्रमुखलाई निर्देशन समेत दिएका छन्। अनुगमनका क्रममा विद्यालयको भौतिक संरचनाका साथै वेवारिसे रहेको कम्प्युटर ल्याब तत्काल संचालनमा ल्याएर विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न पनि उनले विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुलाई निर्देशन दिएको मेयर सिंहले जनाए।

# पत्रकार रोहितामाथि आक्रमण

टुडे समाचारदाता

जनकपुरधाम। मकालु खबर



डटकमका व्यूरो प्रमुख सिवेन्द्र रोहितालाई सोमबार राति केही व्यक्तिहरुले कुटपिट गरेका छन्। टाउकोमा चोट लागेर घाइते भएका पत्रकार रोहिताको काठमाण्डुमा उपचार भइरहेको छ। चिकित्सकहरुका अनुसार उनी खतरामुक्त रहेका छन्।

जनकपुर टुडे मिडिया ग्रुपले सो घट्नाको निन्दा गर्दै रोहिताको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। घटनामा संमग्न रहेका व्यक्तिहलाई कानुनको दायरामा ल्याउन मिडिया ग्रुपका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र यादवले माग गरेका छन्।

# सरकार एक्लैले खेलकुद क्षेत्रको विकास गर्न सक्दैन : मन्त्री लिम्बू

काठमाण्डु। युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले सरकार एक्लैले खेलकुद क्षेत्रको विकास गर्न नसक्ने बताउनुभएको छ। शरदचन्द्र शाह मेमोरियल फाउण्डेनको आयोजनामा लेखक नवीन अर्यालद्वारा लिखित 'नेपाली खेलकुदको वृत्तान्त' पुस्तकको आज यहाँ विमोचन गर्दै उहाँले सरकार र निजी क्षेत्र नमिलीकन नेपालको खेलकुद क्षेत्रको प्रवर्द्धन हुन नसक्ने बताउनुभयो।

"निजी क्षेत्र र सरकार नमिली खेल क्षेत्रको प्रवर्द्धन गर्न नसकिने कुरा स्पष्ट भइसकेको छ, सबै मिलेर खेलकुद क्षेत्रको विकासमा जुट्नुपर्छ", मन्त्री लिम्बूले भन्नुभयो। उहाँले खेल क्षेत्रको विकासका लागि आफूले विभिन्न माध्यमबाट प्रयास गरिरहेको बताउनुभयो। इमान्दार प्रयासका साथ आफू नेपालको खेल क्षेत्रको विकासमा लागेको उहाँको भनाइ थियो।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष एवं पूर्वमन्त्री जीवनराम श्रेष्ठले सरकारले खेलकुद क्षेत्रमा कम लगानी गरेको भन्दै अहिलेको लगानीले खेलकुद क्षेत्रको विकास हुन नसक्ने बताउनुभयो।रासस

# जनकपुरमा वाइफाइ नेपाल

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाममा थप एक इन्टरनेट सेवा प्रदायक कम्पनी शुभारम्भ भएको छ। 'सस्तो र सुलभ' नारा दिएर वाइफाइ नेपाल नामक संस्थाले जनकपुरधाममा शुभारम्भ गरेको छ। सो कम्पनीले मधेशको जनकपुरधाम र वीरगञ्जमा सेवा दिनेछन्।

कम्पनीले घरायसी तथा व्यापारिक ग्राहकहरुलाई लक्षित गरी दुई वटा प्याकेज बजारमा ल्याएको छ।




५० एमबिपिएसको प्रतिमहिना ३ सय ३३ र ८० एमबिपिएसको प्रति महिना मात्र ५ सयको दरले सेवा उपलब्ध हुने कम्पनीका निर्देशक सत्रुधन पञ्जियारले जानकारी दिए। उनका अनुसार वार्षिक रुपमा ५० एमबिपिएसको राउटर, फाइबर र जडान शुल्कसहित साढे पाँच हजार मात्रै लिने गरिएको छ। ८० एमबिपिएसको साढे सात हजारसहत भ्याटमा जडान गर्ने गरेका छन्।

काठमाण्डु उपत्यका, पोखरा उपत्यका, इटहरी, धरान, विराटनगरलगायत कोशी प्रदेश तथा कर्णाली प्रदेशका विभिन्न स्थानहरूमा सफलता पूर्वक सुरुवात भइ सञ्चालनमा रहेको यस कम्पनीले थप क्षेत्रहरुमा विस्तार गर्दै आएको छ।

# पार्टीभित्र मित्रता, एकता र पारस्परिक सम्बन्ध आवश्यक छ : अध्यक्ष ओली

काठमाण्डु। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्र आपसी मित्रता, एकता र पारस्परिक सम्बन्ध आवश्यक रहेको बताउनुभएको छ। ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा एमाले बागमती सङ्गठन कमिटीको सातौँ बैठकलाई आज सम्बोधन गर्दै उहाँले आपसी मित्रता, एकता र पारस्परिक सम्बन्धले नै पार्टी बलियो हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले पार्टीभित्र अन्तरद्वन्द्व मच्चाएर, असमझदारी चर्काएर, गुटबन्दी गरेर चुनाव जितिन्छ भन्ने कुरा नसोच्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो। "समझदारी तरिकाले काम गर्यो। अगाडि बढ्यो भने मात्र हामी सफल हुन सक्दछौँ", उहाँले भन्नुभयो, "पार्टीमा अनेक सेन्टिमेन्ट ल्याएर, पार्टीको नीति पक्षमा नउभिएर कहीँ पुगिन्छ भन्ने होइन। कहीँ पुग्नका लागि हामीले सङ्घर्ष गर्नुपर्दछ।"

पार्टीमा काम गरिरहेको सक्रिय मान्छेलाई उमेरले नछेक्ने भन्दै अध्यक्ष ओलीले शरीरले काम गर्नलाई बाधा नभएसम्म पार्टी कमिटीमा रहेर काम गर्न आग्रह गर्नुभयो।

"पार्टीमा काम गरिरहेको मान्छे ७० वर्ष पुग्यो भनेर कमिटीमा बस्न नपाउने हुन्छ ? स्वस्थ भएका मान्छे ७० वर्ष भनेको के को उमेर हो र ? म दुई पटक मिर्गौला प्रत्यारोपण गरेको मान्छे १८ घण्टा काम गरिरहेको छु", उहाँले भन्नुभयो, "उमेर पुग्यो त्यसकारण कमिटीमा बस्न हुँदैन भन्ने कुरा मान्छेलाई शिथिल, निस्क्रिय बनाउने तरिका हो।"

उहाँले उमेर कुनै वैज्ञानिक कुरा नभएको भन्दै विश्वको कुनै पनि देशका पार्टीले उमेर हदबन्दी नराखेको उल्लेख गर्नुभयो। अध्यक्ष ओलीले राजनीतिक गर्नका लागि उमेरको हदबन्दी कुरा गर्नुभन्दा मुलुक बनाउने नीति नियममा बनाउनु राम्रो भएको भनाइ राख्नुभयो।रासस

# सेभेन सिजले नेपाली चलचित्रलाई विश्वभर प्रदर्शन गर्ने

काठमाण्डु।नेपालीचलचित्रको बजार स्वदेशसँगै विदेशमा पनि बढिरहेको छ। नेपालसँगै नेपाली बसोबास गरिरहेका अन्य देशमा समेत विस्तार भइरहेको बजारलाई उद्योगकारूपमा अघि बढाउने अपेक्षा गरिएको छ।

विशेषतः डिजिटल प्रविधिमा चलचित्र निर्माण तथा प्रदर्शन हुन थालेपछि बजार विस्तार हुने क्रम बढेको हो। सुरुआती समयमा सेल्युलोइड प्रविधिमा चलचित्र उपत्यकाबाहिर वा भित्रमात्र प्रदर्शन गरिन्थ्यो। प्रिन्ट तयार गर्न खर्च हुने भएकाले एकसाथ नेपालभर प्रदर्शन सम्भव थिएन।

अहिले भने समय बदलिएको छ। नेपाल मात्र नभई विश्वभर एकसाथ चलचित्र प्रदर्शन हुन थालेको छ। विदेशमा प्रदर्शन अनुमतिका लागि समयमा नै जाँचपास हुने हो भने विश्वभर जहाँबाट पनि एकसाथ नेपाली चलचित्र प्रदर्शन गर्न सकिन्छ।

नेपालमा 'डिजिटल यात्रा' को सुरुआत भुषण दाहालले निर्देशन गर्नुभएको 'कागबेनी' बाट भएको हो। डिजिटल प्रविधि भित्रिएको र निर्माण सहज, व्यवस्थित तथा व्यावसायिक भएको निर्देशक निर्माताको भनाइ छ। डिजिटल प्रविधिले एउटै समयमा देशभर चलचित्र प्रदर्शन गर्न सक्ने गरी नयाँ युगमा प्रवेश गऱ्यो। डिजिटल प्रविधिको सुरुआतसँगै प्रिन्टको डब्बा लिएर चलचित्र भवन धाउनुपर्ने बाध्यता हट्यो। यसले एउटै समयमा नेपालभर चलचित्र प्रदर्शन गर्न सहज बनायो।

पछिल्लो समय नेपालमै डिजिटल सिनेमा इनिसेटिभ (डिसिआई) ढाँचामा चलचित्र इन्कोडिङ गरेर विश्वभर प्रदर्शन गर्न सकिन्छ। यही कारण पनि नेपालसँगै विश्वभर एकै मितिमा चलचित्र प्रदर्शन हुने गरेको छ।

पछिल्लो समय नेपाली चलचित्रले लगानी उठाउने मात्र नभई विदेशी बजारबाट मुनाफा प्राप्त गर्न थालेको छ। नेपालमा राम्रो भनिएका र प्रतिष्ठित समूहले निर्माण गरेका चलचित्रलाई विदेशमा रहेका दर्शकले पनि हेर्न थालेपछि नेपाली चलचित्रको बजार विस्तार भइरहेको छ। मौलिक कथा र कलात्मक प्रस्तुति रहेको नेपाली चलचित्रका लागि अष्ट्रेलिया, अमेरिका, जापान, बेलायतलगायत देशमा बजार विस्तार भइरहेको छ। कुनै समय रेस्टुराँ वा सामुदायिक भवनमा प्रदर्शन हुने ती चलचित्र अहिले हलमै दर्शकले हेर्न पाउँछन्।

मध्यपूर्वको निप फिल्म्स, अष्ट्रेलियाको जानवी इन्टरटेनमेन्ट र अमेरिकाको नेपाल एलेभन इन्टरटेनमेन्ट मिलेर स्थापना गरिएको सेभेन सिज कम्पनीले नेपालसँगै विश्वभर एकसाथ चलचित्र प्रदर्शन गर्ने प्रदर्शक विनोद पौडेलले जानकारी दिनुहुन्छ। उहाँ भन्नुहुन्छ, "हामीले विभिन्न देशमा छरिएर चलचित्रको प्रदर्शन अधिकार खरिद गर्ने गरेका थियौँ। अब एउटै भएर जाँदा निर्माण पक्षसँगै हामीलाई पनि सहज हुन्छ।"

नियमितरूपमा नेपाल झैँ अमेरिकामा पनि चलचित्र भवनमै चलचित्र प्रदर्शन हुँदा दर्शकलाई लाभ हुने स्थानीय प्रदर्शक प्रतीक सुवेदी बताउनुहुन्छ। "बुक गरेर प्रदर्शन गर्दा पर्ने शुल्क झन्डै सामान्यको तुलनामा दोब्बर हुन्छ। यसको सम्पूर्ण व्यवस्थापन प्रदर्शक स्वयमले गर्नुपर्छ। बक्स अफिसमा प्रदर्शन गर्दा हामीलाई त्यो झन्झट हुँदैन", उहाँ भन्नुहुन्छ।

आफ्नो समूहले चलचित्र निर्माणमा समेत सघाउने प्रदर्शक रमेश ढकालको भनाइ छ। मध्यपूर्वका सहरमा चलचित्र प्रदर्शन गरिरहनुभएका उहाँ चलचित्रको नयाँ बजार खोज्न आफ्नो समूह प्रयासरत रहेको बताउनुहुन्छ। प्रदर्शक ढकाल भन्नुहुन्छ, "इराकमा समेत नेपाली चलचित्र प्रदर्शन सुरु भएको छ। अन्य देशमा समेत हामीले बजार बनाउन खोजिरहेका छौँ।रासस



चाहिँ ! चाहिँ !! चाहिँ !!!

सियाई महिला कारिगर - ३ गोटे

सियाई पुरुष कारिगर - १ गोटे

कार्यस्थान :- राधिका सिलाई साना उद्योग

सम्पर्क नं. ९८०७८१७१३०





## भुमिसुधार तथा मालपोत कार्यालय धनुषाको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

जिल्ला धनुषा साबिक गविस लक्ष्मीपुर बगेबा वडा नं. ६ हाल लक्ष्मीनिया गाउँपालिका वडा नम्बर ७ श्री श्रीधर मिश्रकी बुहारी, रामसुन्दर मिश्रकी पत्नी, तारावती मिश्राइन ब्राम्हणीको आफ्नो कालगतीबाट मिति २०६८/१०/२३ गते मृत्यु भै पति रामसुन्दर मिश्रको पनि मृत्यु भई हकखाने छोराको जायजन्म नभइ निज दम्पतीबाट एकमात्र छोरी काली देवी ब्राम्हणीको जायजन्म भएकोमा निजको पनि मृत्यु भै हकखाने पति त्रिप्तनारायण झाको पनि मृत्यु भै हकखाने सबभन्दा नजिकको हकदार नाती नाता पर्ने विजय चन्द झा, नविन चन्द झा र नाती बुहारी मिना झा र निजको छोरा सुजित झा, इन्द्रजित झा, सञ्जिव झा र रञ्जित झा जना ७ सात बाहेक अन्य कोही हकदार नभएकोले सोही निवेदकहरुको नाउँमा संयुक्त नामसारी गरी पाउँ भनि माग निवेदन भएको र सोही अनुसारको लक्ष्मीनिया गाउँपालिका ७ नम्बर वडा कार्यालय लक्ष्मीनिया बजार धनुषाको च.नं.३४० मिति २०७९/०९/१३ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखाने यि निवेदक बाहेक अन्य कोही हक खाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदकको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफूसँग भएको सबुत प्रमाण लिई दावी उजुरी गर्न आउनु होला। म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भए पछि कानुन बमोजिम मु.दे.स.२०७४ को परिछेद ११ को दफा २६९(१)बमोजिम भई जाने ब्यहोरा सबैमा सुचित गरिन्छ।

तपसिल

| जिल्ला | गाविस | वार्ड नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| धनुषा | लक्ष्मीपुर बगेबा | ६ | २३ | ०-१-८-० |
| धनुषा | लक्ष्मीपुर बगेबा | ६ | २५५ | ०-०-१९-० |
| धनुषा | लक्ष्मीपुर बगेबा | ५ | १९५ | ०-१-१०-० |

## जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## सेवा करार श्रेणीविहिण पदको प्रयोगात्मक परिक्षाको मिति तोकिएको सूचना

जनकपुरधाम उपमहानगरपालिका, नगर कार्यपालिकाको करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सुचिकरण सिफारिस, प्रयोगात्मक परिक्षा संचालन र अन्तर्वाता समितिको बैठकको मिति २०८०/०३/२५ गतेको निर्णयानुसार मिति २०७९/०८/२९ गतेमा प्रकाशित सूचना अनुसार विज्ञापन नम्बर ०४/२०७९।०८० देखि १२/२०७९।०८० सम्मको करार सेवा श्रेणीविहिन पदमा आवेदन स्वीकृत भएका उम्मेदवारहरुको प्रयोगात्मक परिक्षा देहायको मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको निर्धारित समय भित्र सम्पर्कमा नआउने उम्मेदवारहरु छनौट प्रकृयाबाट वञ्चित भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुने व्यहोरा जानकारी गराईन्छ। साथै प्रयोगात्मक परिक्षामा आउने उम्मेदवारहरुले अनिवार्य आफ्नो प्रवेश पत्र लिई उपस्थित हुने व्यहोरा समेत जानकारी गराईन्छ।

प्रयोगात्मक तथा छनौट परिक्षा सम्बन्धी तालिका

| सि. नं. | विज्ञापन नं. | पद | प्रयोगात्मक परिक्षा मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १ | ०४/२०७९/०८० | हेवी सवारी चालह | २०८० श्रावण १ गते | बिहान ८:०० बजे | तिरहुतिया गाछी, वडा नं. ०४, ज.उ.म.न.पा. |
| २ | ०५/२०७९/०८० | हलुका सवारी चालक | २०८० श्रावण २ र ३ गते | बिहान ८:०० बजे | " |
| ३ | ०६/२०७९/०८० | ब्रुमर अपरेटर | २०८० श्रावण १ गते | बिहान ८:०० बजे | " |
| ४ | ०७/२०७९/०८० | फायर मैन सिपाही | २०८० श्रावण ४ र ५ गते | बिहान ८:०० बजे | " |
| ५ | ०८/२०७९/०८० | नगर प्रहरी | २०८० श्रावण ७ र ८ गते | बिहान ८:०० बजे | " |
| ६ | ०९/२०७९/०८० | चौकीदार | २०८० श्रावण ९ गते | बिहान ८:०० बजे | ज.उ.म.न.पा. को कार्यालय |
| ७ | १०/२०७९/०८० | माली | २०८० श्रावण १० गते | बिहान ८:०० बजे | ज.उ.म.न.पा. को कार्यालय |
| ८ | ११/२०७९/०८० | कुचिकार | २०८० श्रावण ११ गते | बिहान ८:०० बजे | अतिथि गृह, सफाई शाखा |
| ९ | १२/२०७९/०८० | इलेक्ट्रिसियन | २०८० श्रावण १२ गते | बिहान ८:०० बजे | ज.उ.म.न.पा. को कार्यालय |

प्रमुख प्रशासकीय अधिकृत

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०३/२७ गतेको जनकपुर टुडे तथा नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्योट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्योट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| भक्त बहादुर लामाको बुहारी, गोपाल बहादुर लामाको पत्नी, धनुषा जिल्ला, धनुषाधाम गा.वि.स. वडा नं. १ बस्ने **सिला कुमारी साह** (ना.प्र.नं. २५३४१९७६, जारि मिति २०५०/११/०१, जि.प्र.का. धनुषा)। | देवेन्द्र बहादुर लामाको नाती, भक्त बहादुर लामाको छोरा, धनुषा जिल्ला, साविक धनुषा जिल्ला, धनुषाधाम गा.वि.स. वडा नं. १ स्थायी ठेगना भइ हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा/म.न.पा. वडा नं. ८ बस्ने **गोपाल बहादुर लामा** (ना.प्र.नं. २६३५५०४०, जारि मिति २०४६/०३/२९, जि.प्र.का. धनुषा)। |


धितोको विवरण

१. भक्त बहादुर लामाको बुहारी, गोपाल बहादुर लामाको पत्नी, धनुषा जिल्ला, धनुषाधाम गा.वि.स. वडा नं. १ बस्ने सिला कुमारी साह (ना.प्र.नं. २५३४१९७६, जारि मिति २०५०/११/०१, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनषा जिल्ला, साविक जनकपुर न.पा./गा.वि.स वडा नं. ८ स्थित कि.नं. १५४ को क्षेत्रफल ०-०-५-०१/२ (बिघा) बमोजिमको घर/जग्गा एंव सोमा जडित सम्पूण लिगलगापात समते।

२. भक्त बहादुर लामाको बुहारी, गोपाल बहादुर लामाको पत्नी, धनुषा जिल्ला, धनुषाधाम गा.वि.स. वडा नं. १ बस्ने सिला कुमारी साह (ना.प्र.नं. २५३४१९७६, जारि मिति २०५०/११/०१, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका काठमाण्डौं जिल्ला, साविक मुलपानी गा.वि.स./न.पा. वडा नं. ८ ग स्थित कि.नं. ३६६ र ३६८ को क्षेत्रफल क्रमशः ०-३-०-२ र ०-२-०-० (रोपनी) बमोजिमको घर/जग्गा एंव सोमा जडित सम्पूर्ण लिगलगापात समते।

३. भक्त बहादुर लामाको बुहारी, गोपाल बहादुर लामाको पत्नी, धनुषा जिल्ला, धनुषाधाम गा.वि.स. वडा नं. १ बस्ने सिला कुमारी साह (ना.प्र.नं. २५३४१९७६, जारि मिति २०५०/११/०१, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनषा जिल्ला, साविक तेजनगर गा.वि.स. वडा नं. १क स्थित कि.नं. १३६४ को क्षेत्रफल ०-०-४-० (बिघा) बमोजिमको घर/जग्गा एंव सोमा जडित सम्पूण लिगलगापात समते।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन : ०४१-५९०८७१
Website : www.siddharthabank.com



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# तस्करीले अर्थतन्त्र धराशायी

नेपालमा हवाइ,भू मार्ग र जलमार्गबाट तस्करी व्यापक भइरहेको छ । नेपालमा तस्करीले अर्थतन्त्रमासमेत गम्भीर असर पारेको छ । नेपालको दुई ठूला छिमेकी चीन र भारतबाट तस्करी अत्यधिक हुने गरेको छ । त्यस अतिरिक्त हवाइमार्गबाट पनि व्यापक रुपमा तस्करी भइरहेको छ । तस्करहरुले ल्याउने महँगा सरसामानहरुले देशको राजस्व असुलीमा नकारात्मक प्रभाव पारेको छ । कतिपय वस्तुहरुको नेपालमा आयात अथवा तस्करी छिमेकी भारतमा अवैध रुपमा निर्यात गर्नकै लागि हुने गरेको छ । नेपालमा आवश्यकता भन्दा धेरै बढी सुन आयात र चोरबाटोबाट आउने गरेको छ । नेपालमा कुल सुनको खपत नेपालीहरुको आवश्यकतामा भर पर्छ । तर त्यसको यकिन तथ्यांक छ । नेपालीले वर्षमा लाउनका लागि खरिद गर्ने सुनको तथ्यांक नेपाल राष्ट्र बैंक र सरकारसित पनि छ । तर त्यो भन्दा बढी ल्याइने सुन कहाँ जान्छ ?त्यसको यकिन पनि भइसकेको छ । औपचारिक रुपमा नभनिए पनि तस्करी भएर सुन भारतमा नै जान्छ । सुन निर्यात गर्ने इजाजतपत्र सरकारले वितरण गरेको छैन् । सुन धनसञ्चित गर्न र विलासिताका लागि प्रयोग भइरहेको छ । संसारभरि नै पहेँलो धातुको रुपमा पहिचान बनाएको सुन तस्करीले नेपाललाई आर्थिक रुपमा कमजोर बनाउन थालेको छ । नेपाल र भारतबीचको सीमावर्ती क्षेत्रमा भारतीय रुपैयाँको भन्दा नेपाली रुपैयाँ बलियो भएको छ । यद्यपि दुबै देशको सरकारले विनिमय दरमा कुनै हेरफेर गरेको छैन । ४ महिना पूर्व भारतीय रुपैयाँ नेपाली भन्दा बलियो थियो । तर सुनको तस्करी सुरक्षित रुपमा हुन थालेसँगै भारतीय रुपैयाँको प्रवाह बढेको छ । नेपाली रुपैयाँ बलियो हुनु नेपालका लगि हानिकारक नै हो । भारतीय रुपैया कमजोर परेको बेला नेपालीहरुले कालोबजारमा किन्नुपर्थ्यो । तर अहिले नेपाली रुपैयाँ नै बलियो भएपछि भारतीय सीमा क्षेत्रको बजारमा नेपाली मुद्रामा कारोबार गर्दा सामान थप सस्तिएको भाउमा पाइन्छ । यसले नेपाली रुपैयाँ भारततर्फ जाने क्रम निकै बढेको छ । सुन तस्करीबाट आउने भारतीय रुपैयाँ नेपालमा नै नेपाली रुपैयाँबाट साटिन्छ । भारतीय रुपैयाँ माग भन्दा धेरै बढी नेपालमा आउन थालेको र त्यो फेरि भारतमा फर्किन नेपाली रुपैयाँसित साट्नुपर्ने भएकाले नै सीमाक्षेत्रमा भारतीय रुपैयाँ कमजोर भएको छ । उपभोक्ताहरुले सीमावर्ती भारतीय बजारमा नेपाली रुपैयाँमा गर्ने कारोबारले भारतीय रुपैयाँ फर्काउन पर्याप्त नभएकाले तस्करीको सामानका लागि जाने भारतीय रुपैयाँले राजस्वमा ठूलो हानी पुऱ्याइरहेको छ । नेपालमा वर्षभरिमा ठूलो परिमाणमा अवैध सुन बरामद हुने गरेको छ ।तस्करीबाट आएका सुन नेपालको मार्ग भएर नै तस्करी भएरै भारतमा जाने गरेको छ ।सुन तस्करीमा संलग्न गिरोहहरु सामान्य छैन् । प्रहरीले बरामद गर्ने सुनको भन्दा कयौं गुणा बढी सुन तस्करी भएर आउने र भारत जाने गरेको अनुमान छ । तस्करलाई नियन्त्रण गर ।

# साहित्यकार धूमकेतु र नेपाल



**डा. रेवतीरमण लाल**

भारतबाट आएर नेपालमा आफ्नो कर्मक्षेत्र बनाउने साहित्यकारहरु थिए प.. मथुरानन्द चौधरी, डा. धिरेन्द्र र भोलानाथ झा धुमकेतु । साथै प्रफुल्ल कुमार सिंह मौन पनि मोरङ्ग कलेजमा कार्यरत हुनु भएको थियो । तर मथुरानन्द चौधरी माथुर त नेपालमा बसी नै हाले र घर पनि निर्माण गरे । तर अन्य साहित्यकारहरु नेपालमा आफ्नो कार्य सम्पन्न गरी आफ्नो देश भारत फर्किहाल्नु भयो ।

जब जनकपुरमा आर. आर. कलेजको स्थापना सन् १९५७ मा भयो अनि अर्थशास्त्रको पहिलो प्राध्यापकको रुपमा भोलानाथ झा ु.धूमकेतुको आगमण जनकपूरमा भयो । उनी दीर्घकालसम्म जनकपुरमा सेवारत रहेका थिए । पछि कालचक्र यसरी घुम्यो कि उनी असीम दुःखमा पर्नुभयो स्वास्नीको स्वर्गवास भयो । यसबाट उनको जीवनमाथि दुःखको पहाडनै खस्यो र उनी यसरी विचलित हुनुभयो कि जनकपुर छाडेर आफ्नो गाउँमा गएर बसीहाल्नु भयो । केही वर्ष पश्चात जब उनको मन स्थिर भयो उनी पुन : नेपाल आउनुभयो । यस पाली काठमाण्डौंको त्रिभुवन विश्वविद्यालयमा करार सेवामा कार्यरत हुनुभयो । यस सेवामा उनी लगभग चार वर्ष सम्म कार्यरत रहनु भयो । तर नियतीलाई यो पनि मन परेन र उनी गंभिर रुपमा अस्वस्थ भै हाल्नु भयो । त्यस पछि जागिर छाडेर आफ्नो गाउँ आएर बस्ने बाहेक अरु कुनै बाटो रहेन । रुग्न भएपछि काठमाण्डौमा नेपाल राष्ट्र बैंकमा उच्च पदमा कार्यरत उनका परम शिष्य सत्येन्द्र प्यारा श्रेष्ठलाई थाहा भएपछि सत्येन्द्रजी उनलाई आफ्नो घर लग्नु भएको थियो र पुत्रवत सेवा गर्नुभएको कुरा उनी कहिले पनि बिर्सनु भएन र जहिले पनि यो घट्ना सम्झेपनि धूमकेतु ज्यूको आँखा रसाउँथ्यो ।

**तुमको हमारी उमर लग जाय**

एक पटक उनका परम शिष्य सत्येन्द्र जी नेपाल राष्ट्र बैंकको गभर्नर हुँदा धूमकेतुजीलाई थाहा भयो र जनकपुर आउनु भयो र म सँग सम्पर्क गर्नुभयो । त्यस वखत सत्येन्द्रजी जनकपुरमा नै आउनु भएको थियो मलाई थाहा थियो, सत्येन्द्रजी जनकपुर नै हुनु हुन्छ अनि धूमकेतु जी सत्येन्द्रजी सगँ भेट्न चाहनु भएको कुरा बुझेर मैले उहाँलाई सत्येन्द्रजीको घर लगेँ । सत्येन्द्र जीले धूमकेतुजीलाई देख्ने वितिक्कै हाथ जोडेर खडा भै हाल्नुभयो ।

धूमकेतु ज्यूको मुखबाट अकस्मात् निस्क्यो "तुझे और क्या दुं मै दिलके सिवाय, तुझको हमारी उमर लग जाय"। नेपाल राष्ट्र बैंकको गभर्नर भएपछि धूमकेतु ज्यूको लागि नै एकवर्षको लागि जनकपुर कलेजमा अर्थशास्त्र विभागमा चेयरको व्यवस्था गरी दिनु भएको थियो ।

धूमकेतु ज्यू मिथिलालाई दुई भागमा विभक्त गर्नु हुन्थ्यो । उनको शब्दमा एउटा मोगलानको मिथिला( भारततिर ँ) र अर्को विशुद्ध मिथिला जो नेपालमा पर्दछ । उनको विचारमा मैथिल र मैथिलीको अस्मिताको दायित्व नेपालको मैथिल माथि छ ।

नेपालमा मल्ल राजाहरु नाटक लेखेका थिए त्यसमा शंका व्यक्त गर्दै धूमकेतु ज्यूको विचार थियो कि मल्लकालमा नेपालमा दिउसो नाटक मंचन हुन्थ्यो र त्यसमा नेवारी , बंगाली सबै भाषामा संवाद हुन्थ्यो । नाटक मंचन भै रहेको बखत दर्शकहरु दर्शक दीर्घावाट आएर संवाद गर्थे । तर मैथिली गीतहरुबाट यो ज्ञात हुन्छ कि उनीहरु गीतकार अवश्य थिए । नेपालका ती राजाहरु नाटक त लेख्नुभएन तर मैथिल संस्कृतिको संरक्षण अवश्य गर्नुभएको थियो ।

धूमकेतु ज्यूको पहिल कथा १९५१ ई. मा दीदी शीर्षक ले प्रकाशित भएको थियो । कथाको प्रसगं उहाँको धारणा यसरी व्यक्त गर्नु भएको थियो - फ्रायडको अनुसार इद र ईगो यै नै संघर्ष कथाको रुप लिन्छ । सेक्सको प्रसगं उहाँको विचार थियो परिवारिक जीवनबाट तृप्ति भएन उनको विचारमा विवाह एउटा दायित्व हुन्छ । प्रेम र दायित्वमा फर्क हुन्छ । वैवाहिक संस्कार र प्रेममा फर्क हुन्छ । उमेरमा स्त्री र पुरुषको देहको आकर्षण हुन्छ । त्यसको कारण हुन्छ फ्रायडको मतअनुसार ब७बल षिखभक ायच तधभखिभ थभबचक मौलिक रुपमा जीवनभर सेक्स बढी हुन्छ । नर र नारीको सम्बन्धको व्याख्या साहित्यको पहिलो उपादान हुन्छन् ।

नेपालीय मैथिली साहित्यको चर्चा गर्दै उहाँ भन्नुहुन्थ्यो कि पहिला नेपाली मैथिली साहित्यलाई डिफाईन गर्नुपर्छ । त्यसको के क्राईटेरिया माननु हुन्छ त्यो निश्चित हुनु पर्छ । त्यसमा को को पर्नुहुन्छ सबैको रचनाहरुको उल्लेख हुनुपर्छ । उनी नेपालमा बस्दा अनेकौं कथा , कविताहरुको सृजन गर्नु भएको थियो ।

**उहाँ भन्नुहुन्थ्यो "जमीनक खोजमे सीमान्त धरि धाङ्गल"**

नेपाल कस्तो लाग्छ त्यस प्रश्नको जवाफमा उनी भन्ने गर्नुहुन्थ्यो - नेपाल आउदा यस्तो लाग्छ जस्तो कुनै बेहुली आफ्नो माइतबाट आफ्नो घर जाँदा उसको मन, देखाउनलाई त रुन्छ तर भीतर भीतर प्रसन्न भैरहेको हुन्छ त्यस्तै अनुभव गर्दछु ।

जनकपुरमा उनको दीदी भिनाजु पनि हुनुहुन्थ्यो । साथै यस ठाउँको साहित्यकारहरु सँगको राम्रो सम्बन्ध भएको कारणले पनि नेपालमा उनलाई बढी बस्न रुचाउनु हुन्थ्यो । उनको कथा "अगुरवान" प्रकाशित भए पछि उहाँ बढी चर्चामा आउनु भएको थियो । यो कथाले साहित्यकारहरु र समालोचकहरुमा निकै चर्चा पाएको थियो । यस कथाको प्रसगं उनी भन्नुहुन्थ्यो जब अगुरवान कथा प्रकाशित भयो त साहित्यकार ललित एउटा पत्र धूमकेतु ज्यूलाई पठाउनु भयो त्यसमा ललितजीले लेख्नुभएको थियो कि तपाई लाई मनुष्यमा मात्र दानवनै नजर आउँछ ? त्यसको जवाफमा धूमकेतुजीले लेख्नुभएको थियो कि अगुरवानमा दानव कहाँ छ र ?त्यसमा त देवताछन् जो सामाजिक विसंगतिमाथि कोदालोले प्रहार गर्दछ ।

धुमकेतु ज्यू यो स्वीकार गर्नुहुन्थ्यो कि देह कथा उनको पारिवारिक जीवनसँग सम्बन्धित छ । यस कथामा छ कि जब आफ्नो स्वास्नीको मृत्यु हुन्छ उसलाई दुईवटा केटाकेटीको बाबूपनि हो त्यो मान्छेको सम्बन्धमा भाउजु पर्ने एउटा आइमाइ जब विहानै विहान उसको घरमा प्रवेश गरेपछि उसलाई आफूलाइ थामी न सकेर त्यस आइमाइलाई अंगालो हाल्छ र केहिबेर पश्चात त्यसको अंगालोबाट आफूलाई मुक्त गर्दै भन्छे तपाईहरुलाई देह मात्रको स्वाद आउँछ । धूमकेतुजी कथा , कविता , उपन्यास आदि पनि लेख्नु भएको थियो ।

केही साहित्यकारहरु भारतबाट आएर नेपालमा आफ्नो कर्मभूमी बनाउनु भयो त्यसमा धूमकेतु पनि हुनुहुन्थ्यो । यसमा प. मथुरानन्द चौधरी माथुर , अथवा डा. धिरेन्द्र अथवा धूमकेतु यिनीहरुको प्रसगं चर्चा गर्दा यिनीहरुले नेपालमा बिताउनु भएको कालखण्ड मैथिली साहित्यको एउटा महत्वपूर्ण कालखण्ड सावित भएको छ । यिनीहरुको जीवनको प्रमुख कालखण्ड नेपालमा बितेको थियो जो अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ । नेपालमा बिताउनु भएको समय मैथिलीको लागि महत्वपूर्णको साथै मैथिली साहित्यको लागि अमूल्य निधि हो ।

# यो समाजले नर्सको राम्रो पक्ष देख्छ कि देख्दैन ?



**सरिता केसी**

म विगत सात वर्ष देखि नर्सिङ पेसामा आवद्ध छु। नर्सिङ एउटा यस्तो पेसा हो जहाँ नर्सहरू आफू मैनबत्ती झैँ पग्लिएर बिरामीलाई उज्यालो दिन्छन्। नर्सिङ पेसा आफैँमा एकदम गर्व योग्य पेसा हो जसले दिनरात नभनी बिरामीको सेवा गर्छन्।

केही दिन यता सामाजिक सञ्जाल हेरिसक्नु छैन, जताततै नर्सलाई सुन्नै नसक्ने गालीगलौज अपशब्द बोलेको देखिन्छ। साथै नेपाली समाजले नर्सको कामको कदर गर्न नसकेको हो कि नर्सले बिरामीको सेवा गर्न नसकेको हो?

केही दिनअघि चर्चित सामाजिक अभियन्ता गिभिना मगरले टिकटकमा भिडियो अपलोड गर्नुभएको थियो। जुन भिडियोमा गिभिनाजीले २ बजे दिने औषधी ४ बजे किन दिएको हेर्नुस् तपाईँहरूलाई नि यस्तो पर्न सक्छ भन्दै खिचेर अपलोड गर्नुभएको थियो । गिभिना जी, तपाईँलाई आफ्नो बिरामीको उपचारबारे सोध्न बुझ्न पाउने सम्पूर्ण अधिकार छ। जुन मेडिकल इथिक्समा पनि समावेश गरिएको छ। तपाईँको सोध्न पाउने अधिकार छ भन्दैमा हस्पिटल जस्तो संवेदनशील क्षेत्रमा गएर भिडियो खिची चर्काचर्की गर्न कसले अनुमति दियो ? तपाईं त पढेलेखेको व्यक्ति त्यहीमाथि सामाजिक अभियन्ता। तपाईंलाई हेक्का कि छैन हस्पिटल यस्तो क्षेत्र हो जहाँ बिरामीहरू जीवन र मृत्युसँग लडिरहेका हुन्छन्, कोही पिडा खप्न नसकेरै छटपटी रहेका हुन्छन्। तपाई यस्तो क्षेत्रमा गएर चर्काचर्की गरी भिडियो खिच्ने यो कस्तो समाज सेवा हो? कहिलेकाहीँ नर्सको पनि गल्ती हुन्छ। बिरामीको चाप धेरै भएका कारण औषधी दिन कहिले कहीँ ढिला हुन्छ। समस्यालाई समाधान गर्ने हो तिललाई पहाड बनाउने होइन।

कुरा गिभिना जी को मात्र होइन। नेपाली समाजले नर्स भनेको छुच्ची हुन्छ, चर्को स्वरले बोल्छ, बोलाउँदा आउँदैन भन्छ। अनि यो समाजले नर्सको राम्रो पक्ष देख्छ कि देख्दैन? नेपाली समाज अन्धो छ? समयमा औषधी पाएन नर्सलाई गाली, समयमा रिपोर्ट आएन नर्सलाई गाली, बिरामीले खाना खाएन नर्सलाई गाली, बिरामीको अवस्था अलिक बिग्रियो नर्सलाई गाली। साँच्चै नेपाली समाजले नर्सको कामलाई चाहिँ कहिले बजाउँछ ताली?

नर्सिङ पेसा यस्तो पेसा जहाँ दिनरात नभनी बिरामीको सेवा गर्नुपर्छ। तपाईँहरूले कहिल्यै देख्नु भएको छ- जब बिरामी निको भएर घर जान्छ अनि सामाजिक सञ्जालमा फोटो अपलोड गर्दै फलानो हस्पिटल फलानो डाक्टर साबलाई धन्यवाद लेख्छ। कहीँ देख्नु भएको छ नर्सलाई पनि धन्यवाद ?

बिरामीले समयमा औषधी पाएन रे अनि तपाईँले हेर्नुभएको छ? एउटा नर्सले २५-३० जना बिरामी हेर्नुपर्छ। एउटा बिरामी कम्तीमा पनि १०-१५ मिनेट लाग्छ अनि तपाईँ हामी घडी हेरी बस्छौँ २ बजेको औषधी ५ मिनेट ढिला भइसक्यो नर्स आएन भनेर । लाख खर्चिएर नर्सिङ पढेको हुन्छ। तलब ४५ सय देखि १५ हजार। यो पैसाले नर्सिङ पढ्दा लागेको ऋण तिर्ने की आमाको फाटेको चोली फेर्ने? साँच्चै नेपाल सरकारले यो देखेको छ की छैन ?

नर्सको हकहितको लागि काम गर्ने भनेर नेपाल नर्सिङ सङ्घ खोलिएको छ। तपाईँहरू उच्च तहमा बस्नेहरू नर्सको हकहितको लागि काम गर्नुपर्छ की पर्दैन? सरकारलाई खबरदारी गर्नुपर्छ की पर्दैन?तपाईँहरूको काम कुर्सीमा बस्ने मात्रै हो? ९० प्रतिशत नर्सलाई नर्सिङ सङ्घको अध्यक्ष को हो भन्ने समेत थाहा छैन। हामीले तपाईँहरूलाई के भनेर भोट दिएर जिताएको? केही घटना घटेको हप्ता दिन पछि मात्रै तपाईँहरूको विज्ञप्ति आउँछ। के यही हो तपाईँहरूको काम? अहिले बिरामी नर्सलाई देखेर डराउँछ, नर्स बिरामी देखि डराउँछ की फेरि भिडियो खिचेर अपलोड गर्देला भनेर। मेरो नेपाल सरकार तथा नेपाल नर्सिङ सङ्घलाई यो आग्रह छ कि निर्धक्कका साथ काम गर्ने वातावरण दिलाइदिनुस् ।

# राजर्षि जनक विश्वविद्यालयको व्यथा र वेतिथि



**त्रिलोक कुमार यादव**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा अवस्थित राजर्षि जनक विश्वविद्यालय नेपालको एक राष्ट्रिय विश्वविद्यालय हो । संसदबाट सन् २०१७ मा विधेयक पारित भएपछि यस विश्वविद्यालयको स्थापना भयो ।

विश्वविद्यालय मधेश प्रदेशमा केन्द्रित छ । विश्वविद्यालयको केन्द्रिय कार्यालय जनकपुरधाममा छ । यस विश्वविद्यालयको नाम राजा जनकको नाममा आधारित छ । विश्वविद्यालयको अध्ययन, अध्यापन एवम् अनुसन्धान कृषि, कला, आयुर्वेद, दर्शन, वन, कानून, व्यवस्थापन, चिकित्सा र पर्यटनमा आधारित रहने भनिएको छ । प्रारम्भिक चरणमा विश्वविद्यालयले सार्वजनिक व्यवस्थापन, स्वास्थ्य र कानूनमा स्नातक पठनपाठन प्रदान गर्न शुरू गरेको छ ।

वि.सं. २०७५ सालमा विश्वविद्यालयका पहिलो उपकुलपतिको रुपमा डा. भरत झा नियुक्त भए । उनले विश्वविद्यालय संचालन गर्न लायन्स क्लबसँग जनकपुरधाम वडा नम्बर ८ मा अवस्थित भोला सिंह लायन्स स्कुलको भवन भाडामा लिई व्यवस्थापन, चिकित्सा र कानुनमा स्नातक पठपाठन प्रदान गर्न सुरु गऱ्यो ।

शिक्षालाई बढी महत्व दिने दार्शनिक प्लेटोका अनुसार वैयक्तिक न्याय र सामूहिक न्याय दिनु उच्च शिक्षाको उद्देश्य हो । न्यायलाई विस्तृत अर्थमा ज्ञानको उत्कृष्टता भनेका छन् । प्लेटोका दार्शनिक शिष्य एरिस्टोटल भने गुरुभन्दा एक कदम अघि बढेर समाजलाई खुसी बनाउने ज्ञान, सीप, स्वभाव र सामर्थ्य विकास नै विश्वविद्यालयको काम (उच्च शिक्षाको उद्देश्य) हो भनेका छन् ।

उनको विचारलाई आधार मानेर शिक्षाको 'लिबरल थ्योरी' विकास भएको छ । पूर्वीय दार्शनिक चाणक्य पनि शिक्षालाई सुख दिने ज्ञानका रुपमा लिन्छन् । उनका अनुसार सुखको मूल धर्म (आचरण) हो र धर्मको मूल चाहिँ अर्थ (उपयोगिता सिर्जना) हो । त्यसैले ज्ञान, सामर्थ्य र सुख (खुसी ?) प्राप्तिको वरिपरि शिक्षा घुम्ने गर्छ ।

आधुनिक विद्वानहरु विश्वविद्यालयलाई ज्ञानका केन्द्र मान्छन् र विश्वविद्यालयका नेतृत्वहरु विश्वविद्यालयलाई 'ज्ञान स्थल' बनाउन मरिमेट्छन् । लामो समयसम्मको अनवरत धैर्य चाहिन सक्छ । स्टानफोर्ड, अक्सफोर्ड, हार्वर्ड वा प्रिन्स्टन यस अवस्थामा आइपुग्नुको पछि अनवरत प्रयाससहितको उत्कृष्टता हो ।

विद्वानहरु विश्वविद्यालय चार मूलभूत सिद्धान्तबाट निर्दिष्ट हुने मान्छन् । पहिलो, विद्यार्थीको वैयक्तिक विकास विश्वविद्यालयको प्रमुख काम हो, यसलाई 'लिबरल थ्योरी' भन्ने गरिन्छ । वैयक्तिक प्रज्ञा विकास गर्ने, व्यक्तिमा अन्तर्निहित सम्भावना (ज्ञान भण्डार) उजागर गरी त्यसलाई उदात्त गर्ने, लगातार ज्ञानको भोक जगाउने र वैयक्तिक उत्कृष्टतामा पुऱ्याउने काम यस अन्तर्गत पर्छ ।

दोस्रो, कार्य प्रवीणता दिने केन्द्रका रुपमा विश्वविद्यालय रहनुपर्छ, जसलाई प्रोफेसनल थ्योरी भनिन्छ । कोरा ज्ञानले वैयक्तिक आवश्यकता पुरा गर्न सक्दैन, व्यावसायिक प्रवीणता (भोकेसन) ले उत्पादन, उपयोगिता र आवश्यकता पूर्तिसँग व्यक्ति जोडिन्छ र त्यो शिक्षा सार्थक बन्छ । तेस्रो सिद्धान्त रिसर्च इन्जिन 'थ्योरी' हो, जसले ज्ञानको सिर्जना, पुनर्सिर्जना र परीक्षणमा जोड दिन्छ ।

विश्वविद्यालयहरु ज्ञान र सीपका कार्यशाला हुन्, त्यसको व्यावहारिक उपयोगबाट विश्वले आधुनिक अवस्था पाएको हो । विश्वविद्यालयले समाज र राष्ट्रलाई योगदान गर्ने भावना र सहभागिताको चाहना विकास गर्न सक्नुपर्छ, जसलाई सामुदायिक सहभागिता सिद्धान्त भनिन्छ । यी चार सिद्धान्तको जोड वा उपयोग स्थल विश्वविद्यालय हो । त्यसैले यो ज्ञान, सीप, स्वभाव र सामर्थ्य विकासको संगमस्थल हो । यहाँ भन्दा बढी विश्वविद्यालयको काम पनि हुँदैन ।




विश्वविद्यालयबाट दीक्षित हुनुको अर्थ डिग्रीको प्रमाणपत्र लिनु कदापी होइन । नागरिक जीवनको पूर्णत्व दिनु हो । स्वाभिमानी बनाउनु हो, सीप र प्रवीणताले सिर्जनामुखी बनाउनु हो । सबैभन्दा ठुलो कुरा विश्वविद्यालयले व्यक्तिको आत्मविश्वास र आफ्नो सामर्थ्यबोध गराउँछ, ता कि व्यक्तिगत, सामाजिक र राष्ट्रिय जीवनमा मूल्यवान् छ भन्ने बोध गर्न सकोस् ।

विश्वविद्यालयले विद्यार्थीहरुलाई भविष्यको आशा र उत्साह जगाउने काम गर्छ । त्यो आशा र उत्साहमा पुग्न सीप र सामर्थ्य दिन्छ भने सामाजिक जीवनमा उचित व्यवहार गर्ने स्वभाव पनि दिन्छ । सबैभन्दा ठुलो कुरा विश्वविद्यालयले व्यक्तिको आत्मविश्वास र आफ्नो सामर्थ्यबोध गराउँछ, ता कि व्यक्तिगत, सामाजिक र राष्ट्रिय जीवनमा मूल्यवान् छ भन्ने बोध गर्न सकोस् ।

शिक्षाले सबै प्रकारको पराधिनता र दासत्वबाट मुक्ति दिलाउन सक्नुपर्छ, अधिकार, कर्तव्य र यी दुवै कुराको नागरिक जीवनमा अभ्यास गर्ने सीप दिन सक्नुपर्छ । स्वाभिमान र सशक्तिकरण शिक्षाको साध्य हो । भन्ने गरिन्छ, सयौं मानिसको भीडमा एकजना हार्वर्ड, प्रिन्स्टन जस्ता ख्यातिप्राप्त विश्वविद्यालयबाट दीक्षित कुनै व्यक्ति छ भने उसको चेहराको चहकले नै उसलाई पहिचान गर्न सकिन्छ ।

यसो भन्नुको मतलब त्यो चहक वा शक्ति भनेको ज्ञानको सामर्थ्य हो । त्यो सामर्थ्य स्टानफोर्डले ल्यारी पेज र सर्जी ब्रिनहरुलाई दियो, हार्वर्डले मार्क जुकरबर्ग, अल गोर र बिल गेट्सहरुलाई दियो, प्रिन्स्टनले जेफ विजोस र विड्रो विल्सनहरुलाई दियो । विश्वविद्यालयहरुले त्यो सामर्थ्य र ज्ञान दिन नसक्दा कति वैज्ञानिक, विचारक र राजनेताहरु त्यत्तिकै हराएका होलान् । हामीमध्ये कतिले विश्वविद्यालयमा पढ्दा-पढ्दै पनि त्यो अवसर पाउन सकेनौं । जे जति सिक्यौ आफ्नै अथक परिश्रमले सिक्यौ । यसतर्फ कहिल्यै सोचियो र ?

विश्वविद्यालयबाट दीक्षित हुनुको अर्थ डिग्रीको प्रमाणपत्र लिनु कदापी होइन । नागरिक जीवनको पूर्णत्व दिनु हो । स्वाभिमानी बनाउनु हो, सीप र प्रवीणताले सज्जित बनाउनु हो ।

विश्वविद्यालयबाट दीक्षित हुनुको अर्थ डिग्रीको प्रमाणपत्र लिनु कदापी होइन । नागरिक जीवनको पूर्णत्व दिनु हो । स्वाभिमानी बनाउनु हो, सीप र प्रवीणताले सज्जित बनाउनु हो । त्यस्ता व्यक्तिहरु नै जीवनमा आशा देख्छन्, समाजमा सपना देख्छन् र ती आशा सापना पूरा गर्न सिर्जना गर्छन् । प्लेटो, एरिस्टोटल वा चाणक्यले भनेको न्याय, सुख र खुसी त्यही सामर्थ्यभित्र देखिन्छ । सामर्थ्यका चेहरा नै चहकयुक्त हुन्छन् । विश्वविद्यालयका दीक्षितहरु जीवनभरि आशा, उत्साह र उन्मेदमा भाइब्रेटेड हुनुपर्छ । आफैंलाई भार हुने शिक्षा दिइयो भने समय र स्रोतको बर्बादी हो ।

त्यसैले भनिरहन पर्दैन्, आधुनिक विश्वविद्यालय ज्ञान, प्रविधि र विचार उत्पादनका कार्यशाला हुन्, त्यसलाई प्रयोग गर्ने प्रयोगशाला हुन् । व्यक्तिगत स्वतन्त्रतालाई महत्व दिने उदारवादी (जर्मन) ढाँचा होस् वा अनुशासन र नियन्त्रणलाई जोड दिने तुलनात्मक रुपमा अनुदारवादी (फ्रेन्च) ढाँचा नै किन नहोस्, दुबैको साध्य एकै हो, जो माथि उल्लेख गरिएको शिक्षाको उद्देश्य हो । ख्याति कमाएका सबैजसो विश्वविद्यालयहरु अनुसन्धान र कार्यशाला केन्द्रित शैक्षिक विधि अवलम्वन गरिरहेका छन् ।

प्रयोगबाट सीप उत्पादन सिकाइरहेका छन् । यसलाई पूर्णत्व दिन विश्वविद्यालयलाई कक्षा कोठाबाट समुदायसम्म पुऱ्याइरहेका छन् । उदाहरणका लागि जोन हप्किन्स विश्वविद्यालय अनुसन्धानमा आधारित प्रयोगमा छ । एक्काइसौं शताब्दीमा नवउदारवादी कार्यखोजका साथ कर्पोरेट विश्वविद्यालय विकास भइरहको छ । विश्वविद्यालयलाई कक्षा कोठाबाट समुदाय र कार्यस्थलमा पुर्याइदैं छ, ता कि यस शताब्दीले सामना गर्नुपरेका वैचारिक, प्राविधिक र आर्थिक चुनौतीलाई प्राज्ञिक प्रयोगबाट समाधान खोज्न सकियोस्, विश्वविद्यालयका उत्पादन पूर्ण मानिस बन्न सकून् ।

के हाम्रा राजर्षी जनक विश्वविद्यालयले यसतर्फ विचरणसम्म गरेका छन् ? वा भविष्यका लागि चुनौती सामना गर्ने सीप सामर्थ्य दिने रणनीतिमा छन् ? नभएर त्यसतर्फको यात्रा कसरी तय गर्ने ? यो नै हाम्रा विश्वविद्यालयको प्रस्थानविन्दु बन्नुपर्छ ।

जनकपुरधाममा राजर्षी जनक विश्वविद्यालय स्थापनापछि लामो समयसम्म एकल विश्वविद्यालयका रुपमा रहँदै आएको छ । केही विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका क्रममा छन् भने छुट्टै प्राज्ञिक धार र गभर्नेन्स मोडेलका उच्चशिक्षा प्रदायक विश्वविद्यालय खुल्ने चर्चा पनि समयरसमयमा आउने गरेको छ ।

विशिष्टीकृत उद्देश्यका विश्वविद्यालय आफ्नो विशिष्ट उद्देश्य पूर्तिका मौलिक, प्राविधिक र अनुसन्धात्मक दायित्वबाट विषयान्तर हुनु हुँदैन । यदि त्यसो हो भने विशिष्टीकृत विश्वविद्यालयको औचित्य कत्ति पनि पुष्टि हुँदैन । विश्वविद्यालय स्थापना गर्ने तर प्राज्ञिक कुशलता यो वा त्यो बहानामा देखाउन नसक्ने अवस्था रहिरहेमा पनि त्यो वास्तविक विश्वविद्यालय बन्दैन र स्थापनाको औचित्य पुष्टि हुँदैन, संस्था बन्दैन ।

रुग्ण संस्था बनेका शैक्षिक अनुष्ठानले विद्यार्थीको भविष्य र स्रोत साधनमाथि खेलबाड गर्छ र मुलुकको भविष्य बर्बाद पार्छ । प्राज्ञिक नेतृत्वको सामर्थ्यले नै विश्वविद्यालयलाई ज्ञानस्थल बनाउने सामर्थ्य राख्छ । विश्वविद्यालय प्राज्ञिक संस्था बनेर त्यस विषय क्षेत्रको वैश्विक ज्ञान (युनिर्भसल नलेज) दिन सक्नुपर्छ । अन्यथा आफैं रुग्ण संस्था बनेका शैक्षिक अनुष्ठानले विद्यार्थीको भविष्य र स्रोत साधनमाथि खेलबाड गर्छ र मुलुकको भविष्य बर्बाद पार्छ ।

कुनै प्रतिष्ठित व्यक्तिका नाममा निकाय स्थापना गर्न सजिलो छ, तर स्थापनापछि त्यसले समाज, राष्ट्र र व्यक्तिको अपेक्षा पूरा नगरी संस्था रुग्ण बन्ने अवस्था आएमा नामित व्यक्ति र समाजमाथि ठूलो अन्याय हुनपुग्छ । त्यसैले विश्वविद्यालयको आधार राजनीतिक एवम् प्रशासनिक होइन, प्राविधिक र प्राज्ञिक हुनुपर्छ ।

# देश कृषि वैज्ञानिक उत्पादनमा केन्द्रित हुनुपर्छ : प्रधानमन्त्री



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' मङ्गलबार कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर, चितवनमा भएको विश्वविद्यालय सभाको एघारौँ साधारण बैठकलाई सम्बोधन गर्नुहुँदै। *तस्बिर : रासस*

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वविद्यालयहरूले वैज्ञानिक अनुसन्धान र नविनतम प्रविधिको प्रयोगलाई केन्द्रमा राखेर कृषि वैज्ञानिक उत्पादनमा केन्द्रित हुनुपर्ने बताउनुभएको छ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय सभाको ११औँ साधारण बैठकलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले कृषि तथा वन क्षेत्रको विकासमा राष्ट्रका लागि आवश्यक विज्ञ जनशक्ति उत्पादन गरी वैज्ञानिक अनुसन्धान, नवीन प्रविधिको विकास तथा प्रसार कार्यमा लाग्न निर्देशन दिनुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "कृषि तथा वन क्षेत्रको विकासमा राष्ट्रलाई आवश्यक विज्ञ जनशक्ति उत्पादन गरी वैज्ञानिक अनुसन्धान, नवीन प्रविधिको विकास तथा प्रसारकार्यमा सघाउ पुऱ्याउने कार्य विश्वविद्यलायले गर्ने अपेक्षा गरेको छु।"

नेपालमा कृषि, पशु चिकित्सा, मत्स्य विज्ञान, पशु विज्ञान र वन विज्ञान क्षेत्र लगायतका प्राकृतिक स्रोत व्यवस्थापनको विषयमा अध्ययन, अनुसन्धान र प्रविधिको विकास गर्न प्राविधिक विश्वविद्यालयको खाँचो महसुस भएकाले कृषि तथा वन विज्ञान विश्वविद्यालयका रूपमा २०६७ सालमा स्थापना गरिएको हो।

देशकै पहिलो प्राविधिक विश्वविद्यालयको रूपमा स्थापित यस विश्वविद्यालयले एकीकृत रूपमा शिक्षण, अनुसन्धान तथा प्रविधि प्रसारको कार्य गरी देशको कृषि, पशु तथा वन क्षेत्रको समग्र विकासमा ठूलो योगदान पुऱ्याउने प्रधानमन्त्री दाहालको अपेक्षा छ। उहाँले सो विश्वविद्यालयलाई सरकारको सहयोग निरन्तर भइरहने विश्वास दिलाउनुभयो।

विश्वविद्यालयले देशैभरि आंगिक कलेज स्थापना गर्ने लक्ष्यअनुरूप विभिन्न प्रदेशमा आठ कृषि सङ्काय र एउटा वन विज्ञान सङ्कायअन्तर्गतका कलेज तथा दुई कृषि विज्ञान केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइसकेको छ।

आवश्यक शिक्षक, कर्मचारीको व्यवस्थापनका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिसकेकाले आगामी दिनमा थप सहयोग उपलब्ध गराउने प्रधानमन्त्री दाहालको भनाइ छ। विश्वविद्यालयको लक्ष्य, उद्देश्य परिपूर्तिका लागि तयार पारिएको दोस्रो दस वर्षे रणनीतिक योजना कार्यान्वयनको चरणमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले चालु कार्यक्रमको सवलीकरण र गुणस्तरमा विशेष जोड रहने विश्वास व्यक्त गर्दै थप अनुसन्धान केन्द्रको विस्तारमा ध्यान दिन आग्रह गर्नुभयो।

हेटौँडास्थित वन विज्ञान सङ्कायको आफ्नै भवनमा शैक्षिक कार्यक्रम सञ्चालनमा आएको छ। मन्त्रिपरिषद्ले गरेको निर्णयबमोजिम शैक्षिक कार्यक्रमकोप्रभावकारीसञ्चालनका लागि सरकारको तर्फबाट पूर्ण सहयोग रहने प्रधानमन्त्री दहालले विश्वास दिलाउनुभयो। "कृषि र पशुपालनमा आयात प्रतिस्थापन गरी आत्मनिर्भर बन्न नयाँ प्रविधिको विकास र प्रयोग आवश्यक छ। विदेशबाट काठको आयात हुने तर स्वदेशमा उत्पादन जङ्गलबाट उपभोक्तासम्म नपुग्ने हालको अवस्थामा कसरी काठको अधिकतम प्रयोग गर्न सकिन्छ। यस्ता विषयलाई पर्यावरण र दीगो विकाससँग जोड्दै अनुसन्धानको आधारमा विश्वविद्यालयले आवश्यक कार्य गर्नेछ भन्ने कुरामा विश्वस्त छु", प्रधानमन्त्री दाहालले भन्नुभयो।

सीमित स्रोतको बाबजुद पनि विश्वविद्यालयका अनुसन्धानमा सहभागी सबै वैज्ञानिक प्राध्यापकलाई प्रधानमन्त्री दाहालले बधाई दिनुभयो। उहाँले आगामी दिनमा समेत अनुसन्धान कार्यलाई प्राथमिकतामा साथ अघि बढाउन विश्वविद्यालयलाई आग्रह गर्नुभयो।

कृषि र पशुपक्षी विकास रणनीतिको महत्वपूर्ण कार्यक्रममा कृषि शिक्षा तथा प्रसारलाई एकीकृत रूपमा सञ्चालन गर्न ,आधुनिक कृषि र वन प्रविधिलाई विद्यार्थीमार्फत् किसान एवं वन उपभोक्तासमक्ष पुऱ्याउन आग्रह गर्दै प्रधानमन्त्री दाहालले सरकारको तर्फबाट आवश्यक सहयोग रहने उल्लेख गर्नुभयो।

त्रिभुवन विश्वविद्यालयबाट कृषि तथा वन विज्ञान विश्वविद्यालयमा सम्पत्ति हस्तान्तरण र जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यमा सरकारको तर्फबाट आवश्यक सहजीकरण हुने उहाँको भनाइ छ।

महालेखाको प्रतिवेदनमा उल्लेख भएको बेरूजु फछ्यौंट गर्न आगामी दिनमा विश्वविद्यालयले गम्भीरतापूर्वक लिने र आवश्यक पहलसमेत उहाँले निर्देशन दिनुभयो। सो अवसरमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राई र विश्वविद्यालयका पदाधिकारीको उपस्थिति थियो। रासस

## हेलिकोप्टर दुर्घटनाप्रति प्रधानमन्त्रीद्वारा दुःख व्यक्त

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोलुखुम्बुमा भएको मनाङ एयरको हेलिकोप्टर दुर्घटनाप्रति दुःख प्रकट गर्नुभएको छ।

सोलुखुम्बुको सुर्केबाट काठमाडौँका लागि उडेको हेलिकोप्टर लिखुपिके गाउँपालिका-५, लाम्जुरापासको चिहानडाँडामा दुर्घटना भएको हो। प्रधानमन्त्री दाहालले मृतकप्रति श्रद्धासुमन अर्पण गर्नुभएको छ।

हेलिकोप्टर दुर्घटनामा परी पाँच जनाको निधन भएको छ। एक जना बेपत्ता छन्। प्रधानमन्त्री दाहालले दुर्घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारजनमा समवेदना प्रकट गर्नुभएको छ। रासस

## देशको विकास गर्न सबै एकजुट हुनुपर्छ : नेता सिंह

काठमाण्डु । नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहले देशको सेवा र विकासका लागि आम नागरिक एकजुट हुनुपर्ने बताउनुभएको छ।

बिन्धवासिनी आध्यात्मिक सङ्घद्वारा चन्द्रागिरि नगरपालिका-१० मा मंगलबार आयोजित कार्यक्रममा नेता सिंहले भन्नुभयो, "देश र सामाजिक विकासका काममा राजनीति घुसाउनु हुँदैन, राजनिति गर्ने भनेको चुनावको समयमा हो, बाँकी समय विकासका काममा सबै एकजुट हुनुपर्छ।"

नेता सिंहले असल कामको मुल्याङ्कन जनताले गर्ने उल्लेख गर्नुभयो। नेपालमा भनसुनका कारण विकास निर्माणका काम हुने गरेको उल्लेख गर्दै उहाँले आवश्यकताका आधारमा विकास गर्न जरुरी भएको र भनुसुनको हिसाबमा काम गर्ने परिपाटी अन्त्य हुनुपर्ने जिकिर गर्नुभयो।रासस

## बाढीपहिरोबाट हुने धनजनको क्षति न्यूनिकरण गर्न सांसदको माग

काठमाण्डु । राष्ट्रियसभाको मंगलबारको बैठकमा सांसदहरूले बाढीपहिरोबाट हुने जनधनको क्षति न्यूनिकरणका गर्नेदेखि सुर्खेतमा खानेपानी अभावले जनता प्रभावित भएका लगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

मंगलबारको बैठकको शून्य समयमा सांसद गोमादेवी तिमिल्सिनाले देशका विभिन्न ठाउँमा बाढीपहिरोका कारण जनधनको ठूलो क्षति भएको भन्दै मुग्लिन-नारायणगढ सडक खण्डमा पहिरोका कारण जनताले दुःख पाएको भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले यसको स्थायी समाधानका लागि सरकारसँग आग्रह गर्नुभयो।

सांसद तुलप्रसाद विश्वकर्माले जुम्लाको मुकुन्द नेपाली र बसन्ती देवीबीचको प्रेम विवाहलाई लिएर उनका दाजुले मुकुन्दको घरमा आगजनी गरेको, दाङ घोराहीमा दुई विद्यार्थीलाई दलित भन्ने थाहा भएपछि घरबाट निकालिएको र बाँकेमा धनकली सुनारलाई छिमेकी भुवन बुढाले सामान्य विवादमा हातपात गर्ने कामप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद दुर्गा गुरुङले कर्णाली प्रदेशको सुर्खेत उपत्यकाका जनताले पानी खान नपाएकाले जनजीवन कष्टकार बन्दै गएकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै र त्यसमा पानी परियोजना तत्काल अघि बढाउन सरकारसँग आग्रह गर्नुभयो।

सांसद नारायणदत्त मिश्रले समयमै मलको पर्याप्त व्यवस्था नहुँदा किसानहरू प्रभावित भएको र कैलालीमा पानी नपर्दा जनता मर्माहत भएकोप्रति सरकारलाई जानकारी गराउनुभयो।

सांसद नारायणप्रसाद दाहालले असार १५ पछि किसानको धान रोप्ने चटारो हुनुपर्ने अवस्थामा धेरै स्थानमा पानी अभावका कारण धान रोप्न नपाएको उल्लेख गर्दै चितवनका जनताले पनि पानी अभावका कारण धान रोप्न नपाएको बताउनुभयो।

सांसद मदनकुमारी शाहले देश निर्माण गर्नका लागि अर्थतन्त्र बलियो बनाउनुपर्ने र त्यसका लागि सबैको ध्यान दिनुपर्नेमा जोड दिनुभयो। सांसद सुरेशकुमार आलेमगरले राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७८ को जनगणनामा पुनलाई मगरबाट र मालीलाई नेवारबाट लगत बनाएर छुट्टै जाति बनाएकोप्रति गम्भीर ध्यानाकर्षण गराउँदै तत्काल सच्चयाउन माग गर्नुभयो। शून्य समयमा सांसद भुवनबहादुर सुनुवारले निजामतीमा दलितका लागि छुट्याइएको आरक्षणका विषय उठान गर्नुभएको थियो। रासस

## राष्ट्रियसभामा खर्च कटौतीका नौ प्रस्ताव प्रस्तुत

काठमाण्डु । राष्ट्रियसभाको मंगलबारको बैठकमा खर्च कटौतीको नौ प्रस्ताव प्रस्तुत गरिएका छन्। सांसद दिलकुमारी थापा रावल पार्वतीले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि विनियोजित बजेटको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै स्वास्थ्यमा प्रत्येक वर्ष बजेट घट्दै गएको बताउनुभयो। बजेट घट्दै गएकाले खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नु परेको उहाँको भनाइ थियो।

सांसद रामचन्द्र राईले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुँदै जनताको सूचनाको हक स्थापित गर्न सरकार चुकेको बताउनुभयो। काठमाडौँ उपत्यकाको सभ्यताको स्रोत वाग्मतीलाई जीवन्त बनाउन काम गर्न नसकिएको भन्दै उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद भैरवसुन्दर श्रेष्ठले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुँदै जलविद्युत्का सबै आयोजना विदेशमा सुम्पनु आपत्तिजनक रहेको बताउनुभयो।

सांसद बिमला घिमिरेले खानेपानी मन्त्रालयको खर्च कटौती गरी रु एक कायम गरियोस् भनी प्रस्ताव राख्नुभएको थियो। मेलम्ची खानेपानी आयोजनाबाट लेदो पानी आएमा प्रशोधन गर्न नसकिने भन्ने सचिवको भनाइ सुनेर छक्क परेको उहाँले बताउनुभयो। सांसद दीपा गुरुङका तर्फबाट तुलसाकुमारी दाहालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको खर्च कटौतीको प्रस्ताव राख्नुभएको थियो। सहुलियत कर्जा कार्यान्वयन गर्ने कुनै नीति र कार्यक्रम बजेटमा नदेखिएको उहाँले बताउनुभयो। सांसद इन्दु कडरियाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। सांसद भगवती न्यौपानेले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।रासस


## आवश्यकता

**प्रथम पटक सुचना प्रकाशित मितिः १२ जुलाई २०२३ (असार २७, २०८०)**

Save the Children को आर्थिक सहयोगमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN) बर्दिवास, महोत्तरीले महोत्तरी जिल्लाको ५ वटा नगरपालिका/गाउपालिकाहरु (बर्दिबास, गौशाला, भंगहा, औरही र लोहारपटी) मा Sponsorship Program (समुन्नति कार्यक्रम) तथा Child Sensitive Social Protection-CSSP (पहुँच परियोजना)को सम्झौता गरी कार्यक्रम संचालन गर्न गइरहेकोले उक्त परियोजना तथा कार्यक्रमका लागि तपसिल अनुसारको कर्मचारीहरुको आवश्यक्ता भई तत्काल पदपुर्ति गर्नु पर्ने भएकोले माँग भए बमोजिमको योग्यता पुगेका १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेका नेपाली नागरिकहरुका लागि आज मिति २०८०/०३/२७ गते यो दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

(१) **पद** : **Project Coordinator**
**संख्या** :- २ जना (Sponsorship-1 & CSSP-1)
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थानवाट ग्रामिण विकास, सामाजीक, शिक्षा तथा ब्यवस्थापन विषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण गरेको र महिला, वालवालिका, शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, जलवायु परिवर्तनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : पहुँच तथा समुन्नति कार्यक्रमको गुणस्तरीय कार्यान्वयन गर्न समुदाय परिचालनको प्रभावकारी पद्धति अपनाई परियोजनाको साझेदार संस्था Save the Children को प्रदेश कार्यालय बर्दिबासमा स्थित विषय विशेषज्ञहरुसंग समन्वय गरी परियोजनाका निर्दिष्ट कृयाकलापहरु संचालनको सुनिश्चितता गर्ने। आवश्यक योजना तर्जुमा, सोको कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन तयार गरि कार्यकारी निर्देशक संगको समन्वय र सहयोगमा साझेदार संस्थालाई पेस गर्ने। परियोजनाका अन्य कर्मचारीहरु, स्वयंसेवकहरु तथा परियोजना क्षेत्रका सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने। दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(२) **पद** : **Field Officer**
**संख्या** :- ८ जना (2 Education, 1 health, 1 Livelihood, 1Child Protection, 3 अन्य विषय)
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : Education Officer को लागि मान्यता प्राप्त शैक्षिक संस्थानवाट शिक्षा विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको, Health Officer को लागि स्वाश्थ्य विषयमा स्नातक तह, BPH वा सो सरह उतिर्ण गरेको र स्वास्थ्य, पोषण, वाल अधिकार र संरक्षणको क्षेत्रमा काम गरेको, Livelihood Officer को लागि कृषि विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको तथा Child Protection र अन्य विषयको लागि ग्रामिण बिकास, सामाजीक, शिक्षा तथा ब्यबस्थापन विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको हुनुपर्ने छ। हरेक पदका लागि, वालसंरक्षण, शिक्षा, स्वाश्थ्य, जिविकोपार्जन, जलवायु परिवर्तनको क्षेत्रमा कम्तिमा १ वर्ष अनुभव भएको लाई प्राथमिकता दिइने छ।
**प्रमुख जिम्मेवारी** : तोकिएको पहुँच तथा समुन्नती परियोजनाको गुणस्तरीय कार्यान्वयन गर्न समुह परिचालनको प्रभावकारी पद्धति अपनाई परियोजना संयोजक, परियोजनाको साझेदार संस्था Save the Children को प्रदेश कार्यालय बर्दिबासमा स्थीत विषय विशेषज्ञहरुसंग समन्वय गरी परियोजनामा निर्दिष्ट कृयाकलापहरु संचालन गर्ने। आवश्यक योजना तर्जुमा, Budget तयारी, सोको कार्यान्वयन, अनुगमन तथा प्रतिबेदन तयार गर्न परियोजना संयोजकलाई सहयोग गर्ने। परियोजनाका अन्य कर्मचारीहरु, स्वयंसेवकहरुको क्षमता विकासका कृयाकलापहरु गर्ने तथा परियोजना क्षेत्रका सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने। दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(३) **पद** : **Admin & Logistics Officer**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ब्यवस्थापन, समाज शास्त्र, शिक्षा विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको र महिला, वालवालिका, शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, जलवायु परिवर्तनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : परियोजनाको गुणस्तरीय तथा सुचारु रुपमा कार्यान्वयन गर्न दैनिक administrative तथा logistics सामाग्री उपलब्धताको सुनिश्चित गर्ने। परियोजनाको साझेदार संस्था Save the Children को प्रदेश कार्यालय बर्दिबासमा स्थित Supply Chain इकाईसंग समन्वय गरी परियोजनाका निर्दिष्ट कृयाकलापहरु संचालनको लागी आवश्यक सामाग्रीहरुको समयमानै ब्यवस्थापन गर्ने। बजार सर्भेक्षण, दरभाउ संकलन, vendor हरुको listing, आशयपत्र निश्कासन, store ब्यवस्थापन, सामाग्रीहरुको समयमानै फिल्डमा उपलब्धता गराउने। दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(४) **पद** : **Finance Officer**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थानवाट व्यबस्थापन विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको र सम्वन्धित क्षेत्रका विकास साझेदार संस्थाहरुमा कम्तिमा २ वर्ष अनुभव भएको साथै वित्तिय व्यबस्थापनका लागि सफ्टवेयरमा काम गर्ने अनुभव/क्षमता भएको।
**प्रमुख जिम्मेवारी** : वित्तिय नीति नियम, यसका बिधि र व्यवस्थापनमा सुक्ष्म ज्ञान भएको। अनुदान साझेदारको नीति र मार्ग निर्देशीका अनुरसार वित्तिय कारोवारका कागजातहरु दुरुस्त राखी दस्तावेजीकरण गर्न सक्ने क्षमता भएको। परियोजनाका विभिन्न भुक्तानी तथा फछ्र्योट गर्दा अनुदान साझेदार संगको संझौता, देशको स्थानीय कानूनको परिधी भित्र बसि कार्य संपादन गर्न सक्ने। संचय कोष, अवकास कोष, कर, मूल्य अभिबृद्धि कर आदी समयमानै र नियमित रुपम जम्मा भएको सुनिश्चित गर्ने। मासिक कृयाकलाप सम्पन्न (cutoff) मिति अनुरुप आवधिक वित्तिय प्रतिबेदन तयार गरि आवश्यक स्वीकृती समेत लिई तोकिएको म्याद भित्र संबन्धित साझेदार लाई पेश गर्ने। परियोजना साझेदारको प्रदेशस्थित कर्मचारीहरुसंग निकट समन्वयमा रही काम गर्नु पर्ने। दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(५) **पद** : **MEAL (Monitoring, Evaluation, Accountability & Learning) Officer**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन वा मानविकी विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको र सम्वन्धित क्षेत्रका विकास साझेदार संस्थाहरुमा कम्तिमा २ वर्षको अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : परियोजनाका संपुर्ण कृयाकलापहरुलाई सुरु देखि अन्त्य सम्म नै निकट रुपमा हेर्ने। अनुगमन फाराममा कार्य प्रगति सुचकहरुसंग तालमेल भए नभएको हेर्न कृयाकलाप प्रगतिको बिबरणहरु दुरुस्त तयार गर्ने। अनुगमन लाई गहिरो र आलोचनात्मक प्रकृया मार्फत परियोजनाका कृयाकलापहरु परियोजना प्रस्ताव अनुरुप सही मार्गमा अगाडि बढे नबढेको अनुगमन गरी सुनिश्चित गर्ने। परियोजनाको आशातित नतिजाहरु प्रार्पतका लागि आबधिक कृयाकालापहरुबाट परियोजना क्षेत्रमा परेका प्रभाव अध्ययन गरि दस्तावेजीकरण गर्दै जाने। घटना अध्ययन तथा सफलताका कथाहरु संकलन र दस्ताबेज गर्ने। परियोजना साझेदारको प्रदेश स्थित कर्मचारीहरुसंग निकट समन्वयमा रही काम गर्नु पर्ने।दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(६) **पद** : **Sponsorship Program Officer**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ग्रामिण बिकास, समाज शास्त्र, शिक्षा तथा ब्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको र महिला, वालवालिका, शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, जलवायु परिवर्तनको क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : समुन्नति कार्यक्रम अन्तर्गत Sponsorship Operation को गुणस्तरीय कार्यान्वयन गर्न परियोजना संयोजक, Field अधिकृत तथा परियोजनाको साझेदार संस्था Save the Children को प्रदेश कार्यालय बर्दिबासमा स्थित विषय विशेषज्ञहरुसंग समन्वय गरी परियोजनामा निर्दिष्ट कृयाकलापहरु संचालन गर्ने। परियोजना संयोजकको मातहतमा र Sponsorship Program को नीति अनुरुप कृयाकलापहरु संचालन गर्ने र अनुगमन तथा प्रतिवेदन तयार गर्न परियोजना संयोजकलाई सहयोग गर्ने। परियोजना क्षेत्रका सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने। Computer तालिम प्राप्त ब्यक्ति तथा दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(७) **पद** : **Assistant Sponsorship Program Officer**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ग्रामिण बिकास, समाज शास्त्र, शिक्षा तथा ब्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको र महिला, वालवालिका, शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, जलवायु परिवर्तनको क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : समुन्नति कार्यक्रमको गुणस्तरीय कार्यान्वयन गर्न परियोजना संयोजक, Field अधिकृत तथा परियोजनाको साझेदार संस्था Save the Children को प्रदेश कार्यालय बर्दिबासमा स्थित विषय विशेषज्ञहरुसंग समन्वय गरी परियोजनामा निर्दिष्ट कृयाकलापहरु संचालन गर्ने। Sponsorship Program Officer को मातहतमा र Sponsorship Program को नीति अनुरुप कृयाकलापहरु संचालन गर्ने र अनुगमन तथा प्रतिवेदन तयार गर्न Sponsorship Program Officer लाई सहयोग गर्ने। परियोजना क्षेत्रका सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने। दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(८) **पद** : **Field Supervisor**
**संख्या** :- ११ जना (Background & Experience: Education-4, Health-3, Livelihood/Agri.-1, Child Protection/Child Right Governance-3)
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट मानविकी, शिक्षा, स्वास्थ्य, कृषि प्राविधिक तथा सामाजिक विषयमा +2 वा सो सरह उतिर्ण गरेको र सम्वन्धित क्षेत्रका विकास साझेदार संस्थाहरुमा कम्तिमा २ वर्ष अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : परियोजना क्षेत्रका वाल क्लब, वडा बाल संरक्षण समिती, किशोरकिशोरी समुह, अभिभावक, सामुदायिक स्वास्थ्य स्वयंसेविका, ECCD केन्द्रका सहजकर्ता तथा शिक्षकहरु, स्कुल ब्यवस्थापन समितिको क्षमता विकास तथा सुदृढीकरणमा काम गर्ने। वाल सुरक्षा, स्वस्थ्य, शिक्षा र समुदाय परिचालनका समुदाय स्तरीय कार्यक्रमहरु सहजीकरण गर्ने। वाल क्लब, किशोरकिशोरी समुह, आयआर्जन समुहहरुको अनुगमन गरी संपुर्ण कृयाकलापहरुको सुचना र तथ्यांक अध्यावधिक राख्ने। सामुदायिक परिचालक, शिक्षक, स्वयंसेवक, अभिभावक तथा समुहहरुलाई वालअधिकार हननूका विषय र सोको निराकरण गर्नेकुरामा छलफल र सहजीकरण गर्ने। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(९) **पद** : **Overseer / Sub-Engineer (Civil)**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा डिप्लोमा वा इन्जिनियरिंग वा सो सरह उतिर्ण गरेको र सम्बन्धित क्षेत्रका विकास साझेदार संस्थाहरुमा कम्तिमा २ वर्ष अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : परियोजनाका सम्पुर्ण संरचनाहरु निर्माण तथा मर्मत संबन्धि कार्य जस्तै ECCD केन्द्रहरु, शौचालय, स्वास्थ्य तथा खानेपानीका संरचनाहरु लगायत अन्य आवश्यक पुर्वाधारहरुको सर्भे, डिजाइन तथा सो को निर्माण स्थलमा सुपरिवेक्षण गर्नु पर्ने। योजनामा निर्दिष्ट प्राविधिक कृयाकलापहरुलाई परियोजना संयोजकको सहयोग र समन्वयमा निर्दिष्ट समय अनुरुप सही मार्गमा अगाडि बढे नबढेको सुनिश्चित गर्ने। प्राविधिक प्रस्तावना तयार गरी साझेदार संस्थाको प्राविधिक बिशेषज्ञको समन्वय र सुझावमा लागु गर्ने तथा कृयाकलाप सम्पादनको प्रतिवेदन तयार गरि परियोजना संयोजक समक्ष पेश गर्ने। परियोजना साझेदारको प्रदेश स्थित कर्मचारीहरुसंग निकट समन्वयमा रही काम गर्नु पर्ने। दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(१०) **पद** : **Admin Logistic Assistant**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ब्यवस्थापन, समाज शास्त्र, शिक्षा विषयमा +2 वा सो सरह उतिर्ण गरेको र महिला, वालवालिका, शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, जलवायु परिवर्तनको क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : परियोजनाको कार्यान्वयन गर्न दैनिक administrative तथा logistics सामाग्री उपलब्धताको सुनिश्चित गर्न Admin logistic officer लाई समन्वय र सहयोग गर्ने। परियोजनामा निर्दिष्ट कृयाकलापहरु संचालनको लागी आवश्यक सामाग्रीहरुको समयमानै ब्यवस्थापन गर्ने। बजार सर्भेक्षण, दरभाउ संकलन, vendor हरुको listing, आशयपत्र निश्काषन, store ब्यवस्थापन, सामाग्रीहरुको समयमानै फिल्डमा उपलब्धता गराउन अधिकृतलाई आवश्यक सहयोग गर्ने। अधिकृतको समन्वय र सुझावमा अन्य बिस्तृत जिम्मेवारीहरु तोकिए अनुसार हुनेछन्।

(११) **पद** : **Finance Assistant**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यबस्थापन विषयमा +2 वा सो सरह उतिर्ण गरेको र सम्वन्धित क्षेत्रका विकास साझेदार संस्थाहरुमा कम्तिमा २ वर्ष अनुभव भएको साथै वित्तिय व्यबस्थापनका लागि कम्पयुटर सफ्टवेयरमा काम गर्ने क्षमता भएको।
**प्रमुख जिम्मेवारी** : वित्तिय नीति नियम, यसका बिधि र व्यवस्थापनमा ज्ञान भएको। वित्तिय कारोबारका कागजातहरु दुरुस्त राखी दस्तावेजीकरण गर्न अधिकृतलाई सहयोग गर्ने। परियोजनाका विभिन्न भुक्तानी तथा फछ्र्योट गर्दा परियोजना संझौता, देशको स्थानीय कानूनको परिधी भित्र बसि कार्य संपादन गर्न सक्ने। मासिक कृयाकलाप सम्पन्न (cutoff) मिति अनुरुप आबधिक वित्तिय प्रतिवेदन तयार गरि वित्तिय अधिकृत समक्ष पेश गर्ने। अधिकृतको सुझाव र समन्वयमा कार्य सम्पादन गर्ने अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(१२) **पद** : **MEAL Assistant**
**संख्या** :- १ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थानवाट व्यबस्थापन वा मानविकी विषयमा +2 वा सो सरह उतिर्ण गरेको र सम्वन्धित क्षेत्रका विकास साझेदार संस्थाहरुमा कम्तिमा २ वर्ष अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : परियोजनाका सम्पुर्ण कृयाकलापहरुलाई सुरु देखि अन्त्य सम्म नै निकट रुपमा हेर्ने। अनुगमन फाराममा कार्य प्रगति सुचकहरुसंग तालमेल भए नभएको हेर्न कृयाकलाप प्रगतिको बिबरणहरु दुरुस्त तयार गर्ने। परियोजनाको आशातित नतिजाहरु प्राप्तिका लागि आवधिक कृयाकलापहरुबाट परियोजना क्षेत्रमा परेका प्रभाव अध्ययन गरि दस्तावेजीकरण गर्न अधिकृतलाई सहयोग गर्ने। घटना अध्ययन तथा सफलताका कथाहरु संकलन र दस्तावेजीकरण गर्ने। MEAL अधिकृतको समन्वय र सुझावमा अन्य कार्य बिबरणमा उल्लेख भए अनुसारका जिम्मेवारीहरु सम्पादन गर्ने।

(१३) **पद** : **Sponsorship Program Assistant (SPA)**
**संख्या** :- ४ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ग्रामिण बिकास, सामाजीक, शिक्षा तथा ब्यवस्थापन विषयमा +2 वा सो सरह उतिर्ण गरेको र महिला, वालवालिका, शिक्षा, स्वाश्थ्य, जिविकोपार्जन, जलवायु परिवर्तनको क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको।
**प्रमुख जिम्मेवारी** : समुन्नति कार्यक्रमको गुणस्तरीय कार्यान्वयन गर्न परियोजना संयोजक, Sponsorship अधिकृत, फिल्ड अधिकृत, फिल्ड सुपरभाइजर तथा परियोजनाको साझेदार संस्था Save the Children को प्रदेश कार्यालयस्थित विषय विशेषज्ञहरुसंग समन्वय गरी परियोजनाका निर्दिष्ट सम्पुर्ण कृयाकलापहरु संचालन गर्ने। Sponsorship कार्यक्रम अधिकृतको मातहतमा र Sponsorship को नीति अनुरुप sponsored वालवालिकाहरुलाई अधिकतम फाइदा पुग्ने कृयाकलापहरु संचालन गर्ने र अनुगमन तथा प्रतिवेदन तयार गर्न अधिकृतलाई सहयोग गर्ने। परियोजना क्षेत्रका सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने। दुई पांग्रे सवारी साधनको लाइसेन्स प्राप्त ब्यक्ति। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

(१४) **पद** : **समुदाय परिचालक (Community Mobilizer)**
**संख्या** :- ९ जना
**न्युनतम शैक्षिक योग्यता/अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट सामाजिक वा प्राबिधिक विषयमा १२ कक्षा वा सो सरह उतिर्ण गरेको र सम्बन्धित क्षेत्रमा समुदाय स्तरमा कम्तिमा २ बर्ष अनुभव भएको। सम्बन्धित नगरपालिका तथा गाउंपालिकामा स्थानिय रुपमा स्थायी बसोबास भएकोलाई प्राथमिकता दिइने।
**प्रमुख जिम्मेवारी** : नगरपालिका, गाउंपालिका, वडा तथा वस्ति स्तरिय लक्षीत समुह परिचालन गर्ने, तालिम संचालन गर्ने, लक्षित समुहलाई सशक्तिकरण, नेतृत्व विकास र क्षमता अभिबृद्धिमा सहयोग प्रदान गर्ने। परियोजनाका अन्य कर्मचारी, स्वयंसेवकहरु तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गरि समुदायस्तरमा कार्यक्रमहरु संचालन गर्ने। मासिक प्रगति बिबरण तयार गरि पेश गर्ने, सफलताको कथाहरु तयार गर्ने तथा तोकिएको अन्य सहयोग गर्ने। अन्य बिस्तृत जिम्मेवारीहरु कार्य बिबरणमा उल्लेख भए अनुसार हुनेछन्।

**बुझाउनु पर्ने कागजातहरु** : आफ्नो योग्यता र माग भएको पदकालागी जिम्मेवारी बहन गर्न सक्ने अनुभव सहित बालबालिकाहरुसंग बालमैत्री तरिकाले काम गर्ने प्रतिबद्धता खुलेको निवेदन, वायोडाटा (फोटो समेत), सम्पुर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रतिलिपि र माग भएका पदहरुको लागी मोटरसाईकल सवारी चालक अनुमति पत्रको प्रतिलिपि समेत।

**निवेदन बुझाउने अन्तिम मिति** : बिज्ञापन प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात २०८० साउन १० गते साँझ ५:०० बजे सम्म कार्यालयमा वा इमेल मार्फत दरखास्त बुझाउनु पर्नेछ। संस्थाको ईमेल cdafnmahottari@gmail.com मार्फत पनि पुर्ण कागजात सहितको दरखास्त पठाउन सकिने छ। तोकिएको समय पश्चात वा अधुरो रुपमा प्राप्त हुन आएको निवेदनलाई मान्यता दिईने छैन।

**परिक्षाको किसिम** : लिखित र अन्तरवार्ता

**नोट** : न्युनतम आवश्यक योग्यता पुरा भएका निवेदनहरुको छानबिन पश्चात छोटो सूचीमा (short list) पर्न सफल उम्मेदवारहरुलाई लिखित र अन्तरवार्ताको लागि सूचना गरिने छ। स्थानिय/सम्बन्धित नगरपालिका/गाउँपालिकाका महिला, दलित, मुस्लिम तथा पिछडिएका वर्गलाई विशेष ग्राह्यता दिईने छ। कर्मचारी छनौट समितिको निर्णय अन्तिम हुनेछ।

**सम्पर्क :**

**सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN)**
(कर्मचारी छनौट समिति)
बर्दिबास, महोत्तरी
मोबाईल नं. ९८४४०३००९३, Email: cdafnmahottari@gmail.com

# भारतमा भारी वर्षाका कारण जनजीवन प्रभावित

**बीबीसी**

नयाँदिल्ली । उत्तर र पश्चिम भारतमा विगत केही दिनदेखि परेको भारी वर्षाका कारण यहाँको अवस्था निकै चिन्ताजनक अवस्थामा पुगेको छ ।

केन्द्र सरकारले हिमाचल प्रदेश, उत्तराखण्ड र पञ्जाबमा घड लम्चँ टोलीहरू तैनाथ गरेको छ।

जसमध्ये १५ टोली पञ्जाबमा, १२ टोली उत्तराखण्डमा र ११ टोली हिमाचल प्रदेशमा खटिएका छन्।

दिल्ली र चण्डीगढमा पछिल्लो दुई दिनमा कीर्तिमानी वर्षा भएको छ। दिल्ली र आसपासका क्षेत्रमा विद्यालय बन्द गरिएको छ । भारतको उत्तराखण्डमा भारी वर्षाका कारण कम्तीमा ६ जनाको मृत्यु भएको छ। यहाँका सबै जिल्लामा असार १३ गतेसम्म रेड अलर्ट जारी गरिएको छ।

हिमाचल प्रदेशका धेरै जिल्लामा वर्षाका कारण ठूलो जनधनको क्षति भएको छ । त्यहाँ खोलाको बाढीले पुल र घरहरु बगेका छन् ।

गुजरात, महाराष्ट्र र गोवामा पनि भारी वर्षाको सम्भावना छ। उत्तर भारतका अधिकांश नदीमा बाढीको अवस्था छ ।

दिल्ली, उत्तराखण्ड, हरियाणा, पञ्जाब, हिमाचल प्रदेश, जम्मू कश्मीरमा शनिबार र आइतवार मुसलधारे वर्षा जारी रह्यो भने पश्चिमी राजस्थान र गुजरातबाट पनि भारी र लगातार वर्षा भइरहेको बताइएको छ।

मौसम विभागले यी राज्यहरूमा रेड अलर्ट जारी गरेको छ। धेरै खराब मौसमको संकेत देखिएपछि मौसम विभागले रेड अलर्ट जारी गर्छ। यसले प्रशासनलाई तत्काल सक्रिय हुने सङ्केत दिन्छ। साथै, सुन्तला अलर्ट जारी गर्ने मनसाय प्रशासनलाई तयार रहन संकेत गर्ने हो। र पहँलो अलर्टले प्रशासनलाई सतर्क रहन भन्छ।

तर भारतमा बगेको नदी र लगातारको भारी वर्षाको असर अहिले पाकिस्तानमा पनि देखिएको छ । भारतमा परेको अविरल वर्षाले पाकिस्तानतर्फ पानी छोडेपछि पाकिस्तानको रावी र चेनाब नदीमा बाढीको अवस्था सिर्जना भएको छ। भारतबाट आएको बाढीको लहर अहिले पाकिस्तानको सीमावर्ती गाउँ शकरगढ हुँदै गइरहेको कारण त्यहाँको जनसंख्या र बाली डुबेको छ ।



पाकिस्तानमा प्राकृतिक प्रकोपसँग जुध्ने राष्ट्रिय संस्था एनडीएमएले पाकिस्तान कमिसन इन्डस वाटर ट्रीटीअनुसार भारततर्फबाट रावी नदीबाट करिब १ लाख ८५ हजार क्युसेक पानी छोडिएको जनाएको छ ।

बाढीको तीव्र बहाव नैनान कोट हुँदै करतारपुर जसर पुग्न थालेको छ । एनडीएमएको विज्ञप्तिअनुसार गत वर्ष भारतले १७३ हजार क्युसेक पानी छोडेको थियो भने छोडिएको पानीको झण्डै एक तिहाइ अर्थात् ६० हजार क्युसेक जसर पुगेकाले रवि नदीको नाप्ने विन्दुमा पानीको बहाव रोकिएको थियो । बढेको थियो।

यसअघिको रेकर्डलाई ध्यानमा राखी आगामी २०-२४ घण्टाभित्र करिब ६५ हजार क्युसेक पानी पुग्ने एनडीएमएले जनाएको छ । जसका कारण जसरको सट्टा रवि नदीमा सानो स्तरको बाढी आउने अनुमान गरिएको छ । एनडीएमएको निर्देशनमा संवेदनशील क्षेत्रमा विशेषगरी चिनाब नदीको मराला हेडवर्क र रवी नदीको जसरमा सम्बन्धित प्रशासनले असार २० गतेसम्म अनुगमन जारी राख्नेछ ।

पाकिस्तानको पञ्जाब प्रान्तको प्राकृतिक प्रकोप व्यवस्थापन निकाय पीडीएमएका अनुसार भीषण बाढीमा फसेका करिब ३०० जनाको उद्धार गरिएको छ । अधिकारीहरुका अनुसार यो बाढीको किनारा आगामी ४८ घण्टामा शाहदरा लाहोर पुग्ने छ। रावी र अन्य सहायक नदीमा पनि बाढीको अवस्था छ। रवी नदी र चेनाब नदी छेउछाउका जिल्लाहरुमा प्रशासन सतर्क रहेको छ । बाढीका कारण विभिन्न जिल्लामा राहत शिविर स्थापना गरिएको छ। पिडीएमएका अनुसार हेड मरालास्थित चेनाब नदीमा मध्यम बाढी आएको छ । चिनाब नदीको खानकी स्थानमा पनि सानो स्तरको बाढी आएको छ।

तर रविलगायत अन्य नदीमा पानीको बहाव सामान्य रहेको पीडीएमएले जनाएको छ। उनका अनुसार सबै नदी, ब्यारेज, बाँध, नालामा पानीको बहाव निरन्तर अनुगमन भइरहेको छ। पञ्जाबको हरेक अवस्थाको स्टेट कन्ट्रोल रुमबाट निगरानी भइरहेको छ। पाकिस्तानको पञ्जाब प्रान्तका मुख्यमन्त्री मोहसिन नक्वीले पञ्जाबमा कतै पनि बाढी नआएको बताएका छन् । डेरा गाजीमा आएको बाढीलाई मध्यनजर गर्दै प्रशासनले पूर्ण तयारी गरेको उनले बताए । यससँगै उनले खोलाको बीचमा बस्ती बनाउन नहुने, सरकारी जग्गामा बसोबास गर्ने मानिसलाई पक्कै हटाइने बताए ।

# दशौँ राष्ट्रिय एष्ट्रोनोमी ओलम्पियाडमा सुदीप प्रथम

काठमाण्डु । 'दशौँ राष्ट्रिय एष्ट्रोनोमी ओलम्पियाड, २०२३'मा सिनियरतर्फ गण्डकी बोर्डिङ स्कुल पोखरा कास्कीका सुदीप रोकाया प्रथम भएका छन् ।

नेपालएष्ट्रोनोमिकलसोसाइटीका अध्यक्ष सुरेश भट्टराईका अनुसार जुनियर विधातर्फ क्रिएटिभ एकेडेमी कीर्तिपुर काठमाडौँका स्लेशा शिवाकोटी प्रथम भएका छन् ।

तेस्रो तथा अन्तिम चरण (बन्द शिविर) को नतिजा प्रकाशन गरिएसँगै 'दशौँ राष्ट्रिय एष्ट्रोनोमी ओलम्पियाड २०२३' समापन भएको छ। सातवटै प्रदेशमा सञ्चालन भएको प्रथम तथा दोस्रो चरणबाट छनोट भएका जुनियर र सिनियर विधातर्फ ४२ विद्यार्थीले सहभागिता जनाएका थिए।

यसवर्ष बन्द शिविर भर्चुअलरूपमा असार ८ गतेदेखि १५ गतेसम्म सञ्चालन गरिएको थियो। अन्तिम परीक्षा असार २० गते काठमाडौँको बसुन्धारास्थित साउथवेस्टर्न स्टेट कलेजमा सञ्चालन गरिएको थियो । बन्द शिविरमा विद्यार्थीलाई स्वदेश तथा विदेशमा रहनुहुने नेपाली तथा विदेशी विषय विज्ञमार्फत् खगोल तथा अन्तरिक्षा विज्ञानसम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिएको थियो।

शिविरमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई यसवर्ष सञ्चालन हुने विभिन्न अन्तर ाष्ट्रिय एष्ट्रनोमी ओलम्पियाडमा सहभागिताको अवसर प्रदान गरिने जनाइएको छ। कार्यक्रममा कक्षा ८ देखि कक्षा १० सम्मका विद्यार्थीले जुनियर तथा कक्षा ११-१२ का विद्यार्थीले सिनियर विधामा भाग लिन पाउँछन् । रासस

# प्रधानमन्त्री कप भलिबलमा एपिएफ विजयी

काठमाण्डु। राजधानीमा जारी सातौँ संस्करणको प्रधानमन्त्री महिला तथा पुरुष क्लब लिग भलिबल च्याम्पियनशिपअन्तर्गत महिलातर्फको खेलमा नेपाल एपिएफ क्लब विजयी भएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप)को कर्भडहलमा मंगलबार भएको पहिलो खेलमा एपिएफले एभरेष्ट भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै विजयी भएको हो । एपिएफले खेलको पहिलो सेट २५-९, दोस्रो सेट २५-१२ र खेलको तेस्रो सेट २५-१२ ले आफ्नो पक्षमा पार्‍यो । यस जितसँगै एपिएफ तीन खेलमा आठ अङ्क जोड्दै अङ्क तालिकाको दोस्रो स्थानमा रहेको छ। तीन खेलमा नौ अङ्क जोडेको विभागीय टोली नेपाल पुलिस क्लब अङ्क तालिकाको शीर्ष स्थानमा छ। त्यस्तै दुई खेलमा छ अङ्क जोडेको न्यू डायमन्ड स्पोर्टस क्लब तेस्रो स्थानमा रहेको छ।

एपिएफले पहिलो खेलमा त्रिभुवन आर्मी क्लबलाई पराजित गरेको थियो भने दोस्रो खेलमा गण्डकी प्रदेशलाई पराजित गरेको थियो। एभरेष्टको भने यो लगातार तेस्रो हार हो । प्रतियोगितामा महिलातर्फ छ तथा पुरुषतर्फ सात टोलीको सहभागिता रहेको छ । रासस

# नेपाली महिला फुटबल टोली बङ्गलादेश प्रस्थान

काठमाण्डु । नेपाली राष्ट्रिय महिला फुटबल टोली बङ्गलादेशसँगको दुई मैत्रीपूर्ण खेलका लागि मंगलबार त्यसतर्फ प्रस्थान गरेको छ ।

यही असार २८ र ३१ गते हुने दुई मैत्रीपूर्ण खेलका लागि ३१ सदस्यीय नेपाली टोली मंगलबार बङ्गलादेश प्रस्थान गरेको हो। नेपालले यस मैत्रीपूर्ण खेललाई चीनको होडझाउमा आयोजना हुने एसियाली खेलकुद प्रतियोगिताको तयारीका रूपमा लिएको छ।

सहभागी नेपाली महिला फुटबल टोलीको गोलकिपरमा एन्जिला तुम्बापो सुब्बा, अन्जना राना मगर र उषा नाथ रहेका छन् । त्यस्तै डिफेन्डरमा अमृता जैसी, गीता राना, हिराकुमारी भुजेल, पूजा राना, विमला विक, निशा थोकर, समीक्षा घिमिरे र अञ्जली वाइवा छन् ।

मिडफिल्डरमा रेनुका नगरकोटी, सरु लिम्बू, विमला चौधरी, अनिता बस्नेत, प्रिति राई र दीपा शाही छन् भने फरवार्डमा सावित्रा भण्डारी, अनिता केसी, सविता राना मगर, रश्मीकुमारी घिसिङ, अमिषा कार्की र रेखा पौडेल छन् ।

मुख्य प्रशिक्षकमा अनन्तराज थापा र सहायक प्रशिक्षकमा पारस चौधरी र गोलकिपर प्रशिक्षकमा सुरजकुमार लामा छन् । रासस

# मणिपुर हिंसामा एक सय बयालिस नागरिक मारिए

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको उत्तर पूर्वी राज्य मणिपुरमा विगत दुई महिनामा भएका हिंसामा एक सय ४२ जनाको मृत्यु भएको स्थानीय सरकारले जनाएको छ ।

मणिपुरका मुख्य सचिवले भारतको सर्वोच्च अदालतमा प्रस्तुत गरेको प्रतिवेदनमा हिंसा प्रभावित राज्यमा एक सय ४२ जनाको ज्यान गएको उल्लेख छ। गत मेदेखि राज्यमा आगजनीका पाँच हजार घटना भएका तथा इम्फाल पूर्व र इम्फाल पश्चिमका जिल्लामा सबैभन्दा धेरैले ज्यान गुमाएका उल्लेख गरिएको छ ।

राज्यमा शान्ति सुव्यवस्था कायम गर्न तथा स्थितिलाई नियन्त्रणमा राख्न पाँच हजार नौ सय ९५ फस्ट इन्फर्मेशन रिपोर्ट (एफआईआर) दायर गरिएको र छ हजार सात सय ४५ जनालाई हिरासतमा लिइएको मुख्य सचिवले प्रतिवेदनमा उल्लेख गरेका छन् ।

स्थानीय सरकारले पनि राज्यमा शान्ति कायम गर्न अर्धसैनिक बलका एक सय २४ कम्पनी र भारतीय सेनाको एक सय २४ टोली परिचालन गरिएको जनाइएको छ ।

उत्तरपूर्वी राज्य मणिपुरमा मे ३ तारिखदेखि जारी जातीय दङ्गमा ती हजारभन्दा बढी घाइते भएका छन्भने ६० हजारभन्दा बढी विस्थापित भएका छन् । भीडले तोडफोड र आगजनी गर्ने क्रममा राज्यमा सयौं घर र पसल जलाएका छन् भने राज्यका अधिकांश भागमा निषेधाज्ञा जारी गरिएको छ । इन्टरनेटमा प्रतिबन्ध लगाइएको छ । मणिपुरमा शान्ति पुनःस्थापनाका लागि सङ्घीय सरकारले हालसम्म गरेका प्रयासहरूले अपेक्षित परिणाम ल्याउन सकेको छैन ।

उक्त राज्यमा सोमबार भएको हिंसात्मक झडपमा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । गैरआदिवासी मेइतेई समुदायलाई अनुसूचित जनजातिको दर्जामा समावेश गर्ने निर्णयको विरोधमा हिंसा भड्किएको हो ।

# कङ्गोमा हेलिकप्टर दुर्घटना

**एएफपी**

लुबुम्बाशी । दक्षिणपूर्वी प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा खानी निगमको स्वामित्वमा रहेको हेलिकप्टर दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ ।

हाउतकटाङ्गा प्रान्तको कम्बोवेमा रहेको खानीमा सोमबार खराब मौसमका कारण हेलिकप्टर उडेको केही मिनेटपछि नै दुर्घटनाग्रस्त भएको सुरक्षा सेवाका अधिकारीलाई उद्धृत गर्दै कम्पनीका सुरक्षा गार्ड फ्रान्सिस ल्वाम्बाले एएफपीलाई बताएका छन् ।

दुर्घटनामा फ्रान्सेली पाइलट, एक दक्षिण अफ्रिकी प्रशासक र सुरक्षाको जिम्मेवारीमा रहेका पोल्याण्डका कार्यकारीको मृत्यु भएको छ । बोस माइनिङ नामको कोबाल्ट र तामा फर्मको स्वामित्वमा रहेको हेलिकप्टर छिमेकी लुआलाबा प्रान्तको कोल्वेजीका निम्ति उडेको थियो ।

# आसियान बैठकमा वरिष्ठ चिनियाँ कूटनीतिज्ञ सहभागी हुँदै

**सिन्ह्वा**

बेइजिङ। आगामी बिहीबारदेखि इन्डोनेसियाको राजधानी जाकार्तामा आयोजना हुने दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)का विदेशमन्त्रीहरूको बैठकमा वरिष्ठ चिनियाँ कूटनीतिज्ञले भाग लिने भएका छन् ।

चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) केन्द्रीय समितिको विदेश मामिला आयोगको कार्यालयका निर्देशक वाङ यीले आसियान-चीन विदेश मन्त्रीहरूको बैठक, आसियान 'प्लस थ्री' विदेश मन्त्रीहरूको बैठकमा भाग लिने परराष्ट्र मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले मङ्गलबार घोषणा गरेका छन् ।

बैठकको एउटा मुख्य विषय सदस्य देश म्यान्माको सङ्कट समाधान, त्यस निम्ति त्यहाँको सैन्य सरकारलाई वार्तामा बोलाउने रहेको फ्रान्सेली समाचार समिति एएफपीले जनाएको छ । विद्रोहमा उत्रिएका म्यान्माका नागरिकलाई सैनिक सरकारसँग वार्तामा बस्न कसरी संलग्न गराउने भन्नेमा मत विभाजित रहेको छ।

दुई वर्षअघि निर्वाचित नेत्री आङ सान सुचीको सरकारलाई अपदस्थ गरी सत्तामा आएको सैनिक सरकारप्रति असहमति जनाउनेलाई अमानवीय ढङ्गले दबाएपछि म्यान्मामा घातक हिंसाका घटना बढिरहेका छन् । सदस्य राष्ट्र भइरहेको रक्तपातलाई बेवास्ता गरेकामा आसियानलाई बेकामे सङ्गठनका रुपमा केही पश्चिमा सरकारले आलोचना गर्दै आएका छन् । यो सङ्गठन सङ्कट समाधान गर्ने कूटनीतिक प्रयासमा पनि विभाजित छ ।

# फिलिपिन्समा पर्यटक आगमनमा वृद्धि

**सिन्ह्वा**

मनिला । फिलिपिन्स भ्रमण गर्ने पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। यो वर्षका प्रथम छ महिनामा सबैभन्दा धेरै कोरियाली पर्यटकले फिलिपिन्सको भ्रमण गरेका तथ्याङ्कले देखाएको छ ।

फिलिपिन्सको पर्यटन विभागका अनुसार छ महिनमा कोरियाबाट छ लाख ७३ हजार आठ सय ४१ पर्यटकको आगमन भएको छभने अमेरिकाबाट पाँच लाख १६ हजार तीन सय १८ जना पाहुना आएका छन् ।

अष्ट्रेलियाबाट एक लाख २९ हजार सात सय पाँच जना, जापानबाट एक लाख २८ हजार ८१, क्यानडाबाट एक लाख २४ हजार पाँच सय १० र चीनबाट एक लाख १४ हजार छ सय ६३ जना पर्यटकले फिलिपिन्स भ्रमण गरेका विभागले जनाएको छ ।

# स्कुल बसले कारलाई ठक्कर दिँदा छ जनाको मृत्यु

**एएनआई**

नयाँदिल्ली । विपरीत दिशाबाट तीव्र वेगमा हुइँकिएको स्कुल बसले कारलाई ठक्कर दिँदा छ जनाको मृत्यु भएको छ भने दुई जना गम्भीर घाइते भएका छन् । दुर्घटनामा दुई जना बालबालिकाको ज्यान गएको छ ।

दिल्ली-मीरुत द्रुतमार्गमा आज बिहान भएको उक्त दुर्घटनामा छ जनाको घटनास्थलमा मृत्यु भएको हो । घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। बस चालकको लापरबाहीका कारण दुर्घटना भएको प्रहरीले बताएको छ। निजलाई नियन्त्रणमा लिइएको छ ।

यसैबीच, आन्ध्र प्रदेशको डार्सीस्थित नहरमा यात्रीबाहक बस खस्दा एक जना सात वर्षिय बालकसहित सात जनाको निधन भएको छ । बसमा यात्रारत ४० जनामध्ये १५ जना गम्भीर घाइते भएका छन् । उनीहरूको घटनास्थल नजिक अवस्थित अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनाबारे जानकारी पाउने बित्तिकै प्रहरीको टोली घटनास्थलमा पुगेर उद्धारमा जुटेको थियो । दुर्घटनाको अनुसन्धान थालिएको छ ।

# ज्योति मौर्य मुद्दामा महिलालाई मात्र प्रश्न किन ?

**बीबीसी**

उत्तरप्रदेश । यतिबेला बरेलीकी एसडीएम ज्योति मौर्य र उनका श्रीमान् आलोक मौर्यको मुद्दा सामाजिक सञ्जालमा चर्चामा छ । आलोक मौर्यले सामाजिक सञ्जालमा एसडीएम बनेपछि उनकी श्रीमती ज्योति मौर्यले उनलाई छोडेको आरोप लगाएका थिए । आलोक मौर्यले आफ्नी श्रीमतीसँगको कुराकानीको भिडियो पनि सामाजिक सञ्जालमा पोस्ट गरेका थिए ।

भिडियो सार्वजनिक भएपछि सामाजिक सञ्जालमा मानिसहरुले यस विषयमा विभिन्न धारणा राखिरहेका छन् । यो पूरै विवादमा सामाजिक सञ्जाल दुई भागमा विभाजित भएको देखिन्छ । एक पक्षले यो ज्योति मौर्य र आलोक मौर्यको व्यक्तिगत मामिला भएको र यस विषयमा निर्णय लिने अधिकार मिडिया वा जनतालाई नभएको बताउँछन् ।

अर्को पक्षले यस्तो भिडियो पोष्ट गरेर यो घटनापछि धेरै पतिले आफ्नी श्रीमतीलाई थप अध्ययन गर्न प्रतिबन्ध लगाएको दाबी गरिरहेका छन् । यसै वर्षको जुन महिनामा आलोक मौर्यको केही पत्रकारसँगको कुराकानीको भिडियो भाइरल भएको थियो जसमा उनले ज्योति मौर्यलाई धोका दिएको र रोइरहेको बेला आफ्ना छोराछोरीलाई भेट्न नदिएको आरोप लगाएका थिए ।

आलोक मौर्यले आफू उत्तर प्रदेशको प्रतापगढस्थित पञ्चायती राज विभागमा कक्षा ४ मा कार्यरत रहेको र सन् २०१० मा ज्योतिसँग विवाह भएको बताए । आलोकले विवाहपछि ज्योति मौर्यको पढाइका लागि ऋण पनि लिएको दाबी गरेका छन् । सन् २०१५ मा दम्पतीको



जुम्ल्याहा छोरीहरू थिए। यसपछि ज्योतिले उत्तर प्रदेश लोकसेवा आयोगको परीक्षा पास गरिन् । तर यसपछि यो मामिलामा नयाँ ट्विस्ट आयो र आलोक मौर्यले ज्योति मौर्यलाई आरोप लगाए ।

अनि सुरु भयो आरोप-प्रत्यारोपको शृंखला । ज्योतिले आलोकले आफू ग्राम पञ्चायतमा अफिसर भएको बताएका थिए । तर, बिहेपछि उनी सफाईकर्मीको काम गर्थे ।

**यो घटनाको असर महिलामा परेको छ**

सर्वोच्च अदालतका दुई वकिल सत्यम सिंह र दीक्षा दादुले राष्ट्रिय महिला आयोगलाई खुला पत्र लेखेर यो सम्पूर्ण विवादमा कारबाही गर्न माग गरेका छन् । सत्यम सिंह अन्तर्राष्ट्रिय मानव अधिकार संरक्षण परिषद्को लिगल सेलका महासचिव हुन्।

यो कुरा बाहिर आएपछि धेरै परिवारले बुहारीको पढाइ रोकेको सत्यमको दाबी छ । एनजीओ चलाउँदै आएका सत्यम सिंह भन्छन्, "यो समस्या ज्योति मौर्यमा मात्रै सीमित छैन, यसले केटीहरू वा विवाहित महिलालाई अध्ययन गर्न चाहनेहरूलाई असर गरेको छ। उनीहरूलाई अहिले रोकिएको छ। यसले पितृसत्तात्मक मानसिकतालाई अझ बलियो बनाएको छ।" ।"

सत्यमले पछिल्लो समय महिला शिक्षामा केही परिवर्तन आएको र धेरै परिवारले बुहारीलाई पनि पढ्न उत्प्रेरित गरेको तर यस्ता घटना बाहिर आएमा ती प्रयासहरु फिर्ता हुने बताए ।

**त्यहाँ सार्वजनिक परीक्षण हुनु हुँदैन**

पञ्जाब युनिभर्सिटीको महिला अध्ययन विभागकी डा अमिर सुल्तानाले अर्को पक्षको कुरा गर्छिन् । उनी भन्छिन्, ' भारतीय संविधानमा सबैलाई समानताको अधिकार दिइएको छ, त्यसबाट महिलालाई कसरी वञ्चित गर्न सकिन्छ । डा. सुल्तानाले बीबीसीलाई भनिन्, "भारतमा कति केस होलान् जहाँ महिलाहरू घरको एकमात्र कमाइ हुन् र श्रीमान् र परिवार बसेर खान्छन्, घरेलु हिंसा सहिरहेका छन्, तर सामाजिक सञ्जालमा यस्ता घटनाको चर्चा हुन्छ। "त्यस्तो हुदैन।

"यसमा सामाजिक सञ्जालको ट्रायलको कसैले आलोचना गर्दैन, जबकि यो गोपनीयताको कुरा हो र यस अवस्थामा दुवै पक्षले कानुनी सहारा लिएर लड्न सक्छन्।"

अर्थशास्त्री र दिल्लीको अम्बेडकर विश्वविद्यालयमा लैङ्गिक मुद्दाहरूमा काम गर्ने डा. दीपा सिन्हा भन्छिन् कि यो स्पष्ट रूपमा ज्योति मौर्य र आलोक मौर्यको व्यक्तिगत मामिला हो, जसमा कसैसँग केही भन्न सक्ने अवस्था छैन।

तर सामाजिक सञ्जालमा यो प्रायः देख्न पाइन्छ कि जब कुनै कुरा बाहिर आउँछ, मानिसहरूले त्यहीँ न्याय गर्न थाल्छन्... मानिसहरूले महिलाको छवि र चरित्रमाथि प्रश्न गर्न थाल्छन्। उनी भन्छिन्, "महिला घरमै बस्नु पर्छ, बच्चा र परिवारको हेरचाह गर्नुपर्छ, यी सबै विभेदलाई थप प्रवर्द्धन गरिएको छ, यसले महिलाप्रति समाजको सोच देखाउँछ।"

दीपा सिन्हाले तेलंगानाका विद्यालयहरूमा गरिएको अनुसन्धानको उदाहरण दिन्छिन्। स्कुलको भित्तामा केटाले केटीको नाम लेख्ने गरेमा सबै कुरा इज्जतसँग जोडिएको भन्दै अभिभावकले एकपछि अर्को गर्दै केटीको नाम काट्ने गरेको उनी बताउँछिन् ।

उनी भन्छिन्, "महिला घरमै बस्नु पर्छ, बच्चा र परिवारको हेरचाह गर्नुपर्छ, यी सबै विभेदलाई थप प्रवर्द्धन गरिएको छ, यसले महिलाप्रति समाजको सोच देखाउँछ।" दीपा सिन्हाले तेलंगानाका विद्यालयहरूमा गरिएको अनुसन्धानको उदाहरण दिन्छिन्।

स्कुलको भित्तामा केटाले केटीको नाम लेख्ने गरेमा सबै कुरा इज्जतसँग जोडिएको भन्दै अभिभावकले एकपछि अर्को गर्दै केटीको नाम काट्ने गरेको उनी बताउँछिन् ।

# बजेटले अर्थतन्त्र सुधारको बाटो समातेको छ : अर्थमन्त्री डा महत

सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको विनियोजन विधेयक (बजेट) प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रियसभामा छलफल चलिरहेको छ। सरकारको वित्त नीतिसँग समन्वयात्मक भूमिकामा रहनुपर्ने मौद्रिक नीति सार्वजनिक गर्नका लागि नेपाल राष्ट्र बैंकले अन्तिम तयारी गरिरहेको छ। बजेटले अहिले मुलुकले भोगिरहेका आर्थिक चुनौती समाधान गर्न नसकेको, विनियोजनमा कुशलता नदेखिएको, पहुँचका आधारमा बजेट बाँडिएकोलगायतका आरोप प्रतिपक्ष दलहरूले संसदबाट सरकारमाथि लगाएका छन्। सरकारले भने अहिलेको आर्थिक सङ्कट निवारणका लागि बजेट कोशेढुङ्गा साबित हुने दाबी गरिरहेको छ। बजेटको चुस्त तथा प्रभावकारी कार्यान्वयनबाट छ प्रतशितको आर्थिक वृद्धिदर हासिल गर्ने र दोस्रो चरणको आर्थिक सुधारको थालनी पनि आर्थिक वर्षको बजेट कार्यान्वयनसँगै गर्ने सरकारको भनाइ छ। यसै सन्दर्भमा मुलुकको समग्र आर्थिक स्थिति, बजेट कार्यान्वयनको तयारी तथा चुनौती र आगामी आर्थिक वर्षको मौद्रिक नीतिलगायतका विषयमा अर्थमन्त्री डा प्रकाशशरण महतसँग गरिएको कुराकानीको सम्पादित अंश :

***अहिले समग्र अर्थतन्त्रलाई अनुशासनमा ल्याउन खासगरी खर्च गर्ने पद्धति, कति हाम्रो स्रोत साधन छ त्यसको आधारमा हाम्रा अत्यावश्यकीय प्राथमिकता निर्धारण गरेर बजेट विनियोजन गर्नुपर्छ।***

***हामीले खर्च गर्न नसकेका कारणले दातृ निकायहरूसँग थप सहयोग दिनुहोस् भन्ने आधार रहेन। किनभने हामीले खर्च गर्नै सकेनौं।***

***केही योजनामा बजेटको स–सानो रकम गएको सत्य हो। त्यसलाई यसपालि धेरै रोक्न सकिएन। यसबारे मैले बजेट वक्तव्यमा पनि भनेको छु। कोशिसको बाबजुद हामीले पूरै रोक्न सकेका छैनौं।***

***निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नै हाम्रो नीति हो। बजेटले त्यही किसिमबाट योजना र कार्यक्रम तर्जुमा गरेको छ। सरकारले नियमनकारी, प्रोत्साहनकर्ता र सहजकर्ताको रूपमा काम गर्ने र अर्थतन्त्रमा प्रतिस्पर्धात्मक अवस्था सिर्जना होस भनेर काम गर्ने हो। आन्तरिक उत्पादनलाई संरक्षण गर्ने काम बजेटमार्फत गरिएको छ।***



**प्रश्न** : अहिलेको मुलुकको समग्र अर्थतन्त्रलाई यहाँले कसरी नियाल्नु भएको छ ?

-अर्थतन्त्र सुधार उन्मुख छ। विदेशी मुद्राको सञ्चिति बढेर बाह्य क्षेत्र सन्तुलनमा आएको छ। पर्यटन क्षेत्र लयमा फर्किएको छ। ब्याजदर पनि तल झर्ने सङ्केत देखिएको छ। मौद्रिक नीतिमार्फत् नेपाल राष्ट्र बैंकले पनि केही कदम चाल्छ होला। ब्याजदर घट्नेबित्तिकै बैंक वित्तीय संस्थाबाट ऋण प्रबाह बढ्छ र बजारमा सक्रियता देखिन्छ भन्ने हाम्रो अपेक्षा छ। अर्कोतर्फ, हामीले आगामी आर्थिक वर्षको बजेटमार्फत् पूँजीगत खर्चलाई कसरी प्रभावकारी बनाउने भनेर बुँदागत रुपमै केही व्यवस्था ल्याएका छौं। त्यसलाई हामीले सक्रियतापूर्वक लागू गर्छौं। त्यो भएपछि समयमा ठेक्का लाग्छन् र काम शुरु हुन्छ। आर्थिक वर्षको अन्तिम समयमा मात्रै खर्च गर्ने प्रवृत्तिलाई रोक्ने गरी योजना बनाएका छौं। एकातर्फ पूँजीगत खर्च बढाउँने र अर्कोतर्फ बैंक वित्तीय क्षेत्रबाट ऋण प्रवाह बढेर निजी क्षेत्रले पनि प्रभावकारी रूपमा काम गर्छ भन्नेमा हामी आशावादी छौं। यसो हुन सके अर्थतन्त्रलाई थप चलायमान बनाउन मद्दत गर्छ। आर्थिक गतिविधि बढ्छन्। रोजगारीका अवसर बढ्छन् र राजस्वमा देखिएको शिथिलता कम गर्छ। हामीले बजेटमार्फत् राखेको करको प्रस्तावले अहिले राजस्वका क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्छ। करको दायरामा आउनुपर्ने धेरै व्यवसायहरू नआएर समस्या देखिएको थियो। हामीले विस्तारकारी कर प्रणालीमार्फत् त्यसलाई औपचारिक रूपमा प्रणालीभित्र ल्याउन पहल गरेका छौं। मूल्य अभिवृद्धि कर (भ्याट) मार्फत् पनि राजस्व विस्तार हुन्छ। यसरी समग्रमा अर्थतन्त्र अब सकारात्मक गतिमा अघि बढ्छ भन्ने समग्रमा मलाई लागेको छ। हाम्रो राज्य संरचनाको खर्च गर्ने प्रवृत्तिमा नै सुधार आवश्यक छ। निश्चित लक्ष्य निर्धारण गरेर प्राथमिकताको आधारमा खर्च गर्ने प्रणालीमा समस्या छन्। त्यसले हाम्रो खर्च जहाँ हुनुपर्ने हो त्यहाँ हुन सकेको छैन र कुनै आयोजना तथा कार्यक्रममा खर्च गर्नसक्ने अवस्था रहेपनि बजेट पर्याप्त छैन। अर्कोतर्फ कतिपय आयोजनामा भविष्यमा आम्दानी नै नहुने अवस्थामा पनि पहिले नै स्रोतबिनै दायित्व सिर्जना गरिएका छन्। योजना तथा कार्यक्रमको स्रोत सुनिश्चिततामा आएका समस्यालाई सम्बोधन गर्ने प्रतिवद्धता पनि हामीले गरेका छौं।

**प्रश्न** : आगामी आवको बजेटमा सुधारका धेरै कार्यक्रम छन् र खर्च प्रणालीमा सुधार हुन्छ भन्नुभएको छ। तर यही वर्ष नै हामीले सुधारका कदम चाल्नसक्ने अवस्था थिएन ? वर्षान्तमा धेरै रकम खर्च हुने, रकमान्तर-स्रोतान्तर बढी गर्ने जस्ता आर्थिक अनुशासन पालना नभएको विषय त अहिले पनि आइरहेकै छन् नि।

-धेरै कुराहरू यही वर्ष कार्यान्वयन गर्न कठिन थियो। किनभने म बजेट ल्याउनुभन्दा करिब दुई महिनाअघि मात्रै मन्त्रालयको जिम्मेवारीमा आएको थिएँ। त्यो बेलासम्ममा कतिपय प्रस्ताव अघि बढिसकेका थिए। बजेट व्यवस्था गरिएका आयोजनामा खर्च नभएका तर अर्को शिर्षकमा खर्च हुनसक्ने भएमा रकमान्तर गर्नैपर्ने बाध्यकारी अवस्था पनि थिए। समग्र अर्थतन्त्रलाई सुधार गर्ने समय कम थियो। त्यसकारण हामीले चाहेजस्तो सुधार चालु आर्थिक वर्षमै हुनसक्ने अवस्था रहेन। तर, बजेटमार्फत् अर्को आवमा सुधारको प्रसस्त ठाउँ हामीले बनाएको छौं।

**प्रश्न** : निजी क्षेत्र अर्थतन्त्रको एउटा महत्वपूर्ण खम्बा हो। सरकारले निजी क्षेत्रसँग कसरी सहकार्य र समन्वय गरिरहेको छ ?

-निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नै हाम्रो नीति हो। बजेटले त्यही किसिमबाट योजना र कार्यक्रम तर्जुमा गरेको छ। सरकारले नियमनकारी, प्रोत्साहनकर्ता र सहजकर्ताको रूपमा काम गर्ने र अर्थतन्त्रमा प्रतिस्पर्धात्मक अवस्था सिर्जना होस भनेर काम गर्ने हो। आन्तरिक उत्पादनलाई संरक्षण गर्ने काम बजेटमार्फत गरिएको छ। समग्रमा बजेटका हाम्रा प्रस्तावलाई निजी क्षेत्रले सकारात्मक रूपमा लिएको छ। यद्यपि, केही सुविधा प्राप्त गरिरहेका कतिपय समूह र व्यक्ति बेखुसी हुन सक्छन्। किनकी हाम्रो लक्ष्य कुनै समूह वा व्यक्तिलाई फाइदा-बेफाइदा गर्ने भन्दा पनि समग्र अर्थतन्त्र र उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न सकिन्छ भन्ने हिसाबले आएको छ।

**प्रश्न** : अहिले बजार माग घटेको र उपभोक्ताको क्रयशक्ति घटेका कारण व्यवसायमा पनि त्यसको प्रभाव देखिएको भनेर निजी क्षेत्रले गुनासो गरिरहेको छ। आर्थिक मन्दीको यो समयमा आम नागरिकलाई कस्तो किसिमको राहत दिने गरी बजेट ल्याइएको छ ?

-हामीले कोभिड १९ महामारीका कारण गम्भीर परिस्थिति भोग्यौं। बाह्य क्षेत्र सकारात्मक थिएन। त्यो परिवेशबाट गुज्रँदै गर्दा अहिले अवश्य पनि केही दवाव अर्थतन्त्रमा छ। आमनागरिक पनि त्यसबाट निष्प्रभावी रहेका छैनन्। क्रयशक्ति निकै धेरै घटेको भन्ने पनि होइन। कोभिड महामारीको समयमा एकदमै खुकुलो मौद्रिक नीति ल्याइएकामा पनि एकाएक एकदमै कसिलो बनाउँदा त्यसले वित्तीय क्षेत्रमा केही प्रभाव देखियो। ब्याजदर महँगो हुँदा लगानीको लागत बढ्यो। लगानीको लागत बढी हुँदा समग्र माग कम भएको हो। अर्थतन्त्र नकारात्मक परिस्थतिमा छ भन्ने सन्देश व्याप्त भएका कारण पनि यो अवस्था सिर्जना भएको हो। मान्छेको अपेक्षा भोलि के हुन्छ, अफ्ट्यारोमा पर्न सकिन्छ भनेर खर्च गर्ने हैसियत भएर पनि खर्च नगर्ने अवस्था छ। तर अब मलाई लाग्छ समग्र अर्थतन्त्र सकारात्मक बाटोतर्फ जान्छ।

**प्रश्न** : अर्थतन्त्र सुधारका लागि बजेटमा राम्रा योजना र कार्यक्रमका बाबजुद पनि कार्यान्वयनमा चुनौती छन्। विगतदेखिका हाम्रा भोगाइले पनि कार्यान्वयनमै बढी चुनौती छ भन्छ। आगामी आवको बजेट कार्यान्वयनमा तपाईले कस्ता चुनौती देख्नुभएको छ ?

-चुनौती भनेको समग्रमा हाम्रो राज्य संयन्त्र नै हो। हामी जो जहाँ छौ, मन्त्री, कर्मचारीदेखि जुन जिम्मेवारीमा छौं आफ्नो कामप्रति अत्यन्त गम्भीर र जिम्मेवार हुन जरुरी छ। हामीमा कतिपय अवस्थामा 'ठीकै छ, यस्ता निर्णय हुँदै जान्छन्' भनेर गम्भीरताका साथ नलिने प्रवृत्ति छन्। त्यसकारण हामी जुन जिम्मेवारीमा छौं, त्यो जिम्मेवारीप्रति गम्भीर हुन जरुरी छ। अहिलेको हाम्रो चुनौती भनेको राज्यसँग स्रोत कम छ, खर्च गर्ने क्षमता कम छ। त्यसकारण यो गर्छु, त्यो गर्छु भनेर बढी महत्वाकांक्षी हुनेभन्दा पनि भएका कार्यक्रमलाई कसरी बढी नतिजामुखी बनाउने भन्ने हो। स्रोत उपयोगमा गम्भीर हुन यसले मद्दत गरेको छ। हामीले समग्र संरचनाभित्रका समस्यालाई गम्भीर रूपमा लिएका छौं। बजेटमा भनिएका कुरा भन्नका लागि मात्रै होइनन्, गर्नका लागि हुन्। बजेट कार्यान्वयनका लागि जुन समयतालिका हामीले निर्धारण गरेका छौं, त्यही तालिकाअनुसार काम गर्छौं भनेर विश्वास दिइरहेका छौं। कार्यान्वयनका लागि सबै सरोकारवाला क्षेत्रको सहयोग र समन्वयकारी भूमिका चाहिन्छ। बजेट कार्यान्वयन पक्ष सशक्त हुन्छ, त्यसका आधार तयार पारेका छौं र सरकारका गतिविधि त्यतातर्फ उन्मुख छन्। कर्मचारीतन्त्रलगायत सबै पक्षले यसलाई गम्भीरताका साथ कार्यान्वयनका लागि पहल गरेको अवस्था छ।

***मौद्रिक नीति अहिलेको भन्दा केही खुकुलो चाहिन्छ। यसभन्दा अगाडि सामान्य खुकुलो गरिसकेको पनि छ। तर पर्याप्त छैन। त्यसकारण मैले नेपाल राष्ट्र बैंकको नेतृत्वलाई स्पष्ट ढङ्गले यसलाई खुकुलो बनाउन आवस्यक छ भनेको छु। वित्त नीति र मौद्रिक नीतिले एउटै लयमा काम गऱ्यो भने हामीले राखेको छ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सकिन्छ।***

**प्रश्न** : विनियोजन कुशलताको विषय संसदमा निकै पेचिलोसँग उठाइयो। सङ्घीयतालाई नै कमजोर पार्ने गरी स-साना आयोजनाका लागि पनि केन्द्र सरकारबाट बजेट छुट्याइयो, पहुँचका आधारमा बजेट बाँडियो भन्नेजस्ता गम्भीर प्रश्न संसदमा उठाइएका छन्। यसबारे के भन्नुहुन्छ ?

-केही योजनामा बजेटको स-सानो रकम गएको सत्य हो। त्यसलाई यसपालि धेरै रोक्न सकिएन। यसबारे मैले बजेट वक्तव्यमा पनि भनेको छु। कोशिसको बाबजुद हामीले पूरै रोक्न सकेका छैनौं। म यो स्वीकार्छु। बजेट वक्तव्यमा हाम्रो के समस्या छ र समाधान गर्नलाई के गर्नुपर्छ भनेर खुलस्त रूपमा आएको छ। किनभने समस्या लुकाएर हामी समाधानको बाटो खोज्न सक्दैनौं। ती कुराहरूलाई दुरुस्त ढङ्गबाट संसदमा राखेका छौं। संसदले पनि त्यसलाई गम्भीरताका साथ लिएको छ र कर्मचारीतन्त्रले पनि लिन थालेको छ भन्ने मलाई लागेको छ। केही अवश्य पनि छरिएका छन्। त्यसको संख्या धेरै भए पनि रकम धेरै छैन। प्रभावशाली नेताको निर्वाचन क्षेत्रमा बढी बजेट गयो भनेर जसरी प्रचारबाजी भयो। त्यसमा सत्यता छैन। विदेशी सहायतामा चलेका ठूला आयोजना छन्, ती आयोजना कुनै न कुनै जिल्लामा पर्ने नै भए। तर हाम्रो गाउँमा जाने बाटोका लागि बजेट आएन भन्ने सबैको भावना देखियो। सानो आयोजनामा बजेट दिनका लागि ठूला आयोजनाका लागि बजेट स्रोत कम थियो। मेरोमा नदिएर अन्त चाहीँ दिएको रहेछ कि क्या हो, भन्ने परेको हुनसक्छ। त्यसमा सत्यता छैन। सबैले आफ्नो मात्रै हेरे। आफ्नोमा थोरै देखेपछि अन्त धेरै दिए कि भन्ने लागेको हुनसक्छ। जुन वास्तविकता होइन। अहिले स्रोत नै न्यून छ। विनियोजन नै कम भयो।

**प्रश्न** : आगामी आर्थिक वर्षको बजेटका केही खर्च कटौती र मितव्ययिताका कार्यक्रम पनि राखिएका छन्। केही सरकारी संरचनालाई खारेज गर्ने र केहीलाई अर्को निकायसँग गाभ्ने भनिएको छ। त्यसको कार्यान्वयन कसरी होला ?

- डिल्लीराज खनाल संयोजकत्वको सार्वजनिक खर्च पुनरावलोकन आयोगले दुई सयवटा संरचनाको आवश्यकता छैन भनेर सुझाव दिएको छ। हामीले हतारमा सबै कुराको अध्ययन नगरी त्यो सुझाव सबै लागू गर्नसक्ने अवस्था भएन। त्यसकारण हामीले कम संख्यामा सरकारी संस्था र निकायको खारेजीको प्रस्ताव गऱ्यौं। त्यसमा पनि खासगरी जिल्ला निर्वाचन कार्यालयलाई जिल्ला प्रशासन कार्यालयमा गाभ्ने भन्ने विषयमा धेरै प्रश्न आए। निर्वाचन कार्यालय हटाउन खोजेको होइन, तर जिल्ला प्रशासन कार्यालय रहेको कार्यालयमा नै निर्वाचन कार्यालय पनि राख्न सकिन्छ भन्ने हो। पाँच वर्षमा एकचोटी काम हुने र अरु बेला त्यति प्रयोगमा नहुने भएकाले जिल्ला प्रशासन कार्यालय मातहत राख्दा पनि हुन्छ भन्ने हो। त्यसमा कुनै अर्को नियत वा भावनाले प्रस्ताव गरिएको थिएन। खर्च कटौती हुन सक्दछ भन्ने हिसाबले प्रस्ताव गरिएको हो। तर बेग्लै रूपमा बुझियो। तर त्यसलाई नचलाउनु भनेर हामीले निर्णय गरिसकेका छौं।

**प्रश्न** : बजेटको आकार र त्यस्तो खर्च दायित्व बेहोर्नका लागि सरकारले देखाउने स्रोतमाथि पनि प्रश्न उठ्ने गरेका छन्। सरकारी राजस्व सङ्कलन लक्ष्यभन्दा निकै कम छ। ऋण र अनुदान पनि लक्ष्यअनुसार उठ्न सकेको छैन। अर्कोतर्फ सरकारले आन्तरिक ऋण धेरै उठाउँदा निजी क्षेत्रका लागि कर्जा परिचालन गर्नसक्ने धेरै ठाउँ बाँकी रहँदैन। यी समस्यालाई तपाईले कसरी सम्बोधन गर्नुहुन्छ ?

-हामीले खर्च गर्न नसकेका कारणले दातृ निकायहरूसँग थप सहयोग दिनुहोस् भन्ने आधार रहेन। किनभने हामीले खर्च गर्नै सकेनौं। त्यहीकारण खर्च गर्ने पद्दतिमा परिवर्तन गर्ने प्रस्ताव बजेटमा राखेका छौं। साइट क्लियरेन्स नहुने, समयमा ठेक्का नलाग्ने, मुआब्जा, वनका विषयलगायतका अड्चन हटाएर मात्रै काम अगाडि बढाउँदा बजेट खर्च बढाउन मद्दत गर्छ। खर्च गर्ने क्षमता बढाउँदा आउने वर्ष सहयोगका थप प्रतिवद्धता आउनेछन्। त्यसका लागि मुख्य कुरा त हामीले खर्च गर्ने क्षमता बढाउनै पर्छ। आन्तरिक ऋणको कुरा गर्दा चालु आवको तुलनामा आगामी आवका लागि कम ऋण उठाउने प्रस्ताव गरेका छौं। सरकारले जति धेरै आन्तरिक ऋण उठाउँछ, त्यति निजी क्षेत्रलाई जाने ऋण कम हुन्छ भन्ने भएर नै आन्तरिक ऋण कम गरेका छौं। तथापि ऋणको साँवा ब्याजको दायित्व बढिरहेको छ। यो दायित्व अर्को वर्ष झन् बढ्ने देखिन्छ। हामीले लिएका ऋण तिर्दै जाने हो। तिर्ने कुरामा हाम्रो राम्रो रेकर्ड छ। हामीले तिर्नुपर्ने ऋणको किस्ता नतिरेको भन्ने छैन। विकास साझेदारहरूलाई साँवा ब्याज तिर्ने मामलामा विश्वासको वातावरण बनाएका छौं।

**प्रश्न** : अबन्डा (अर्थ विविध) शीर्षकमा धेरै बजेट छुट्याएको भनेर पनि आलोचना भइरहेको छ। यसबारे के भन्नुहुन्छ ?

-विविध शीर्षकमा आवश्यकताको सिद्धान्तअनुसार नै बजेट राखिएको हो। विभिन्न समयमा विभिन्न अवस्था सिर्जना हुन सक्छन्। त्यो बेलामा हामीसँग स्रोत छैन भनेर हामीले चुप लागेर बस्ने भन्ने हुँदैन। त्यसको जहाँ आवश्यक छ। त्यहाँ मात्रै खर्च हुन्छ।

**प्रश्न** : संसदबाट विनियोजन विधेयक समयमा पारित नभएर सरकारलाई खर्च जुटाउन समस्या हुने हो कि भन्ने शङ्का पनि गरिएको छ नि ?

-त्यस्तो अवस्था हुँदैन। बजेट प्रतिनिधि सभाबाट पारित भइसकेको छ। राष्ट्रिय सभामा छलफलका क्रममा छ। त्यो पनि अब टुङ्गो लाग्छ।

**प्रश्न** : सबैको ध्यान बजेटपछि मौद्रिक नीतितर्फ ध्यान केन्द्रित भएको छ। बजेटका लक्ष्य प्राप्त गर्नका लागि कस्तो मौद्रिक नीति ल्याउन आवश्यक छ ?

-मौद्रिक नीति अहिलेको भन्दा केही खुकुलो चाहिन्छ। यसभन्दा अगाडि सामान्य खुकुलो गरिसकेको पनि छ। तर पर्याप्त छैन। त्यसकारण मैले नेपाल राष्ट्र बैंकको नेतृत्वलाई स्पष्ट ढङ्गले यसलाई खुकुलो बनाउन आवस्यक छ भनेको छु। वित्त नीति र मौद्रिक नीतिले एउटै लयमा काम गऱ्यो भने हामीले राखेको छ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सकिन्छ। समग्र अर्थतन्त्रको व्यवस्थापन र आर्थिक वृद्धिदरको लक्ष्य प्राप्त गर्न मौद्रिक नीतिको महत्वपूर्ण भूमिका हुन्छ। कर्जाको ब्याजदर बढी हुँदा पहिले कर्जा लिइरहेकाहरू पनि समस्यामा छन्। नयाँ कर्जा लिन चाहनेहरू पनि रोकिएर बसेको अवस्था छ। ब्याजदर बढी हुँदा अर्थतन्त्रलाई चलायमान गर्न समस्या आएको छ। त्यसकारण मौद्रिक नीतिमार्फत् केही खुकुलो व्यवस्थाहरू ल्याउन आवश्यक छ।

**प्रश्न** : अन्तमा, थप केही भन्नु छ कि ?

-अहिले समग्र अर्थतन्त्रलाई अनुशासनमा ल्याउन खासगरी खर्च गर्ने पद्धति, कति हाम्रो स्रोत साधन छ त्यसको आधारमा हाम्रा अत्यावश्यकीय प्राथमिकता निर्धारण गरेर बजेट विनियोजन गर्नुपर्छ। त्यो नभएर कतिपय अवस्थामा हामी भावनामा बगेरमा यो पनि गर्ने त्यो पनि गर्ने भनेर धेरै ठाउँमा हात हालेको देखिन्छ। कतिपय अवस्थामा धेरै ठूला प्रतिवद्धता हामीले गरेका छौं। तर हामी के बिर्सिएका छौं भने यसको लागि आवश्यक स्रोत कहाँबाट आउँछ र कसरी स्रोत सुनिश्चितता गर्न सकिन्छ भन्ने नहेरे पनि आन्तरिक रूपमा संरचनामा समस्या देखिएका छन्। त्यसमा सुधार गर्न अत्यन्त जरुरी भएको छ। त्यो सुधारको प्रस्ताव बजेटले गरेको छ। यो पनि दिन्छु, त्यो पनि दिन्छु भनेर भोलि दिने नसक्ने अवस्थाबाट सिर्जित जुन असन्तोष छ, त्यो भयानक हुन्छ। त्यसकारण पहिले नै हाम्रो वास्तविक अवस्था के हो र हामीले के गरिरहेका छौ, कसरी अर्थतन्त्रलाई लयमा लैजान सक्छौं भन्ने हिसाबले यो बजेट प्रस्ताव भएको हो। कतिपय अवस्थामा यसलाई गलत किसिमबाट कसैले यो ठाउँमा आएन भनेर नकारात्मक रूपमा लिने प्रवृत्ति छ। तर समग्रतामा भन्नुपर्दा यो बजेटले दोस्रो चरणको आर्थिक सुधारको शुरुवात गरेको छ। यो आवश्यक थियो। यो सुधारलाई अझ घनीभूत बनाएर जानुपर्छ। त्यो हुनसक्यो भने फेरी अर्थतन्त्र लयमा फर्किन्छ। लयमा मात्र होइन, अझ अर्को तहमा पुग्छ। त्यो भयो भने मात्रै देशमा देखिएका जनताका आवश्यकतालाई हामी सम्बोधन गर्न सक्छौं। हाम्रा आवश्यकता धेरै छन्। तर स्रोत कम छ। बजेटमाथिको असन्तोष र आलोचना हाम्रो आवश्यकता र स्रोतको बीचको जुन खाडल छ, त्यसबाट सिर्जित टिप्पणीहरू हुन्।

# आन्दोलनलाई निरन्तरता



**टुडे समाचारदाता**

राजविराज । विभिन्न निर्माण काम गरेवापतको रकम भुक्तानी नपाएपछि सोमबादेखि राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी गरी धर्नामा बसेका उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुले मंगलबार पनि आन्दोलनलाई निरन्तरता दिएका छन् ।

नरपालिकामार्फत भएका सडक, नाला, प्रवेशद्वार, सामुदायिक भवनलगायत विभिन्न योजनाको काम गरेवापत भुक्तानी नपाएपछि उनीहरु आन्दोलनमा उत्रेका छन् ।

उपभोक्ता समितिका अध्यक्ष मध्येका एक विनोद कुमार यादवले दुई दिनदेखि आफूहरु आन्दोलनमा बस्दा पनि नगरपालिकाका पदाधिकारीहरुले कुनै चासो नदेखएको गुनासो गरे ।

आफूहरुले काम गरेवापतको रकम भुक्तानी पाउने पर्ने एक सूत्रीय मागका साथ आन्दोलनमा उत्रिएका उनीहरुले यस्तै वेवास्ता गरिराख्ने हो भने अनसनमा उत्रिनेसमेत चेतावनी दिएका छन् ।

दुई दिनदेखि नगरपालिका कार्यालय बन्द गरी धर्ना दिदा नगरपालिकामा विभिन्न कामले आएका सेवाग्राही भने निराश भइ फर्किने गरेका छन्।

भुक्तानीको अन्तिम समय आइतबार मध्यरातिसम्म भुक्तानी न भएका कारण नगरपालिकामार्फत गरिएका काम मध्ये करीब १० करोड भन्दा बढीको भुक्तानी बाकी रहेको नगरपालिका स्रोतले जनाएको छ ।

# विद्यापति पुरस्कार प्रदान

**टुडे समाचारदाता**

जनकपुरधाम । मैथिली भाषा,साहित्य कला विधामा योगदान दिने पाँचजना स्रष्टालाई नेपाल विद्यापति मैथिली पुरस्कार कोषले मंगलबार पुरस्कृत गरेको छ ।

दुई लाख नगद सम्मानपत्रसहितको भाषा साहित्य पुरस्कार अयोध्यानाथ चौधरीलाई प्रदान गरिएको छ ।

एक लाख नगदसहित नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कार रमेश कुमार यादवलाई प्रदान गरिएको छ ।

यसैगरी, १ लाख रकमको पाण्डुलिपि पुरस्कार महेन्द्र कुमार मिश्रलाई प्रदान गरिएको छ ।

यसैगरी १ लाख धन राशिको कला संस्कृति पुरस्कार गायक डा.आभाष लाभ र अभिनेता वैद्यनाथ पटेललाई प्रदान गरेको छ ।

दुबै जनालाई ५०-५० हजारको दरले रकम प्रदान गरिएको छ । सबै पुरस्कारमा सम्मानपत्र तथा दोसल्ला रहेको छ ।

समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले महाकवि विद्यापति मैथिली साहित्यको क्षेत्रमा गरेको योगदान चीरकाल पर्यन्त स्मरणीय रहने बताए ।

उनले विद्यापतिको रचनाहरूले नेपाल भारत बीचको सम्बन्धलाई मजबुत बनाउनुका साथै तराई मधेश तथा पहाडलाई जोड्ने काम गरेको बताउँदै महाकवि हामी नेपालीका महाकवि पनि रहेको बताए ।



उनले मल्ल कालमा काठमाण्डु उपत्यकामा मैथिली भाषाको सर्वाधिक प्रभाव भएको बताउँदै मल्ल राजाहरूले कैयन लोकप्रिय मैथिलीका नाटकहरूको रचना तथा प्रदर्शन गराउने गरेको बताए ।

उनले विद्यापतिको जन्म तत्कालीन मिथिला क्षेत्रमा भएको बताउँदै अहिले उक्त क्षेत्र भारतमा परे पनि मिथिलाको धेरै क्षेत्र नेपालमा पनि रहेकाले उनी नेपालका महाकवि भएको बताए ।

मन्त्री किरातिले विद्यापतिका कतिपय पाण्डुलिपिहरू अहिले नेपालको राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित रहेको बताए ।

मधेश प्रदेश सरकारका उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सुनिता यादवले विद्यापतिका रचनाहरू अहिले मिथिलामा मान्छेको जन्मदेखि मृत्युसम्म प्रयोग हुने गरेकाले उनी महाकविका साथै जनकवि भएको बताए । उनले मैथिली भाषाको विकासका लागि घर घरमा विद्यापतिको जन्म हुन आवश्यक भएको बताए ।

नेपाल विद्यापति मैथिली पुरस्कार कोषका अध्यक्ष रामबाबु चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा कोषका सदस्य सचिव ध्रुव कुमार मण्डल र सदस्य सुधा कर्णले आ-आफ्नो धारणा राखेका थिए ।

# निर्वाचन गराउन तदर्थ समिति

**टुडे समाचारदाता**

जनकपुरधाम । लामो समयदेखि निर्वाचन गराउन नसक्दा पेट्रोलियम डिलर्स एशोसिएशन जनकपुरधाममा तदर्थ समिति गठन गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले हालको कार्य समितिलाई विघटन गरी सात सदसीय तदर्थ समिति बनाएको छ ।

समितिले २१ दिनभित्र कार्य समितिको निर्वाचन सम्पन्न गराउने छन् ।

यस एशोसिएशनमा ०७४ सालदेखि नयाँ कार्य समिति बनाइएको छैन् । गत चैत २४ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसी विधान संशोधन गरी १५ दिनभित्र विशेष सधारणसभा बोलाइ तदर्थ समिति बारे विधान पारित गरिएको थियो ।

कार्य समितिको अवधि तीन वर्ष भए पनि पटक पटक पत्राचार गर्दासमेत निर्वाचन गराइएको थिएनन् ।

पत्राचारलाई वेवास्ता गरिएपछि तदर्थ समिति गठन गरिएको छ । तदर्थ समितिको संयोजकम रघुना प्रसाद साह, सदस्य ललित साह, पवन कुमार साह, राजु मवैता, लालबाबु साह, संतोष साह र शुभचन्द्र साह रहेका छन् ।

# छपहरमाइको १६ औ गाउँ सभा

**टुडे समाचारदाता**

पर्सा । पर्साको छिपहरमाइ गाउँपालिकाको १६ औ गाउँ सभा सम्पन्न भएको छ ।

छिपहरमाइ गाउँपालिकाले गाउँ सभाबाट आर्थिक वर्ष ०८०/०८१ को बजेट ३३ करोड ७२ लाख ५५ हजार ८ सय रुपैयाँ बराबरको बजेट गाउँपालिकाको उपाध्यक्ष लिलावती देवी कानुका प्रतिनिधि किशोरी साह कानुले प्रस्तुत गरेका थिए ।

०८०/८१ को बजेटमा छिपहरमाइ गाउँपालिकाले बालिका स्वर्ण वीमा, विवाह कन्यादान राशी र सहयोग राशी,स्वच्छ सफा तथा हरित गाउँ लक्ष्यप्राप्तिको लागि वृक्षरोपण कार्यक्रम ल्याएको छ ।

छिपहरमाइ उज्यालो विकास कार्यक्रम अन्तर्गत गाउँ गाउँ टोल टोल टावर लाइट,सोलार,पोल लाइटले उज्यालो बनाउने, सामाजिक सुरक्षा अन्तर्गत गरीब असहायको साथ गाउँपालिका अध्यक्षको हाथ रहने मूल नाराका साथ कार्यक्रम ल्याएको छ ।

वडा नं ४ तुल्सीवर्वामा बर्थिग सेन्टर निर्माण लगायत लाइ अहिलेको बजेटमा विशेष प्राथमिकतामा राखेको छ। साथै शिक्षा



, स्वास्थ्य कृषि ,सिँचाइ, विपद् व्यवस्थापन , युवा रोजगार, भौतिक पूर्वाधार , पर्यटन प्रवर्द्धन , उज्यालो छिपहरमाइलगायतमा जोडदिएको गाउँपालिका अध्यक्ष मनोज कुमार गुप्ताले जनाए ।

अध्यक्ष गुप्ताले नेपालको पहिलो गाउँपालिका छिपहरमाइले बालिका स्वर्ण वीमा लिएर आएको हो, छोरी जन्मिने वितिकै छोरीहरुलाई बोझको रुपमा लिनेगरेको कारण गाउँपालिकाबाट दुई लाखको वमि दिने गरेको ले २० वर्षको उमेरमा शिक्षा र विवाहको समयमा काम लाग्ने बताए ।

गाउँपालिकाको विकासमा स्थानीय जनसमुदाय ,जनप्रतिनिधि र कर्मचारीहरुको सहयोगका कारण विकासले गति लिएकोमा सबै जना लाई धन्यवाद समेत दिए ।

जबसम्म सबैको सहयोग र सहकार्य हुँदैन भने विकासको काममा कमी आउने बताए । गाउँपालिकाको विकास कार्यमा सबै पार्टीहरु संग सहकार्य गरी बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

नेपाल सरकारबाट सर्शत अनुदान अन्तर्गत रु १२ करोड ५५ लाख , वितीय समानीकरण १० करोड ६३ लाख २५ हजार,राजस्व बाडफाँट ७ करोड ५९ लाख ३० लाख ८ सय ,आन्तरिक आय १ करोड १० लाख, समपुरक ७० लाख, विशेष अनुदान १ करोड १५ लाखलगायत ३३ करोड ७२ लाख ५५ लाख ८ सय रुपैया को बजेट पारित गरी प्रस्तुत गरिएको छ ।

गाउँ सभामा स्वास्थ्य संयोजक शम्भु प्रसाद गुप्ता , शिक्षा प्रमुख मुकेश चौरसिया, ईन्जिनियर प्रकास कुमार गुप्ता , लेखापाल संजय पटेल, योजना प्रशांत कुमार गुप्ता , आईटी औफिसर संजिव यादव, कृषी का भुलन प्रसाद, संचारकर्मी ,नेपाल प्रहरी ,सशस्त्र प्रहरीलगायतको सहभागिता रहेको थियो ।

# विद्यालयमा तोडफोड

**टुडे समाचारदाता**

मलंगवा । विद्यालयका प्रधानाध्यापक र एक जना शिक्षकबीचको विवादले उग्ररुप लिँदा सर्लाहीको गोडैतास्थित वेणी भोला नमुना माध्यमिक विद्यालयमा मंगलबार तोडफोड भएको छ ।

परीक्षा शुल्क लिने विषयमा विद्यालयका प्रधानाध्यापक गोडैता १० का रामचन्द्र चौधरी र शिक्षक विष्णु गाउँपालिका ३ बस्ने शुभनारायण चौधरीबीच केही समयदेखि विवाद चल्दै आएको थियो ।

सोहीक्रममा मंगलबार बिहान शिक्षक शुभनारायणलाई कक्षामा पढाइरहेका बेला प्रधानाध्यापक रामचन्द्रले लाठ्ठी प्रहार गरेपछि विद्यालय परिसर केहीबेर तनावग्रस्त बन्यो ।

शिक्षकमाथि कुटपिट भएपछि विद्यार्थीले प्रधानाध्यापकमाथि आक्रमण गर्दा स्थिति असमान्य



बनेको थियो ।

आक्रोशित विद्यार्थीले प्रधानाध्यापक चौधरीको ना ६४ प ७१४५ नम्वरको मोटरसाइकलमा आगजनी गरेका छन् ।

आगजनीबाट मोटरसाइकल पूर्णरुपमा जलेको छ । तोडफोडबाट विद्यालयको कुर्सी, टेबललगायतका सरसामग्रीमा क्षति पुगेको छ ।

सर्लाही प्रहरीका निमित्त प्रमुख प्रहरी नायव उपरीक्षक दीपेन्द्र पञ्जियार थारुले प्रहरी टोली घटनास्थलमा पुगेर विद्यार्थीलाई सम्झाइबुझाइ गरी स्थिति नियन्त्रणमा लिएको बताए । विवाद गर्ने प्रधानाध्यापक र शिक्षकलाई जिल्ला प्रहरी कार्यालय मलङ्गवा ल्याइएको छ ।

गोडैता नगरपालिकाका प्रमुख देवेन्द्र यादवका अनुसार झडप रोक्न भन्दै विद्यालयमा पुगेका गोडैता नगरपालिका-८ का वडाध्यक्ष मिरेन्द्रकिशोर झा अचेत भइ ढलेपछि उनलाई उपचारका लागि प्रादेशिक अस्तताल मलङ्गवा ल्याइएको छ ।

उनले नातेदार नै पर्ने प्रधानाध्यापक र शिक्षक मिलेर यसअघि विद्यार्थीलाई नगरपालिकामा तोडफोड गर्न ल्याउने, मलङ्गवासम्म पुर्‍याएर प्रदर्शन गर्न लगाउनेजस्ता अराजक गतिविधिमा संलग्न गराएको र अहिले दुई जनाबीच विवाद गरी विद्यालयको सम्पत्तिमा क्षति पुर्‍याएको आरोप लगाएका छन् ।

# विद्यार्थीहरु रिहा

**रञ्जन यादव**

कलैया । वीरगञ्जमै परीक्षा केन्द्र हुनुपर्ने माग गर्दै प्रदर्शन गर्दा पक्राउ परेका विद्यार्थीहरु रिहा भएका छन् ।

इलाका प्रहरी कार्यालय सिमराले सिमरा कलेजबाट नियन्त्रणमा लिएका ८ जना विद्यार्थी मंगलबार साँझ रिहा भएका छन् ।

वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसको स्नातक तेस्रो तहको परीक्षा केन्द्र बाराको नेरा मा.वि. सिमरामा परेपछि आन्दोलनरत नेपाल विद्यार्थी संगठन क्याम्पस इकाइका सभापति रमेश यादव, अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष मिरोज अहमद, अनेरास्ववियुका केन्द्रीय सदस्य एवम् पर्सा जिल्ला ईन्चार्ज रेयाज अन्सारी, समाजवादी विद्यार्थी संगठनका सागिर अली, अनेरास्ववियु क्याम्पस इकाइ कमिटीका उपाध्यक्ष अर्मान हास्मी, कमलेश



यादव , विशाल पटेल लगायत आँठ जना रिहा भएका छन् ।

तेस्रो वर्षको परीक्षा ४ सय ९८ जना मध्ये ७६ जनाले मात्र दिएका छन् । ४ सय २४ जना विद्यार्थी परिक्षा दिनबाट बञ्चित भएका छन् ।

विद्यार्थी नेताहरुले अरु जनालाई परीक्षा दिनबाट रोकेको प्रहरीले आरोप लगाएको छ ।

विद्यार्थीहरुलाई परीक्षा दिन नदिएर प्रदर्शन गर्ने सात जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । प्रदर्शनका क्रममा प्रहरीले लाठी चार्ज गर्दै दमन गरेको विद्यार्थीहरुको आरोप छ ।

यसअघि उनीहरुले सिमरा कलेजको परिसरमा नाराबाजी गर्दै प्रदर्शन गरेका थिए । उनीहरुले ' हाम्रो सेन्टर वीरगञ्ज होस्, क्याम्पस प्रमुख राजीनामा दे, विद्यार्थी एकता जिन्दावाद' लगायतका नारा लगाएका थिए । वीरगञ्जबाट सिमराको दुरी करीब १९ किलो मिटर रहेको छ ।

# विद्यालय र विद्यार्थीलाई सम्मान

**टुडे समाचारदाता**

कलैया । जीतपुरसिमरा उपमहानगरपालिकाले आधारभूत तह कक्षा ८ को परीक्षा ०७९ मा उत्कृष्ट नतिजा ल्याउने विद्यालय र विद्यार्थीलाई सम्मान गरेको छ ।

उपमहानगरपालिका स्तरीय परीक्षामा कक्षा ८ मा जीतपुरसिमरा उपमहानगरपालिका भित्र शत प्रतिशत नतिजा ल्याउन सफल भएका मिसन एकेडेमी उचिडिलाई नगद ५ हजारसहित स्टेशनरी सम्मान र प्रमाण पत्रले जीतपुर सिमरा उपमहानगरपालिकाले सम्मान गरेको छ ।

होराइजन स्कूलका विद्यार्थी अमन कुमार यादवले ३.८५ जिपिए ल्याएर उपमहानगरपालिकामा प्रथम स्थान हासिल गरेका छन् ।

उनलाई नगद १२ हजार



,पाथिभरा अंग्रेजी स्कूलकाका विद्यार्थी संदेश घिमिरे ,सेन्ट जोन्स एकेडेमीका रोहित कुमार पटेल र बारा एकेडेमीका निसिका बस्नेतले सम्मान ३.७८ जिपिए ल्याएर दोस्रो स्थान प्राप्त गरेमा जीतपुर सिमरा उपमहानगरपालिकाको नगरप्रमुख राजन पौडेल,उपप्रमुख भोला अधिकारी,शिक्षा शाखा प्रमुख शिवजी प्रसादले संयुक्त रुपमा विद्यार्थीहरुलाई सम्मान गरेका छन् ।

त्यस्तै, सामुदायिक विद्यालयतर्फ नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिमराको इसा थापा मगरले ३.५ जिपिए ल्याएर प्रथम भएकोमा उनलाई नगद ५ हजारसहित उपमहानगरले सम्मान गरेको शिक्षा शाखा अधिकृत हरिश भट्टले जानकारी दिए ।

विक्रम आधारभूत विद्यालय वसन्तपुरका प्रशान्त सहनीले ३.४८ जिपिए ल्याएर दोस्रो स्थान प्राप्त गरेका छन् ।

# एकको मृत्यु

**टुडे समाचारदाता**

गरुडा । पोखरीमा डुबेर रौतहटमा एकजनाको मृत्यु भएको छ ।

जिल्लाको दुर्गा भगवती गाउँपालिका- २ का वीरेन्द्र बैठाको मृत्यु भएको प्रहरीले जनाएको छ।

आइतबार रातिदेखि उनी हराइरहेका थिए । खोजी गर्ने क्रममा सोही गाउँपालिकाको वडा नम्बर ५ मा रहेको पाखेरीमा डुबेर मृत्यु भएको अवस्थामा सोमबार राति ११ बजे शव भेटिएको छ।

घटनाको समबन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रहरी निरीक्षक दिनेश कुँवरले जानकारी दिए।

# बालकको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । ट्रकको ठक्करबाट सप्तरीमा एक बालकको मृत्यु भएको छ ।

मंगलबार ट्रकको ठक्करबाट रुपनी १ का १२ वर्षीय मो रहमानको मृत्यु भएको प्रहरीले जनाएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को १ प १०८४ नम्बरको ट्रकले सोही दिशातर्फ साइकलमा गइरहेका मो रहमानलाई ठक्कर दिएको थियो ।

ट्रकको ठक्करबाट सख्त घाइते भएका उनलाई स्थानीय यूनिक



अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पढाइएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीले ट्रकसहित चालक मोरङको बुढीगंगा गाउँपालिका ३ गोकुवाका रामबहादुर बुढाथोकीलाई नियन्त्रणमा लिएको छ ।

यता बालकको मृत्यु भएपछि चालकलाई कारबाही र पीडितलाई क्षतिपूर्तिको माग गर्दै स्थानीयहरूले पूर्वपश्चिम राजमार्गमा प्रदर्शन गरेका छन् ।


## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२२०२१
email :jtodayad@gmail.com


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८